# नेपाल बार एशोसिएशन (नेबाए)
# Nepal Bar Association (NBA)

२६ औं कार्यसमितिकोतर्फबाट नेबाए महासचिवद्वारा प्रस्तुत

# प्रतिवेदन

२०८२ साल बैशाख, ६ गते, काठमाडौं ।

अधिवक्ता अन्जिता खनाल
महासचिव

**नेपाल बार एशोसिएशनको २०८०/०८१ को वार्षिक साधारका अध्यक्षज्यू,**
**नेपाल बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री गोपाल कृष्ण घिमिरेज्यू**
**कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरु,**
**पूर्व अध्यक्षज्यू तथा पदाधिकारीज्यूहरु,**
**वरिष्ठ अधिवक्ताज्यूहरु,**
**नेपाल कानून व्यवसायी परिषद्का पार्षद्ज्यूहरु,**
**सबै बार एकाईका अध्यक्षज्यूहरु, सचिवज्यूहरु तथा पदाधिकारीज्यूहरु, सदस्यज्यूहरु,**
**केन्द्रीय पार्षद्ज्यूहरु र**
**यस कार्यक्रममा सहभागी हुनु भएका नव निर्वाचित अध्यक्षज्यू, सम्पूर्ण**
**पदाधिकारीज्यू तथा नव निर्वाचित केन्द्रीय कार्यसमितिका सदस्यज्यूहरु**
**तथा सम्पूर्ण कानून व्यवसायीज्यूहरु ।**

सर्वप्रथमत: हामी नेपाल बार एशोसिएशनको स्थापना गर्नुहुने संस्थापक सदस्यज्यूहरु– **वरिष्ठ अधिवक्ता देवनाथप्रसाद बर्माज्यू, अधिवक्ता योगेन्द्रप्रकाश मल्लज्यू, अधिवक्ता पदमराज विष्टज्यू, अभिवक्ता हेरम्वप्रसाद उपाध्यायज्यू, अभिवक्ता इन्द्रबहादुर पाण्डेज्यू, अभिवक्ता पूर्णलाल श्रेष्ठज्यू, अभिवक्ता गंगाप्रसाद तिमिल्सिनाज्यू, अभिवक्ता नारायणप्रसाद श्रेष्ठज्यू, अभिवक्ता मायानाथ उपाध्यायज्यू**लाई स्मरण गर्न चाहन्छौं । साथै नेपाल बार एशोसिएशनको उद्देश्य पुरा गर्न तल्लिन रही शसक्त र अग्रणी सामाजिक संस्थाको रुपमा नेबाएको साख स्थापना गरी हामीलाई हस्तान्तरण गर्नु हुने समस्त ती अग्रजहरुप्रति समेत नमन गर्दछौं । हामीहरुको दृढ अठोट र सहकार्यबाटै नेबाए आज सशक्त संगठनको रुपमा स्थापित भएको छ । पुर्खाको नासो रुपी यस संगठनलाई भावी पुस्ताका लागि अझ एकतावद्ध र सशक्त बनाएर हस्तान्तरण गर्नपर्ने हामी सबैको साझा दायित्व हो । नेबाएको मुख्य उद्देश्य अनुरुप **स्वतन्त्र, सक्षम तथा उत्तरदायी न्यायापालिका, विधिको शासन, लोकतन्त्र र मानव अधिकार**का रक्षाका लागि दृढतापूर्वक आफ्नो काम, कारवाही अगाडी बढाउनु हामी सबैको मुख्य र प्रमुख दायित्व ठानेका छौं । त्यसैगरी कानून व्यवसायमा संलग्न सम्पूर्ण कानून व्यवसायीको क्षमता अभिवृद्धि एवं सुरक्षा गर्नुपर्ने दायित्व यस एशोसिएशनमा रहेको छ ।

न्यायपालिकामा रहेका विकृति, विसंगतिको डटेर विरोध गरी न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि गर्नुपर्ने र नेबाएलाई पनि थप सक्षम र मर्यादित तुल्याउनु पर्ने गहन जिम्मेवारी हामीहरु सबैको काँधमा छ ।

नेपाल बार एशोसिएसनको केन्द्रिय कार्यसमितिको मिति २०७८ साल चैत १९ गते, शनिबारका दिन सम्पन्न निर्वाचन पश्चात मिति २०७९ बैशाख ३ गते पदभार हस्तान्तरण भई वर्तमान कार्यसमितिले आफ्नो कार्यभार सम्हाली आफ्नो कार्यकाल अत्यन्त सभ्य र भव्य रुपमा सम्पन्न गरी पदभार हस्तान्तरण गर्न गईरहेका छौं ।

नेबाए र यसका एकाइहरुसँगको सम्बन्ध सुमधुर रहने गरी एकाई बारका पदाधिकारी तथा नेबाए केन्द्रीय समितिका बीच नियमित सम्पर्क, छलफल बिमर्श गरिदै आएको यहाँहरु सबैमा विदितै छ । सहज, स्वच्छ न्याय सम्पादन गर्ने गराउने कुरामा अग्रसर रही कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दै हाम्रो यस अभियानमा आ–आफ्नो तर्फबाट सल्लाह सुझाव र सहयोग पुऱ्याई दिनु हुन नेबाएका पूर्व अध्यक्ष एवम् पदाधिकारीज्यूहरु, न्यायाधीशज्यूहरु, वरिष्ठ अधिवक्ताज्यूहरु लगायत सम्पूर्ण कानून व्यवसायीज्यूहरु, बार एशोसिएशन र

न्यायपालिकाका कर्मचारीहरु, नेपाल सरकार तथा दातृ निकायहरु, अदालत एवम् सञ्चारकर्मी तथा सरोकारवालाहरु सबैमा हार्दिक आभार व्यक्त गर्दछौं ।

नागरिकको मौलिक हक तथा मानव अधिकार तथा कानूनी राजको खिलाफ राज्यतर्फबाट भएका हरेक घटना तथा क्रियाकलापहरुको नेपाल बार एशोसिएशनले नजिकै रही सिंहाबलोकन गरिरहेको व्यहोरा अवगत गराउँदै राम्रा कार्यको सरह्रना र नराम्रा कार्यको विरोध गर्दै आएको व्यहोरा सर्वविदितै छ ।

नेपाल बार एशोसिएसनको यस २६ औं केन्द्रीय कार्यसमितिको निर्वाचन पश्चात नेपाल बार एशोसिएसनद्वारा सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरु यस अघिका वार्षिक साधारण सभा, केन्द्रीय कार्यकारिणी परिष्द्को बैठकसमक्ष प्रस्तुत गरिसकिएको भएता पनि यहाँहरुको जानकारी तथा अनुमोदनका लागि यस गरिमामय बार्षिक साधारण सभा तथा पदभार हस्तान्तरण कार्यक्रम समक्ष पेश गर्न गईरहका छौं ।

नेपाल बार एशोसिएशनको २६ औं कार्यसमितिको निर्वाचन सफलतापूर्वक सुसम्पन्न गर्नु भएकोमा प्रमुख निर्वाचन अधिकृतज्यू, निर्वाचन अधिकृतज्यूहरु, स्थानीय निर्वाचन समिति, वरिष्ठ अधिवक्ताज्यूहरु,सम्पूर्ण कानून व्यवसायीसाथीहरु, नेबाएका कर्मचारी मित्रहरु तथा सम्पूर्ण महानुभावहरुप्रति हामी हार्दिक कृतज्ञता ज्ञापन गर्दै यस कार्यसमितीलाई आफ्नो अमूल्य मत प्रदान गरी नेबाएको तीन बर्षे जिम्मेवारी प्रदान गर्नु भएकोमा सम्पूर्ण कानून व्यवसायी मित्रहरुमा यस २६ औं कार्यसमितीकोतर्फबाट पुनः हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । साथै यस कार्यसमितीलाई सफलतापूर्वक कार्यभार हस्तान्तरण गर्नु भएकोमा निवर्तमान कार्यसमितिप्रति पनि धन्यवाद ज्ञापन गर्दछौं ।

नेपाल बार एशोसिएशन आफ्नो स्थापनाकालदेखि नै स्वतन्त्र सक्षम र निर्भिक न्यायपालिका, विधिको शासन, मानव अधिकारको रक्षा र न्यायमा सरल, सहज पहुँच, कानून व्यवसायीहरुको हक-हित र सुरक्षाप्रति प्रतिवद्ध रहँदै आएको कुरा सर्वविदितै छ । **स्वतन्त्र, सक्षम र निर्भिक न्यायपालिकाका लागि न्यायाधीश नियुक्ति पनि योग्य, क्षमतावान, सक्षम र असल आचरणको हुनुपर्छ भन्ने कुरामा हामी दृढ छौं ।** यसका लागि न्याय परिषद्को भूमीका महत्वपूर्ण हुन्छ । तर विगत केही वर्षदेखि न्यायाधीश नियुक्ति तथा कारवाहीको विषयमा न्याय परिषद्को भूमीका अपेक्षित हुन नसकेको व्यहोरा कसैबाट छिपेको छैन । न्यायपालिकाको गरिमा र जनआस्था बढाउने कुरामा न्याय परिषद्को पनि अहम् भूमीका रहन्छ । त्यसका लागि न्याय परिषद्बाट हुने नियुक्ति, कारवाही र न्याय प्रशासनका विषयमा यसका सदस्यहरु अत्यन्तै जिम्मेवार रहनु पर्दछ । नेपाल बार एशोसिएशन न्यायपालिकाको जनआस्था बढाउने कार्यमा सदा समर्पित रहनेछ । न्याय परिषद्को व्यवस्था संवैधानिक रुपमा जुन अपेक्षाकासाथ गरिएको थियो, सो अनुकूल काम हुन नसक्दा पटक-पटकका न्यायाधीश नियुक्ति विवादमा परेका छन् । संवैधानिक र कानूनी सिमा बाहिर गई नियुक्ति गर्दा पदीय कर्तव्य र दायित्वको इमान्दारिता पूर्ण परिपालना हुन नसक्दा न्याय परिषद्को काम, कारवाहीहरु यसको स्थापनाको उद्देश्य अनुरुप प्रभावकारी हुन नसकेको हामीलाई महसुस भएको छ । तसर्थ न्याय परिषद् ऐनमा संशोधन गरी न्याय परिषद्का सदस्यहरुलाई थप जिम्मेवार बनाउन पर्ने टड्कारो आवश्यकता देखिएको छ ।

न्यायपालिकाको शुद्धिकरण तथा सुदृढीकरण र तत्कालिन माननीय न्यायाधीश हरिकृष्ण कार्कीज्यू संयोजक रहेको प्रतिवेदन अक्षरस कार्यान्वयनको विषयलाई लिएर यस कार्यसमितिले पदभार ग्रहण गरि लिएदेखि नै निरन्तर न्यायपालिकाको नेतृत्वसँग अन्तर सम्बाद, छलफल गर्नुका साथसाथै सार्वजनिक रुपमा आवाज उठाउँदै आएको अवस्था छ ।

२०८० असोज १ गते नेपाल राजपत्रमा प्रकाशित न्याय परिषद्को सूचनाद्वारा सार्वजनिक न्यायाधीशको रोलक्रम सम्बन्धमा जारी न्याय परिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) का सम्बन्धमा नेपाल बार एशोसिएशनले आफ्नो असहमति जनाउँदै सोलाई अविलम्ब खारेज गर्न सम्बन्धित निकायलाई पटक-पटक ध्यानाकर्षण गराउँदै आएको थियो । नेबाएको मिति २०८० असोज १२ गते सुर्खेतमा सम्पन्न बार्षिक साधारण सभा तथा चितवनमा मिति २०८० मंसिर २५ गते सम्पन्न केन्द्रीय कार्यकारिणी परिषद्को बैठक र काठमाडौंमा

मिति २०८१ जेठ ४, ५ र ६ मा सम्पन्न भएको १६ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलन, २०८१ बाट समेत सो संशोधन गैरसंवैधानिक घोषणा गरी सो निर्णय तथा घोषणालाई कार्यान्वयन गर्ने सन्दर्भमा ध्यानाकर्षण तथा पत्राचार गर्दा न्याय परिषद्ले कुनै सरोकार नदेखाएको र न्यायाधीश नियुक्ति प्रक्रिया पुनः अगाडी बढाउन लागेको कुरा सञ्चार माध्यमबाट जानकारी प्राप्त भएकोले न्याय परिषद् घेराउ कार्यक्रम गर्दै गर्दा न्याय परिषद्बाट नेपाल बार एशोसिएशनको आन्दोलन र यो समस्या समाधानार्थ गठन भएको कार्यदलको प्रतिवेदन समेतको टुंगो नलगाई सर्वोच्च अदालतमा २ जना न्यायाधीश नियुक्ति सिफारिस भएको समेतको विषयलाई लिएर नेबाएका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले प्रमुख अतिथिको हैसियतमा काठमाडौं जिल्ला अदालत बारको दशैं तिहारको अवसरमा आयोजित शुभकामना आदान प्रदान तथा डिजिटल बारको उद्घाटन कार्यक्रममा बोलेको कुरालाई लिएर सर्वोच्च अदालतमा कार्यरत उपरजिष्ट्रार गोविन्दप्रसाद घिमिरेद्वारा प्रस्तुत प्रतिवेदनका आधारमा नेपाल बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेका विरुद्ध मिति २०८१ असोज १४ गतेका दिन दायर भएको अदालतको अवहेलना सम्बन्धी मुद्दा (०८१-AP-०१९३) लाई नेपाल बार एशोसिएशनको तर्फबाट संस्थागत रुपमा सशक्त प्रतिवाद गर्दै म्यादैभित्र उक्त मुद्दाको लिखित जवाफ पेश गरी १०औं हजार कानून व्यवसायीज्यूहरुले बहस परवी गर्नका लागि तयारी भई वकालतनामा पेश भएको जानकारी गराउँदछौं । हालसम्म पनि मुद्दाको टुंगो नलागी सम्मानित सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा रहेको ब्यहोरा अवगत गराउँदछौं ।

## न्यायपालिकाप्रतिको जनआस्था अभिबृद्धि सम्बन्धमा

### नियमित अन्तरक्रिया :-

- न्यायपालिकाको शुद्धिकरण र सुदृढीकरणका लागि पहरेदारको रुपमा रहेको यस एशोसिएशनको २६ औं कार्यसमिति न्याय परिषद्, सर्वोच्च अदालत, महान्यायाधीवक्ताको कार्यालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयसँग समेत नियमित अन्तर सम्बादमा रहेका छ । न्याय परिषद्बाट स्वीकृत न्यायाधीश नियुक्तिको प्रक्रिया सम्बन्धी निर्देशिका, २०७९, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ एवं मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ नं. को निवेदन बमोजिम शुरु अदालतको आदेश बदर गरेको मिसिल माग गरेको विषय, न्यायाधीश बर्खास्ती एवं न्याय परिषद्को भूमिका तथा निर्णय प्रक्रियाको एवम् २०८० असोज १ गतेका दिन प्रथम पटक गरिएको न्याय परियाद् नियमावलीका सम्बन्धमा नेपाल बार एशोसिएशनले क्रान्ति नै गरेको थियो । यसरी संविधानलाई नै संशोधन गर्ने गरी भएको संशोधनका विषयमा आवाज उठाउँदा नेबाएका अध्यक्षज्यूलाई अदालतको मानहानीको मुद्दा समेत सम्मानित सर्वोच्च अदालतमा विचाराधिन रहेको छ, अतः यस सम्बन्धमा सञ्चालित क्रान्ति अझै जारी रहेको छ ।

- न्याय परिषद्को सचिवालयबाट सुरु अदालतबाट भएका आदेश उपर मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदन परी सुनुवाई भई तल्लो अदालतको आदेश बदर गरेको माथिल्लो तहबाट भएका आदेशहरु परिषद्मा मगाईएको र आगामी समयमा हुने आदेश समेत नियमित रुपमा परिषद्को सचिवालयमा पठाउने भनी भएको पत्राचारका सम्बन्धमा यस एशोसिएशनको गम्भीर ध्यानाकर्षण भई न्याय परिषद् समक्ष न्यायका याचनाकर्ता सेवाग्राही नै मर्कामा पर्ने, सो आदेशले न्याय मर्न सक्ने हुँदा स्वतन्त्र, सक्षम, निष्पक्ष, उत्तरदायी र निर्भिक न्यायलयको अवधारणा विपरितको उक्त निर्देशनका सम्बन्धमा सरोकारवाला निकायहरुसँग छलफल गरी पुनरविचार गर्नका लागि मिति २०७९ असार ८ गते र मिति २०७९ साउन १८ मा न्याय परिषद्को लिखित ध्यानाकर्षण गराईएको जानकारी गराउँदछौं ।

## सर्वोच्च अदालतका तत्कालिन प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा. विरुद्धको महाभियोगका सम्बन्धमा :-

- नेपाल बार एशोसिएशन स्वतन्त्र सक्षम, निष्पक्ष तथा उत्तरदायी न्यायपालिका, विधिको शासन, लोकतन्त्र र मानव अधिकारका लागि स्थापनाकालदेखिनै समार्पित हुँदै आएको कानून व्यवसायीहरुको व्यवसायीक संस्था हो । यस एशोसिएशनले राष्ट्र, राष्ट्रियता, सुशासन, विकास र समृद्ध न्यायपालिकाको पक्षपोषण गरी आएको छ । पछिल्लो समय न्यायपालिकामा विद्यमान विकृति, विसंगति र भ्रष्ट्राचारको अन्त्यका लागि देशभरका कानून व्यवसायीहरुको सहभागितामा नेपाल बार एशोसिएशनको अगुवाईमा १०९ दिनसम्म चलेको आन्दोलनको उपज तत्कालिन प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा.का बिरुद्धमा महाअभियोग प्रस्ताव संसदमा दर्ता भई निज निलम्बित अवस्थामा रहेको सम्बन्धमा संसदबाट लामो समयसम्म यस विषयमा प्रक्रिया प्रारम्भ नभएको हुँदा नेबाएले सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाज्यूसमक्ष २०७९ साउन १६ गतेका दिन भेट गरी ध्यानाकर्षण गराएको थियो । विशेष गरी सम्माननीय सभामुख अग्निप्रसाद सापकोटाज्यूसँगको भेटका क्रममा यस एशासिएशनकोतर्फबाट नेपालको संविधानको धारा १०१ (२) बमोजिम संबैधानिक अङ्ग न्यायलयका प्रमुख एवम् सम्मानित सर्वोच्च अदालतका प्रधान न्यायाधीशका बिरुद्धमा महाअभियोग प्रस्ताव पेश गरे पश्चात प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ नं. बमोजिम तोकिएको प्रकृया नअपनाई संविधानको गम्भीर उल्लघंन गरेको, कार्यक्षमताको अभाव रहेको, खराब आचरण रहेको, इमान्दारीपूर्वक पदीय दायित्वको पालना नगरेको र आचारसंहिताको गम्भीर उल्लंघन गरेको अवस्थाको महाअभियोग प्रस्ताव पारित गर्न ढिलाई भएकोले आम जनमानसमा संसय पैदा भई कानूनी राज्य, लोकतन्त्र, असल शासन, मानव अधिकार, स्वतन्त्र, सक्षम, निष्पक्ष र उत्तरदायी न्यायपालिकाको लागि तत्कालिन प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा. बिरुद्धको महाअभियोग प्रस्तावलाई अबिलम्ब कानूनले निर्दिष्ट गरेका प्रकृया अनुशरण गरी निष्कर्षमा पुऱ्याउने सम्बन्धमा ध्यानाकर्षण गराइएको थियो ।

- संघीय संसद, प्रतिनिधि सभा, महाभियोग सिफारिस समिति, संसद भवनबाट सर्वोच्च अदालतका प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा. विरुद्धको महाभियोगका सम्बन्धमा मिति २०७९/०५/०९ का दिन **कागजात विवरण तथा जानकारी** उपलव्ध गराउन अनुरोध भई आएकोमा त्यसका सम्बन्धमा वरिष्ठ अधिवक्ताज्यू, नेबाएका निबर्तमान तथा पूर्व कार्यसमितिका पदाधिकारीज्यू, उपत्यका बार एकाईका पदाधिकारीज्यूहरुसँगको समेत अन्तरक्रिया/छलफलबाट तथ्य प्रमाण सङ्कलन गरी सम्बन्धित निकायको ध्यानाकर्षण गराएको व्यहोरा जानकारी गराउँदै ३४ बुँदे विवरण तथा जानकारी सहित ठोस प्रमाण कागजातरु महाभियोग सिफारिस समिति समक्ष पेश गरिने कार्य भएको थियो ।

- एक इमान्दार, निष्ठावान र सक्षम न्यायिक जनशक्तिबाट मात्र न्यायलय स्वतन्त्र, निष्पक्ष र सक्षम बन्नेमा हामी प्रष्ट छौं । त्यसैले यस कार्यसमितिले आफ्नो कार्यभार सम्हाल्नासाथ न्यायपालिकामा व्याप्त विकृति र विसंगतिका विरुद्धमा सरोकारवालाहरु भेटी आफ्नो धारणा राख्दै आएको थियो । न्याय परिषद्मा प्राप्त उजुरीको आधारमा विकृति विसंगतिमा संलग्न माननीय न्यायाधीशज्यूहरुको कारवाहीका लागि सहयोगी भूमिका निर्वाह गरी केही न्यायाधीशज्यूहरु कारवाहीमा पर्नु भएका र केही अझै अनुसन्धानको दायरामा रहेको अवस्था छ । न्याय परिषद्मा परेको उजुरीमाथीको छानविन, कारवाही प्रक्रियाको टुंगोले न्यायीक शुद्धिकरण अभियानमा गति लिन नसकेको भन्ने हामीलाई लागेको छ ।

- नेपाल सरकार, मन्त्रिपरिषद्ले ६ महिनाभन्दा बढी सर्वोच्च अदालतको कायम मुकायम प्रधान न्यायाधीश भई कार्य सम्पादन गरेका का.मु. प्रधान न्यायाधीशलाई प्रधान न्यायाधीश सो सरहको सेवा सुविधा प्रदान गर्ने भनी गरेको निर्णयको विषयमा यस एशोसिएशनको गम्भीर ध्यानाकर्षण भई त्यस्तो निर्णय शक्ति पृथकीकरण, शक्ति सन्तुलनको सिद्धान्त र स्वतन्त्र न्यायपालिकाको अवधारणा र मान्यता विपरित रहेको भन्दै तत् तत् निकायहरुको ध्यानाकर्षण गराईएको जानकारी गराउँदछौं ।

- मिति २०८० असोज १ गते नेपाल राजपत्रमा प्रकाशित न्याय परिषद्को सूचनाद्वारा सार्वजनिक गरिएको न्यायाधीशको मर्यादाक्रमको सम्बन्धमा जारी भएको न्याय परिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) प्रति नेपाल बार एशोसिएशनको गम्भिर ध्यानाकर्षण भई उक्त संशोधन नेपालको संविधानको धारा १४१(३) प्रतिकूल र पश्चादर्शी भएकोले असहमती जनाउँदै मिति २०८० असोज २ गते सम्माननीय प्रधान न्यायाधीशज्यूलाई ध्यानाकर्षण गराईएको थियो भने नेपाल बार एशोसिएशनको मिति २०८० असोज १२ गते कर्णाली प्रदेशको सुर्खेतमा सम्पन्न वार्षिक साधारण सभाबाट उक्त नियमावलीमा भएको संशोधन अविलम्ब खारेज गर्न न्याय परिषद्सँग माग गर्ने विशेष निर्णय भएको थियो ।

- एशोसिएशनले उक्त संशोधित प्रावधानको सन्दर्भमा पटक–पटक आफ्नो असहमति जनाउँदै खारेज गर्न आग्रह गरी पत्राचार गर्दा समेत तदनुरुपको कार्य हालसम्म नभएकोले थप गम्भिर हुनुपर्ने अवस्था सृजना भई ने.बा.ए.का सल्लाहकार र उपत्यकास्थित बार एकाईहरुको पदाधिकारीसमेतको सल्लाह र परामर्शबाट सो संशोधनले देहाय बमोजिमको परिणाम निम्त्याएको कार्यसमितिको निष्कर्ष रही यस विषयलाई गहन रुपमा लिई अविलम्ब खारेज गर्न समेत माग गरी यसका सम्बन्धमा अझै नियमत छलफल, परामर्शमा रहेका छौं ।

- न्यायपालिकाको सुदृढीकरण गर्ने अहम् जिम्मेवारी बोकेको न्याय परिषद्ले पश्चागामी ढङ्गबाट अप्रत्यासित रुपमा गरेको न्यायाधीशको रोलक्रमको फेरबदलले निश्चित केही व्यक्तिहरुलाई अनुचित ढङ्गबाट फाइदा पुग्ने र सिंगो न्यायकर्मीहरुलाई अपमानित, हतोत्साही र निरास गर्ने काम भएको एवम् स्वतन्त्र न्यायपालिकाको अवधारणा प्रतिकूल भएकोले यो संशोधन नेपाल बार एशोसिएशनलाई किमार्थ स्वीकार्य छैन । तसर्थ, उक्त संशोधित व्यवस्था तत्काल संशोधन गरी फिर्ता लिन र सो संशोधनका आधारमा साविकका न्यायाधीशहरुको मर्यादाको रोलक्रमको प्रावधानमा कुनै कुरा फेरबदल गर्न, गराउनु न्यायिक मूल्य मान्यता र प्रचलनको प्रतिकूल हुने कुरामा नेपाल बार एशोसिएशन दृढ रहेको ब्यहोरा अभिव्यक्त गर्न चाहन्छौं ।

## न्यायाधीश नियुक्ति सम्बन्धमा :–

- सर्वोच्च अदालतमा लामो समयदेखि रित्त रहेको न्यायाधीशको नियुक्तिमा नेबाएको सल्लाह सुझावमा वैज्ञानिक पद्दती अपनाई अविलम्ब नियुक्ति गर्न निरन्तर आवाज उठाउँदै आएका थियौ । तथापी सर्वोच्च अदालतका न्यायाधीश नियुक्त हुँदा कानून व्यवसायीको सम्मानजनक प्रबेश पाउन नसकेको हुँदा आगामी नियुक्तिमा कानून व्यवसायीकोतर्फबाट कम्तिमा ५० प्रतिशत सहभागिता हुनुपर्नेमा हामी सबैको पहल कदमीको जरुरी ठानेका छौं ।

## शान्ति प्रक्रिया सम्बन्धमा :–

- शान्ति प्रक्रियाको समयोचित निरुपण नभई रहेको परिप्रेक्षमा हाल विभिन्न क्षेत्रबाट शान्ति प्रक्रिया एवम् सम्बन्धित विषयहरु र न्यायलयको नियमित क्षेत्राधिकार सम्बन्धमा उठिरहेका प्रतिक्रियाका सम्बन्धमा नेपाल बार एशोसिएशनको ध्यानाकर्षण प्रेश विज्ञप्ती मार्फत धारणा सार्वजनिक गर्दै आईरहेका छौं । संक्रमणकालिन न्यायलाई गिजोली शान्ति प्रक्रियालाई विथोल्ने जो कोहीबाट हुने एवम् गरिने दुष्साहसप्रति यस एशोसिएशन डटेर प्रतिवादन गर्ने र सदैव शान्ति प्रक्रियाको तार्किक निष्कर्षको पक्षमा उभिनुपर्ने परम दायित्व रहेको हामीले ठानेका छौं ।

## अदालतका कर्मचारीबाट सृजना गरिएको अनियमितता :–

- मिति २०८० साल असार १३ गते ललितपुर जिल्ला अदालतमा अदालती काम कारवाहीको सन्दर्भमा सेवा लिने/दिने क्रममा उच्च अदालत बार एशोसिएशन पाटनका सदस्य अधिवक्ता अमिर लामिछाने र ललितपुर जिल्ला अदालतमा कार्यरत नायव सुव्वाले मुद्दामा भएको आदेश हेर्नलाई खर्च (घुस) मागेको विषयमा अधिवक्ता अमिर लामिछानेले ईन्कार गर्दा सृजित परिस्थितीलाई षडयन्त्रपूर्वक अतिरञ्जित रुपमा

उल्टै अधिवक्ता अमिर लामिछानेलाई कृतिम मुद्दा लगाईएको विरोधमा ने.बा.ए.को आव्हानमा देशव्यापी रुपमा मिति २०८० असार १८ गते विरोध कार्यक्रमको आयोजना गरी विरोध गरिएको थियो । उक्त दबाबमूलक विरोध कार्यक्रमको उपज निज अधिवक्ता अमिर लामिछानेलाई साधारण तारेखमा थुनामुक्त हुन सफल रहेको र निज उपर लगाईएको झुठा मुद्दाहरु खारेज भई सकेको व्यहोरा यस सभा समक्ष अवगत गराउन चाहन्छौं ।

**दबाबमूलक कार्यक्रमका नाराहरु देहाय बमोजिम रहेको थियो ।**

- घटनालाई अतिरञ्जित तुल्याउन मुख्य भूमिका निर्वाह गर्ने ललितपुर जिल्ला अदालतका श्रेस्तेदार र निज ना.सु.लाई कारवाही गरी तत्काल अन्य स्थानमा सरुवा गर,
- घटनाको सत्य-तथ्य छानविन समिति तत्काल गठन गर,
- अधिवक्ता अमिर लामिछानेको विरुद्ध दायर सम्पूर्ण मुद्दाहरु अविलम्ब फिर्ता गर,
- अधिवक्ता अमिर लामिछानेकोतर्फबाट दिईएको जाहेरी अविलम्ब दर्ता गर,
- न्यायालयभित्रको भ्रष्ट्राचार, विकृति, विसंगति अन्त्य गरौं,
- स्वतन्त्र न्यायपालिकाको रक्षा गरौं,
- न्यायिक स्वच्छता कायम गर,
- पूर्ण स्वचालित पेशी व्यवस्थापन प्रणाली (Fully Automated System) लागू गर,
- सबै तहका अदालतहरुमा रिक्त रहेका न्यायाधीश यथाशीघ्र नियुक्ति गर ।

## जनआस्था अभिवृद्धि र जनचेतनामूलक कार्यक्रम :-

- नेपाल बार एशोसिएशनको स्वतन्त्र सक्षम तथा उत्तरदायी न्यायपालिका, विधिको शासन, लोकतन्त्र र मानवअधिकार मुख्य उद्देश्यहरु हुन । स्वतन्त्र, सक्षम तथा उत्तरदायि न्यायपालिका र कानून व्यवसायीहरुको हक-हित प्रबर्द्धन तथा व्यावसायीक दक्षता अभिवृद्धिका लागि नेबाए निरन्तर क्रियाशील रहँदै आएको छ । न्यायपालिकाको जनआस्था अभिवृद्धि र मर्यादित बार हामी सबैको साझा सङ्कल्प हो । नेबाएको स्वस्थ र जनोपयोगी कानूनको निर्माण र विकासका लागि समेत सक्रिय सहभागिता रही आएको छ ।

- यसै सर्न्दभमा सबै उपाध्यक्षज्यूहरुले समन्वय गरी रहनु भएको प्रदेशमा प्रदेशस्तरीय के कती कानूनहरु निर्माण भएका छन् ? र त्यस्ता कानूनहरु निर्माण हुँदा प्रदेश सरकारले स्थानीय बार वा कानून व्यवसायीहरुको सहभागिता रहेको छ वा छैन ? भन्ने कुराको जानकारी र सरोकार जनाउँदै बढीभन्दा बढी कानून व्यवसायीहरुको सहभागीता गराउन क्रियाशील गराइएको यस बैठक समक्ष जानकारी गराउँदछौं ।

- यसैगरी न्यायिक समितिहरु तथा स्थानीय जनप्रतिनिधिहरुको काम, कर्तव्य र अधिकारका सम्बन्धमा समेत स्थानीय स्रोत साधनको उच्चतम् उपयोग/प्रयोग गरी जनचेतनामूलक प्रशिक्षण तथा कानूनी शिक्षा मूलक आवश्यक रचनात्मक कार्यक्रमहरु, छलफल वा गोष्ठी र समारोहहरु आयोजना गरी जनआस्था अभिवृद्धि गर्न तल्लिन रही आएको र जनचेतनामूलक कार्यक्रमहरु आयोजना गर्ने व्यवस्था मिलाईएको समेत यस बैठक समक्ष जानकारी गराउँदछौं र सबै प्रकारका स्थानीय निकायको न्यायिक समितिमा कम्तिमा एक जना कानून व्यवसायीलाई कानूनको विज्ञ सल्लाहकारको रुपमा राख्न समेत नेबाएले पहल गरिएको छ ।

## सबै तहका अदालतहरुमा भएको परिपत्रका सम्बन्धमा :-

- मुद्दामा पक्षहरुले पुनरावेदन गर्दाका बखत अनिवार्य रुपमा क्षतिपूर्ति बापत रकम बुझाउनै पर्ने व्यवस्था प्रचलित कानून विपरित तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७, १६५(३) मा क्षतिपूर्ति बापत ३ वर्षसम्म दाबी गर्न पाउने कानूनी व्यवस्था रहेकोमा त्यसको प्रतिकूल हुने गरी पुनरावेदन गर्न पाउने कानूनी अधिकारबाट बञ्चित गराउने परिस्थिति सृजना भएको हुँदा सो व्यवस्थामा पुनरविचार गर्दै परिमार्जन गर्नका लागि २०८० भदौ १२ मा सम्बन्धित पक्षको ध्यानाकर्षण गराईएको ब्यहोरा यस बैठक समक्ष जानकारी गराउँदछौं ।

- यसैगरी सम्मानित सर्वोच्च अदालतबाट सबै उच्च अदालतहरुको लागी भनी मिति २०७९/११/२९ मा जारी पुनरावेदन पत्र र दोहोर्‍याई पाउँ निवेदन सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिमको निवेदकलाइ सुविधा दिने नदिने सम्बन्धमा निर्णय गर्ने अधिकार सम्मानित सर्वोच्च अदालतलाई हुने भन्ने व्यहोराको पत्रबाट फैसला गर्ने अदालत र पुनरावेदन अदालतप्रति विश्वास नभएको, न्यायका उपभोक्ताहरुले अनावश्यक रुपमा झन्झट र आर्थिक कठिनाई ब्यहोर्नुपर्ने, सामान्य कार्यका लागि पनि सम्मानित सर्वोच्च अदालत नै धाउनुपर्ने र मुख ताक्नपर्ने परिस्थिति सृजना भएको हुँदा जेथा जमानि सम्बन्धी कानून बमोजिम पुनरावेदन दर्ता गर्ने अदालतलाई निर्णय गर्ने अख्तियारी रहिरहेको अवस्थामा उक्त पत्रबाट अधिकार कटौति भएको सर्वत्र जनगुनासो रहेको हुँदा कानून बमोजिम शुरु फैसला गर्ने अदालतलाई नै जेथा जमानिको निर्णय गर्ने अधिकार रहने व्यवस्था प्रभावकारी हुने र त्यसले अन्ततः न्यायमा सहज पहुँच हुने हुँदा यस सम्बन्धमा सर्वोच्च अदालत समक्ष ध्यानाकर्षण गराईएको ब्यहोरा यस बैठक समक्ष जानकारी गराउँदछौं ।

# संस्थागत विकासका सम्बन्धमा

**केन्द्रीय कार्यालयको सचिवालय गठन :-**

- नेपाल बार एशोसिएशनको विधान, २०४८ (संशोधन सहित) को परिच्छेद- ७, दफा ३९ बमोजमको केन्द्रीय कार्यालयको सचिवालय गठन गरिएको जानकारी गराउँदछौं । नेबाए केन्द्रीय कार्यसमितिको सचिवालयमा बिधान अनुसार नेबाए महासचिवको संयोजकत्वमा नेबाएका कोषाध्यक्ष र ३ जना सदस्य रहने गरी ५ सदस्य सचिवालय गठन गरिएको थियो । सचिवालयले नेबाएका उद्देश्य बमोजिमका कार्यहरु तथा दैनिक प्रशासनिक कार्यहरु चुस्त, दुरुस्त रुपमा सम्पादन गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसका लागि सचिवालयमा रही अहोरात्र क्रियाशील रहनु हुने सदस्यहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछौं ।

- स्वतन्त्र न्यायपालिका, विधिको शासन, लोकतन्त्र र मानव अधिकार नेपाल बार एशोसिएशनका मूलभूत मूल्य-मान्यताहरु हुन । स्वतन्त्र, सक्षम तथा उत्तरदायी न्यायपालिकाका लागि नेबाए निरन्तर क्रियाशील रही आएको सर्वविदितै छ । यसै परिप्रेक्षमा न्यायपालिकाको शुद्धीकरण, सुदृढीकरण र जनआस्था अभिबृद्धिको निमित्त नेपाल बार एशोसिएनको भावी भूमीका तय गर्नका लागि सम्पूर्ण बार एकाईहरुका अध्यक्षज्यू, सचिवज्यू तथा पदाधिकारीज्यू, नेबाएका पूर्व पदाधिकारीज्यूहरु र सल्लाहकारज्यूहरुसँगको अन्तरक्रियात्मक कार्यशाला गोष्ठी सम्बत् २०७९ असार ४ र ५ गते काठमाडौंको बुढानीलकण्ठमा भव्यताकासाथ सम्पन्न भएको थियो । सो बैठकबाट देहायबमोजिम १७ बुँदे निष्कर्ष प्राप्त भएको थियो ।

*नेपाल बार एशोसिएशनद्वारा आयोजित सल्लाहकार एवं पूर्व पधाधिकारी र देशभरका सम्पूर्ण बार एकाईको नेतृत्वमा रहेका पदाधिकारीहरु सहितको उपस्थितिमा न्यायपालिकाको शुद्धिकरण, सुदृढीकरण एवं कानूनी सहायता र प्रो-बोनो सम्बन्धी विषयमा दुई दिने कार्यशाला गोष्ठीको निष्कर्ष र सुझावहरु ।*

१ *न्यायपालिकामा विद्यमान वृकिति, विसंगति र भ्रष्टाचारको अन्त्यको निम्ति बिवादित प्रधान न्यायाधीशको बहिर्गमनको निम्ति नेपाल बार एशोसिएशनद्वारा गरिएको आन्दोलनको परिणाम स्वरुप प्रतिनिधि सभामा महाअभियोगको प्रस्ताव दर्ता भई प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा. निलम्बित भएको लामो समय व्यतित भईसकेको र उक्त महाअभियोग प्रस्ताव पारित गर्न नेपाल बार एशोसिएशनको १५ औं राष्ट्रिय सम्मेलनबाट समेत आव्हान भएको सन्दर्भमा उक्त महाभियोग प्रस्ताव संविधान र कानूनको मर्यादा एवं परिधिभित्र रही अविलम्ब पारित गर्न यो बैठक प्रतिनिधि सभा समक्ष जोडदार माग गर्दछ ।*

२ *निलम्बित प्रधान न्यायाधीश चोलेन्द्र सम्शेर ज.ब.रा.को बहिर्गमन नै न्यायपालिकाको सुधारको सम्पूर्ण आधार नभइ केवल सुधारको प्रस्थान विन्दुसम्म भएकोले अदालतमा ब्याप्त भ्रष्टाचारको निर्मलीकरणका लागी अन्य भ्रष्टाचार, सेटीङ र पूर्वाग्रहमा परी न्यायमा विचलन ल्याउने भनि शंकास्पद भूमीकामा देखीएका सर्वोच्च अदालत र अन्य अदालतका न्यायाधीशहरुको सम्बन्धमा समेत छानविन प्रकृया अगाडी बढाई कार्वाहीको दायरामा ल्याउनका लागी नेपाल बार एशोसिएशनको राष्ट्रिय सम्मेलनद्वारा माग गरिएको कार्य अविलम्ब अगाडि बडाउन यो बैठक सरोकारवालाको गम्भीर ध्यानाकर्षण गराउँदछ ।*

३ *न्यायपालिकामा रहेका विकृती, विसंगती र भ्रष्टाचार अन्त्यका लागी सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरीकृष्ण कार्कीको संयोजकत्वमा गठित समितिले "न्यायपालिकामा हुन सक्ने विकृती, विसंगती, अनियमितता, भ्रष्टाचार एवं विचौलियाको रोकथाम एवं नियन्त्रणका लागी" तयार गरेको प्रतिवेदन अविलम्ब कार्यान्वयन गर्न यो बैठक जोडदार माग गर्दछ । उक्त प्रतिबेदनले नेपाल बार*

*एशोसिएशनले गर्नुपर्ने भनि औंल्याएका विषयवस्तुहरु समेत अविलम्ब कार्यान्वयन गर्न प्रस्तुत कार्यशाला गोष्ठीमार्फत नेपाल बार एशोसिएशन प्रतिवद्धता व्यक्ति गर्दछ ।*

४ *न्याय परिषद्द्वारा प्रस्तावित उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीश नियुक्तिको प्रक्रिया सम्बन्धी निर्देशिकामा रहेका कतिपय प्रावधानले योग्य र सक्षम कानून व्यवसायीहरु मध्येबाट गरिने नियुक्तिमा जटिलता उत्पन्न गरेको महसुस भएकोले उक्त निर्देशिकामा रहेका फैसलाको हकमा विशेष परिस्थितिमा बाहेक सामान्यतया कम्तिमा वर्षको दुईवटा गरी जम्मा ५० र करको हकमा पछिल्लो ३ वर्षसम्मको कर चुक्ता सम्बन्धी प्रावधानमा सिमित रही उक्त निर्देशिकालाई आवश्यक परिमार्जन गर्न यो बैठक न्याय परिषद्को ध्यानाकर्षण गराउँदछ ।*

५ *वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने सम्बन्धमा नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २१ तथा सर्वोच्च अदालत स्वयंले निर्धारण गरेको मापदण्डमा रहेको प्रावधानहरुलाई पूर्ण परिपालना गर्दै योग्यतम् कानून व्यवसायीहरुलाई वरिष्ठ अधिवक्ताको उपाधि प्रत्येक वर्ष प्रदान गर्न सर्वोच्च अदालत फुल कोर्ट समक्ष यो गोष्ठी जोडदार माग गर्दछ ।*

६ *वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने सम्बन्धमा जिल्ला अदालतहरुमा लामो समयसम्म निरन्तर कानून व्यवसाय गरि आएका कानून व्यवसायीहरुलाई नसमेटिएको मौजुदा नेपाल कानून व्यवसायी परिषद् ऐन, नियमावली र सो सम्बन्धमा जारी भएको मापदण्ड समेतमा आवश्यक परिमार्जन गर्न यो कार्याशाला गोष्ठि सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।*

७ *कानून व्यवसायीको आचार संहिताको पालना भए नभएको, नेपाल बार एशोसिएशनको संरचनागत सुधार, कानून व्यवसायीको क्षमता अभिवृद्धि, कानून व्यवसायीको पेशागत सामाजिक उत्तरदायित्व लगायतका विषयमा अध्ययन गर्न एक कार्यदल गठन गरी प्राप्त सुझावका आधारमा कार्य गर्न आवश्यक रहेको यो गोष्ठिको निष्कर्ष रहेको छ ।*

८ *संवैधानिक परिषद्, न्याय परिषद्, संवैधानिक इजलास र नेपाल कानून व्यवसायी परिषदको संरचना, न्यायाधीशको संसदीय सुनुवाई, भ्रष्टाचारमा संलग्न वा कार्यक्षमताको अभाव रहेका न्यायाधीश माथीको कारवाही, मुद्दाको चाप घटाउने उपाय लगायतका विषयमा आवश्यकता अनुसार संविधान ऐन र कानूनमा संशोधन समेतका लागि सुझाव दिन एक उच्चस्तरीय न्यायिक आयोग गठन गर्न यो कार्यशाला गोष्ठी जोडदार माग गर्दछ ।*

९ *हाल कार्यान्वयनमा ल्याइएको गोला प्रक्रियाद्वारा पेशी तोक्ने व्यवस्थालाई चाँडोभन्दा चाँडो बैज्ञानिक रुपमा स्वचालित प्रविधि (automated system) द्वारा पेशी तोक्ने पद्दती लागू गर्न यो गोष्ठी जोडदार माग गर्दछ ।*

१० *पेशी सूची प्रकाशन भएपछि ईजलाश नउठेसम्म सबै अदालतका ईजलास परिसरमा मोवाइल फोन लगायत सञ्चार सम्बन्धी उपकरण स्वतः निष्कृय हुने प्रविधि (electronic jammer) को व्यवस्था गर्न अदालत प्रशासनको ध्यानाकर्षण गराउँदछ ।*

११ *न्यायाधीश लगायत न्यायपालिकासँग सम्बन्धित सिफारिस तथा नियुक्तिहरुमा संविधानले प्रत्याभुत गरे बमोजिम समानुपातिक, समावेशी सिद्धान्तका आधारमा गर्न यो गोष्ठी जोडदार माग गर्दछ ।*

१२ *प्रत्येक कानून व्यवसायीले प्रो–बोनो (स्वेच्छिक निःशुल्क कानूनी) सेवा प्रदान गर्ने कुराको सुनिश्चितता र व्यवस्थित अभिलेखीकरण समेतको लागि नेबाएद्वारा जारी गरिएको निर्देशिका बमोजिमको अनिवार्य व्यवस्था गर्न प्रत्येक बार एकाईलाई यो गोष्ठी आव्हान गर्दछ ।*

१३ *छरिएर रहेको कानूनी सहायता कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन नेपाल सरकारसँग आवश्यक समन्वय गरी नेपाल बार एशोसिएशनको नेतृत्वमा एकीकृत कानूनी सहायता कार्यक्रम लागू गर्ने ।*

१४ *फौजदारी मुद्दाहरुमा अभियोगपत्र दायर हुनासाथ थुनामा पठाउने प्रचलन बढ्दै गएको र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ एवं मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ बमोजिम दायर हुने निबेदनहरुमा तल्लो अदालतको आदेश बदर भएमा सोको प्रतिलिपि न्याय परिषद्मा पठाउने भनी न्याय परिषद्बाट सबै उच्च अदालतमा पत्राचार समेत भएको कारणबाट फौजदारी तथा देवानी न्याय प्रणालीमा नै गम्भीर असर पर्न गएको महसुस भएकोले यस विषयमा सरोकारवालाहरुको गम्भीर ध्यानाकर्षण गराउन यो गोष्ठी नेबाए, केन्द्रीय कार्यसमितिलाई आव्हान गर्दछ ।*

१५ *राजश्व न्यायाधीकरण, श्रम अदालत, विशेष अदालत, वैदेशिक रोजगार न्यायाधीकरण, ऋण असुली न्यायाधीकरणको संरचना प्रदेश स्तरमा समेत विस्तार गर्न आवश्यक पहल गर्न यो गोष्ठि आव्हान गर्दछ ।*

१६ *नेपाल बार एशोसिएशनको नेतृत्वमा सञ्चालित समग्र न्यायपालिकाको शुद्धिकरण र सुदृढीकरणको अभियानलाई रचनात्मक रुपमा निरन्तरता दिईरहनु पर्ने यो गोष्ठीको निष्कर्ष रहेको छ ।*

१७ *यस कार्यशाला गोष्ठिमा प्रदेशगत रुपमा समूहमा छलफलबाट प्राप्त निष्कर्ष र सुझावलाई यसैको अभिन्न अंग मानी यथासम्भव कार्यान्वयनका लागि पहल गर्न नेबाएलाई आव्हान गरिन्छ ।*

*अन्त्यमा, दुई दिनसम्म काठमाडौंमा आयोजित यस कार्यक्रममा सहभागी हुनु भएका नेपाल राज्यभरका बार एकाईका अध्यक्षज्यू, सचिवज्यू तथा नेपाल बार एशोसिएशनका सल्लाहकारज्यू र कानून न्याय तथा संसदीय मामिला मन्त्रीज्यू समक्ष हार्दिक धन्यबाद ज्ञापन गर्दछौं ।*

*निष्कर्ष तथा सुझाव तयारी समिति*

*संयोजक : प्रा. श्री पूर्णमान शाक्य, वरिष्ठ अधिवक्ता — सदस्य : श्री सुरेन्द्र बहादुर थापा, अधिवक्ता*
*सदस्य : श्री शंकर सुबेदी, अधिवक्ता — सदस्य : श्री ईश्वरी प्रसाद भट्टराई, अधिवक्ता*
*सदस्य : श्री सिताराम के.सी., अधिवक्ता — सदस्य : श्री डा. दिनमणि पोखरेल, अधिवक्ता*
*सदस्य : श्री पुनदेवी महर्जन, अधिवक्ता — सदस्य : श्री लक्ष्मी दाहाल रावल, अधिवक्ता*

*समूहगत प्रतिबेदकहरु*

*सदस्य : समूह १ श्री आनन्द सन्तोषी राई, अधिवक्ता — सदस्य : समूह २ श्री प्रमोद प्रसाद शाह, अधिवक्ता*
*सदस्य : समूह ३ श्री चुडामणि पौडेल, अधिवक्ता — सदस्य : समूह ४ श्री काशीराम चौधरी, अधिवक्ता*
*सदस्य : समूह ५ श्री दुर्गा प्रसाद सापकोटा, अधिवक्ता*

*मिति २०७९ असार ५ गते, आईतबार, बुढानीलकण्ठ, काठमाडौं ।*

- **सर्वोच्च अदालतबाट लामो समयदेखि वरिष्ठ अधिवक्ताको उपाधी प्रदान नगरिएको सम्बन्धमा नेबाए कार्यसमिति, तत्कालिन का.मु प्रधान न्यायाधीश दिपक कुमार कार्की र सिफारिस समितिका बीचमा पटक**

पटक छलफल गरे पश्चात् सर्वोच्च अदालतको मिति २०७९/०३/२९ मा बसेको पूर्ण बैठकबाट १३३ जना र मिति २०८१/०६/१० का दिन १५९ जना अधिवक्ताज्यूहरु वरिष्ठ अधिवक्ताको उपाधिबाट विभूषित हुनुभएकोमा हामी खुशी ब्यक्त गर्दै विभुषित वरिष्ठ अधिवक्ताज्यूहरुलाई हार्दिक बधाई र व्यावसायिक सफलताको लागि शुभकामना समेत व्यक्त गर्दछौं ।

- उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीश नियूक्तिको प्रकृया सम्बन्धी निर्देशिका, २०७९ मस्यौदाका सम्बन्धमा कानून न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सुझाव माग भएकोमा यस एशोसिएशनबाट नेबाए केन्द्रीय सदस्य भरत कुमार लकाईज्यूको संयोजकत्वमा सुझाव समिति गठन गरी पटक-पटक नेबाए सल्लाहकारज्यूहरु र सरोकारवालाहरुसँग ब्यापक छलफल र परामर्श पश्चात यस एशोसिएशनको अवधारणा तथा सुझाव मिति २०७९ असार १२ गतेका दिन न्याय परिषद् समक्ष सुझाव पेश गरिएको ब्यहोरा यस सम्मानित बैठक समक्ष जानकारी गराउँदछौं । जसलाई यहाँहरुको जानकारीका लागि जस्ताको तस्तै प्रस्तुत गरेका छौं ।

*उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीश नियूक्तिको प्रकृया सम्बन्धी निर्देशिका, २०७९ को सम्बन्धमा प्रस्ताव गरिएका सुझावहरु*

*न्याय परिषद्को निर्णय बमोजिम माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्रीको संयोजकत्वमा उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीश नियूक्तिको प्रकृया सम्बन्धी निर्देशिकाको मस्यौदा तयार गर्न गठित समितिले* ***उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीश नियूक्तिको प्रकृया सम्बन्धी निर्देशिका,२०७९ को*** *मस्यौदा तयार गरी सो सम्बन्धमा सरोकारवालाहरुको सुझाव संकलन गर्ने उद्देश्यले यस ने.बा.ए.बाट समेत सुझाव माग गरिएको अवस्था ।*

*सो बमोजिमको राय, सुझाव संकलन गर्ने क्रममा नेबाएले आफ्नो सबै बार एकाईहरुलाई प्रस्तावित मस्यौदा उपर छलफल गरी राय सुझाव उपलब्ध गराई दिनु भनी पत्राचार गरी तत् तत् बार एकाईहरुबाट सुझाव प्राप्त हुन आएको । त्यसैगरी प्रस्तावित मस्यौदाका सम्बन्धमा नेपाल बार एशोसिएशनको पूर्व पदाधिकारी र सल्लाहकारहरुसँग छलफल गरी छलफलबाट आएका बुँदाहरुलाई सुझावको रुपमा पेश गर्न भनी ने.वा.ए.का वर्तमान कार्यसमिति सदस्य अधिवक्ता भरत कुमार लकाईलाई संयोजक तोकिएकोमा निजले पेश गरेको सुझाव र नेपाल बार एशोसिएशनले आफ्ना सम्पूर्ण बार ईकाइका अध्यक्ष र सचिवहरुलाई सहभागी गराई मिति २०७९ आषाढ ४ र ५ गते काठमाडौँको बुढानीलकण्ठमा सम्पन्न न्यायापालीकाको शुद्धिकरण र सुदृढीकरणमा नेपाल बार एशोसिएशनको भूमिका विषयक दुई दिने अन्तरक्रिया तथा छलफल कार्यक्रममा समेत उक्त निर्देशिकाको सम्बन्धमाा छलफल गरी कार्यक्रमले निकालेको निस्कर्ष र सुझाव समेतका आधारमा न्याय परिषद्बाट प्रस्ताव गरिएको* ***उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीश नियूक्तिको प्रकृया सम्बन्धी निर्देशिका,२०७९ को सम्बन्धमा नेपाल बार एशोसिएशनको निम्न बमोजिमको अवधारणा तथा सुझाव रहेको व्यहोरा अनुरोध छ ।***

१. *न्याय परिषद् ऐन, २०७३ को दफा ३ र ५ तथा न्याय परिषद् नियमावली, २०७४ को नियम ३ र ५ मा भएको कानूनी व्यवस्था र प्रकृया बमोजिम न्याय परिषदले नै अभिलेख तयार गर्न सक्ने हुँदा सो तर्फ चर्चा नै नगरी रिक्त हुन आएको पद संख्याको आधारमा सूचना प्रकाशन गरी सोही सूचनाको आधारमा आवेदन लिने र आवेदकहरुमध्येबाट न्यायाधीश छनौट तथा नियूक्ति गर्ने कुरा ऐनको प्रावधान, मर्म र भावना विपरित देखिएको छ साथै सम्मानित सर्वोच्च अदालतबाट निवेदक अधिवक्ता तोयानाथ ढुंगाना र विरुद्ध न्याय परिषद् सचिवालय काठमाडौं समेत रहेको उत्प्रेषण/प्रतिषेध/परमादेश (नेकाप २०७१, अंक ३, नि.नं. ९१४१, पृ. ३९७) मुद्दामा प्रतिपादित सिद्धान्त समेतको विपरित छ । (थप सुझाव)*
२. *प्रस्तावित मस्यौदामा जिल्ला र उच्च अदालतका न्यायाधीश नियूक्ति सम्बन्धी विषयमात्र समावेश भएको हुँदा सर्वोच्च अदालतका न्यायाधीश नियूक्तिको विषय समेतलाई समावेश गरी एकीकृत निर्देशिका/कार्यविधि बनाउनु पर्ने । (थप सुझाव)*
३. *नेपालको संविधानको धारा १४० र १४९ मा उच्च र जिल्ला अदालतका न्यायाधीशहरुको नियुक्ति र योग्यता निर्धारण सम्बन्धी व्यवस्था रहेको त्यस्तै न्याय परिषद् ऐन, २०७३ को दफा ५ मा न्यायाधीश नियुक्तिको लागि सिफारिसका आधार, ऐ. दफा ७ मा न्यायाधीश पदमा नियुक्त हुन नसक्ने अवस्थाहरु र ऐ. दफा ८ मा पदपूर्ती सम्बन्धी पूर्ववत् व्यवस्था रहे भएको अवस्थाका विद्यमानतामा प्रस्तुत निर्देशिकालाई न्यायाधीश नियुक्तिको मापदण्डको रुपमा नभई न्यायाधीश नियुक्ति हुन ईच्छुक कानून व्यवसायीहरुको सूचिकृत गर्ने उद्देश्यले अभिलेख गर्ने प्रक्रियाको रुपमा मात्र लिई प्रावधानहरु निर्धाण गरिनुपर्ने । (थप सुझाव)*
४. *प्रस्तावित मस्यौदाको बुँदा नं. ५ को (ग) मा -निरन्तर कानून क्षेत्रमा क्रियाशील रहेको भन्ने कुराको आधार फैसलालाई मात्र बनाएको पाईयो भने हरेक १० वर्षको कम्तिमा वार्षिक १० वटाका दरले २०० वटा फैसलाको प्रतिलिपि उपलब्ध गराउनु पर्ने भन्ने व्यवस्थाले अन्ततः कानून व्यवसायीहरुलाई न्यायाधीश बन्नबाट रोक लाग्ने । त्यसमा पनि मोफसलमा रहेर कानूनको क्षेत्रमा कार्य गर्ने कानून व्यवसायीहरु न्यायाधीश बन्नबाट झनै बञ्चिन हुने जाने । (मस्यौदाको बुँदा नं. ५ ग सँग सम्बन्धित)*
५. *कानून व्यवसायीहरुको पेशागत निरन्तरताको मापन निजहरुको नियमनकारी निकाय नेपाल कानून व्यवसायी परिषद्मार्फत र आवद्ध सम्बन्धित बार एकाईको सिफारिसलाई बनाईनु पर्ने । (थप सुझाव)*
६. *प्रस्तावित मस्यौदामा कानून व्यवसायीले पछिल्लो हरेक १० वर्षको* ***कानून व्यवसायबाट आर्जित आयमा तिरेको कर*** *सम्बन्धी विवरण समेत पेश गर्नु पर्ने भन्ने व्यवस्था उल्लेख गरिएको छ । जबकी कानून व्यवसायी परिषद्ले सदस्यता नविकरण गर्दा स्थायी लेखा दर्ता प्रमाण पत्र (PAN) अनिवार्य रुपमा पेश गर्नु पर्ने व्यवस्था गरेबाट हालसम्म करिब १२,००० कानून व्यवसायी करको दायरामा आई सकेको परिप्रेक्षमा विगतको हरेक १० वर्षको आय आर्जनमा तिरेको करको विवरण पेश गर्नु पर्ने भन्ने व्यवस्था अव्यवहारिक र जटिल देखिन्छ । सो को सट्टामा करको दायरामा आएको तीन वर्षभन्दा बढी भएका कानून व्यवसायीहरुले सम्बन्धीत आन्तरिक राजश्व कार्यालयमा कर विवरण दाखिला गरी सो कार्यालयबाट जारी भएको पछिल्लो ३ आर्थिक वर्षको नियमित कर चुक्ता प्रमाण-पत्र पेश गर्नु पर्ने भन्ने व्यवस्था राख्दा उपयुक्त हुने । (बुँदा नं. ५ ग सँग सम्बन्धित)*

७. *कर सम्बन्धी व्यवस्थाको सम्बन्धमा कानून व्यवसायी आफैले फर्म दर्ता गरी व्यवसाय गरेको वा अन्य फर्ममा आवद्ध रहेको हकमा आफ्नो फर्म वा आवद्ध फर्मको स्थायी लेखा दर्ता प्रमाणपत्र (PAN) र नेपाल कानून व्यवसायी परिषद्मा ल फर्म दर्ता गरेको प्रमाण पत्र वा घरेलु कार्यालय वा कम्पनी भए सो मा दर्ता भएको प्रमाणपत्र पेश गर्नुपर्ने र उक्त फर्म तथा कम्पनीले कर विवरण बुझाई कर चुक्ता लिएको प्रमाण पेश गर्नु पर्ने भन्ने व्यवस्था गरिएमा सो नै पर्याप्त आधार बन्न सक्ने। (थप सुझाव)*

८. *सर्वोच्च अदालतको न्यायधीश नियुक्त हुनको लागि योग्य रहेको भनी न्याय परिषद् स्वयंले न्यायाधीशमा नाम सिफारिश गरेको व्यक्तिले संविधान बमोजिम केवल संसदको संसदीय सुनुवाई समितिमा सुनुवाईका लागि उपस्थित भए पुग्ने तर उच्च अदालतको न्यायाधीश बन्न इच्छुक कानून व्यवसायीले सार्वजनिक सुनुवाई (public hearing) को सामना गर्नुपर्ने भन्ने निर्देशिकाको व्यवस्था त्रुटीपूर्ण र भेदभावजन्य देखिएको तथा कानून व्यवसायीले मुद्दाको रोहमा एक पक्षको मात्र प्रतिनिधित्व गर्ने भएकोले रुष्ट लगायत जो कोहिले उजुर गर्न सक्ने हुँदा बुँदा नं. ७ को प्रावधान राख्न उपयुक्त नहुने। (बुँदा नं. ७ सँग सम्बन्धित)*

९. *निर्देशिकाको बुँदा नं. ५ को उपबुँदा (६) मा न्यायाधीश बन्नको लागि आवेदन नगरेका कुनै व्यक्तिको विशिष्ट योग्यता, अनुभव तथा निजले गर्न सक्ने योगदानको आधारमा निजलाई न्यायाधीश पदमा नियुक्त गर्न सकिने भन्ने अपारदर्शि व्यवस्था निर्देशिकामा राख्नु नहुने/हटाइनु पर्ने। (बुँदा नं. ५ को उपबुँदा ६ सँग सम्बन्धित)*

१०. *श्री सर्वोच्च अदालतले कानून व्यवसायीलाई वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०७६ तयार गरी सो अनुरुप वरिष्ठ अधिवक्ताको उपाधिको लागि कानून व्यवसायीबाट आवेदन माग गर्दा उच्च अदालत र सर्वोच्च अदालतबाट भएका ५० थान फैसलामा आवेदकले वहस गरेको भनी नाम समावेश भएको हुनु पर्ने भन्ने व्यवस्था गरेको हुँदा वरिष्ठ अधिवक्ता हुनको लागि श्री सर्वोच्च अदालतले निर्धारण गरेको योग्यता र न्यूनतम फैसला संख्या कम्तिमा ५० वटा फैसलालाई नै उच्च अदालतको न्यायाधिश बन्नको लागि न्यूनतम योग्यता कायम गर्नु पर्ने। (बुँदा नं. ५ को २ ग सँग सम्बन्धित)*

११. *फैसलाको गणना गर्दा जिल्ला अदालतबाट भएका फैसलालाई समेत गणना गरिने गरी मस्यौदामा समावेश गरिनुपर्ने। (थप सुझाव)*

१२. *नेपालको संविधानले अंगिकार गरेको समानुपातिक, समावेशिता र समानताको सिद्धान्त (स्वच्छ छवि, ख्याती, योग्यता र दक्षताको आधारमा) लाई आत्मसाथ गरी मस्यौदा बन्नु पर्ने। (थप सुझाव)*

## नि:शुल्क कानूनी सहायता :-

- असहाय पक्षलाई प्रदान गरिँदै आएको कानूनी सहायताको सेवालाई निरन्तरता दिँदै नि:शुल्क कानूनी सेवा प्रवाह भइरहेको छ। परामर्शपश्चात् पीडित व्यक्तिहरूका लागि आवश्यक पर्ने कानूनी उपचार प्रदान गर्नका लागि यस एशोसिएशनमा आवद्ध जिल्ला तथा पुनरावेदन बार एकाइहरूमार्फत नि:शुल्क कानूनी सहायता प्रदान गर्नका लागि सिफारिस गरी उक्त सेवा प्रदान गरिँदै आएको छ। यस कार्यमा सबै बार एकाइहरुको महत्वपूर्ण भूमीका रहेको हुँदा आवद्ध बार एकाईमार्फत यस कार्यमा संलग्न हुनु हुने सबै कानून व्यवसायीज्यूहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछौं। साथै उक्त कार्यमा आफूबाट समेत योगदान गर्न ईच्छुक कानून व्यवसायीज्यूहरुलाई आवद्ध बारसँग एकाकार हुन अनुरोध गर्न चाहन्छौं।

## समिति गठन :-

- नेपाल बार एशोसिएशनको बैठकले नेबाएको विधान, २०४८ (संशोधन सहित) तथा बिनियम बमोजिम कानून व्यवसायीको हक, हित, क्षमता अभिवृद्धि लगायतका उद्देश्यहरु परिपूर्ति गर्न नेबाए केन्द्रीय कार्यसमितिले विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था रहेकोले नेबाए अर्न्तगत के कति र कुन कुन विषयहरुमा समितिहरु गठन गर्न उपयुक्त हुन्छ, गठन हुने समितिमा कति जना (संयोजक, सह-संयोजक, सदस्य सचिवको नाम समेत) सदस्यहरु राख्न उपयुक्त हुन्छ, समितिको कार्यक्षेत्र के कस्तो हुने ? र सम्भव भएसम्म समितिको विषयवस्तु र कार्य क्षेत्र समेतसँग मिल्दो शैक्षिक विज्ञता, विषयगत अनुभव र, मिल्दो जुल्दो क्षमता भएका कानून व्यवसायीहरुको नाम समेत सङ्कलन गर्ने गरी नेबाएका उपाध्यक्ष अधिवक्ता श्री हर्कबहादुर रावलज्यूको संयोजकत्वमा एक सिफारिस समिति गठन गरिएको थियो। अतः कार्यसमितिको बैठकमा छलफल भई विभिन्न समितिहरु गठन भयो।

| क्र.सं. | समितिको नाम | संयोजक |
|---|---|---|
| १. | मानव अधिकार तथा जनसरोकार समिति | व.अ. श्री विष्णुमणि अधिकारीज्यू संयोजक, श्री बालकृष्ण देवकोटाज्यू र लक्ष्मी देवी दाहाल रावलज्यूको सह-संयोजकत्वमा ७५ सदस्यीय। |
| २. | प्रकाशन समिति | व.अ. श्री तुलसी भट्टज्यूको संयोजकत्वमा ४३ सदस्यीय। |
| ३. | सम्पादन समिति | अधिवक्ता श्री पूर्णचन्द्र पौडेलज्यूको संयोजकत्वमा ७ सदस्यीय। |
| ४. | गैर आवासीय नेपाली समन्वय समिति | अधिवक्ता श्री वीरेन्द्र के.सी.ज्यूको संयोजकत्वमा ९ सदस्यीय। |
| ५. | विधान संशोधन मस्यौदा समिति | व.अ. प्रा.डा. श्री विजयप्रसाद मिश्रज्यूको संयोजकत्वमा १७ सदस्यीय। |

| | | |
|---|---|---|
| ६. | लैंगिक तथा पेशागत सुरक्षा नीति (Gender & Professional Safety Policy) निर्माण मस्यौदा समिति | अधिवक्ता श्री आशा राईज्यूको संयोजकत्वमा ११ सदस्यीय । |
| ७. | संवैधानिक कानून समिति | व.अ. टिकाराम भट्टराईज्यूको संयोजकत्वमा ५२ सदस्यीय । |
| ८. | श्रम तथा सामाजिक सुरक्षा कानून सरोकार समिति | व.अ. रमेश बडालज्यूको संयोजकत्वमा ३५ सदस्यीय । |
| ९. | सहकारी कानून सरोकार समिति | व.अ. रामबन्धु शर्माज्यूको संयोजकत्वमा ३५ सदस्यीय । |
| १०. | प्रोबोनो सेवा कानून व्यवसायी समन्वय समिति | व.अ. सुरेश कुमार पौडेलज्यूको संयोजकत्वमा ३५ सदस्यीय । |
| ११. | देवानी कानून सरोकार समिति | व.अ. यदुनाथ खनालज्यूको संयोजकत्वमा ४१ सदस्यीय । |
| १२. | फौजदारी कानून सरोकार समिति | व.अ. लभकुमार मैनालीज्यूको संयोजकत्वमा ३५ सदस्यीय । |
| १३. | मेलमिलाप कानून सरोकार समिति | व.अ.डा. मुक्ति रिजालज्यूको संयोजकत्वमा ३५ सदस्यीय । |
| १४. | वैदेशिक सम्बन्ध विस्तार समिति (विदेश विभाग) | व.अ. पूर्णमान शाक्यज्यूको संयोजकत्वमा १९ सदस्यीय । |
| १५. | युवा कानून व्यवसायी समिति | अधिवक्ता सेमन्त दाहालज्यूको संयोजकत्वमा ४५ सदस्यीय । |
| १६. | गुठी कानून समिति | व.अ. बद्री बहादुर राउतज्यूको संयोजकत्वमा ३५ सदस्यीय । |
| १७. | तराई/मधेश कानून व्यवसायी सरोकार समिति | व.अ. मिथिलेस प्रसाद सिंहज्यूको संयोजकत्वमा ४१ सदस्यीय । |
| १८. | अपाङ्गता भएका कानून व्यवसायीको हित सरोकार समिति | अधिवक्ता तेज कुमार तिवारीज्यूको संयोजकत्वमा १६ सदस्यीय । |
| १८. | दलित कानून व्यवसायी सरोकार समिति | अधिवक्ता चक्रमान विश्वकर्माज्यूको संयोजकत्वमा २५ सदस्यीय । |
| १९. | दुर्गम क्षेत्र कानून व्यवसायी हित सरोकार समिति | अधिवक्ता पदमबहादुर शाहीज्यूको संयोजकत्वमा ४१ सदस्यीय । |
| २०. | आदिवासी तथा जनजाति कानून व्यवसायी सरोकार समिति | व.अ. भिम गुरुङज्यूको संयोजकत्वमा ३५ सदस्यीय । |
| २१. | महिला कानून व्यवसायी वृत्ति विकाश सरोकार समिति | व.अ. सुनिता रेग्मी पोखरेलज्यूको संयोजकत्वमा ४१ सदस्यीय । |
| २२. | नवोदित कानून व्यवसायी समिति | अधिवक्ता तुलसीराम पराजुलीज्यूको संयोजकत्वमा ५५ सदस्यीय । |

## अन्तर्राष्ट्रिय सम्मेलनमा नेबाएको उपस्थिति :-

- **नेपाल बार एशोसिएशन अन्तराष्ट्रिय बार एशोसिएशन (IBA) को क्रियाशील सदस्यको रुपमा नेपालकोतर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेका छौं । विभिन्न संस्थाहरुले आयोजना गर्ने अन्तर्राष्ट्रिय सम्मेलन, सभाहरुमा संस्थागत रुपमा नेवाएको तर्फबाट प्रतिनिधित्व हुँदै आएको यस बैठक समक्ष अवगत गराउन चाहन्छु । 30 October to 4 November 2022 का दिन संयुक्त राज्य अमेरिकाको फ्लोरिडा राज्यको मायमी शहरमा सम्पन्न भएको IBA International Conference मा नेपाल बार एशोसिएशनको तर्फबाट अध्यक्ष व.अ. श्री गोपालकृष्ण घिमिरेज्यू, महासचिव श्री अन्जिता खनाल, सचिव श्री निर्भयराज पौडेल र केन्द्रीय कार्यसमिति सदस्य श्री सन्तोष तिवारीज्यू समेतले सक्रियतापूर्वक सहभागिता जनाउनु भएको व्यहोरा अवगत गराउन चाहन्छौं । सो सम्मेलनमा IBA President Mr. SternetFord Moyo र Dupety Executive Director Tim Hughes, American Bar Association (ABA) का President Deborah Enix- Ross लगायत विभिन्न मुलुकका बार नेतृत्वहरुसँग महत्वपूर्ण भेटमा नेपालको न्यायपालिका र नेपाल बार एशोसिएशनसँगको द्विपक्षीय हितको विषयमा छलफल भएको थियो । साथै यो सहभागिताले नेपाल बार एशोसिएशनको साख अन्तर्राष्ट्रिय स्तरमा अभिवृद्धि भएको छ । यसरी नेबाएकोतर्फबाट अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागिता जनाउँदाको सम्पूर्ण खर्च सहभागी स्वयंद्वाराले व्यहोरिएको व्यहोरा पनि जानकारी गराउँदछु ।**

- **गैर आवासीय नेपालीहरुको संघ, बेलायतको निमन्त्रणामा यस एशोसिएशनका अध्यक्ष व.अ. गोपाल कृष्ण घिमिरेज्यू र नेबाएका पूर्व महासचिव वरिष्ठ अधिवक्ता श्री सुनिलकुमार पोखरेलज्यू साता ब्यापी भ्रमणमा बेलायत जानु भई गैरआवासीय नेपालीहरुको संघ, बेलायतसँग नेपाल बार एशोसिएशनले महत्वपूर्ण छलफल गरी सहयोगको आदान प्रदान हुने सम्झौता समेत भएको ब्यहोरा हामी यस बैठक समक्ष जानकारी गराउन चाहन्छौं । मूलत गैर आवासीय नेपाली संघ, बेलायतबाट आगामी दिनमा विदेशमा रहेका नेपालीहरुले सम्पत्ति र अन्य कानूनी समस्याको विषयमा यस एशोसिएशनसँग हातेमालो गरी अघि बढ्ने समझदारी भएको ब्यहोरा यस बैठक समक्ष जानकारी गराउँदछौं ।**

- **संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको आयोजनामा थाइलैण्डमा नोभेम्बर ११-१३, २०२४ मा आयोजित Achieving Just Societies : Inclusive Justice Pathways for people and Planet in Asia and the**

**Pacific कार्यक्रममा नेबाएका अध्यक्ष व.अ. श्री गोपाल कृष्ण घिमिरेज्यूले सक्रियताकासाथ सहभागिता जनाउनु भयो ।**

- **मलेशियामा 13-15 October 2024 का दिन सम्पन्न LAWASIA को ३७ औं अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाल बार एशोसिएशनबाट अध्यक्षज्यू, उपाध्यक्षज्यू, महसचिवज्यू, सचिवज्यू, केन्द्रीय सदस्यज्यूहरु लगायत उल्लेख्य रुपमा कानून व्यवसायीहरुको सक्रिय सहभागिता रहेको व्यहोरा हामी यस सम्मानित बैठक समक्ष अवगत गराउन चाहन्छौं । यस्ता कार्यक्रमहरुमा सक्रिय सहभागिताले गर्दा नेपाल बार एशोसिएशनलाई अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउन समेत सहयोग पुग्ने विश्वास लिइएको छ ।**

- **2024 May 24-28 का दिन BIMS (Bangladesh International Mediation Society) ले आयोजना गरेको ४० घन्टे मेलमिलाप तालिम कार्यक्रममा बंगलादेशको ढाकामा आयोजना भयो । यो कार्यक्रममा नेबाएकोतर्फबाट महासचिव अन्जिता खनालज्यूले सक्रियताकासाथ सहभागिता जनाउनु भएको जानकारी गराउँदछौं ।**

- **2024 October 08-12 का दिन UNIGF (United Nations Internet Governance Forum) ले आयोजना गरेको Artificial Intelligence सम्बन्धी कार्यक्रम जापानको क्वैटामा आयोजना भएको कार्यक्रममा नेबाएकोतर्फबाट अध्यक्ष व.अ. श्री गोपालकृष्ण घिमिरेज्यूले सक्रियताकासाथ सहभागिता जनाउनु भएको जानकारी गराउँदछौं ।**

- **8th Training Course of China -South Asia Legal Training Base मा नेपाल बार एशोसिएशनको तर्फबाट उपाध्यक्षहरु अधिवक्ता (वीरेन्द्र के.सी., पशुपति भण्डारी, सुरज खत्री र सुधिर कुमार कर्ण) सहभागी हुनुभएको थियो ।**

## अन्तराष्ट्रिय संघ-संस्थामा आवद्धता र सदस्यताको नविकरण :-

- IBA र LAWASIA **को सदस्यता नविकरणः नेपाल बार एशोसिएशनको सदस्यता निर्दिष्ट समयमा नै नविकरण हुने व्यवस्था मिलाईएको छ ।**

- United State Patent & Trade Mark (USPTO), South Asia Chapter **सँगको सहकार्यमा** Intellectual Property Law (IP) **का सम्बन्धमा विविध गतिविधिहरु नेपाल बार एशोसिएशनमार्फत सञ्चालन गर्नका लागि विभिन्न चरणका छलफल कार्यक्रमहरु सम्पन्न भएका छन ।**

## वार्षिक साधारण सभा :-

- **मानव अधिकार प्रति पूर्ण प्रतिवद्ध रही दृढतापूर्वक क्रियाशिल रही आएको व्यहोरा सर्वविदितै छ । सोही क्रममा नेपाल बार एशोसिएशनको आ.व. २०७८/०७९ र २०७९/०८० को वार्षिक साधारण सभा कर्णाली प्रदेशको सुर्खेत, वीरेन्द्रनगरमा मिति २०८० असोज १२ गतेका दिन भव्य रुपमा सम्पन्न भएको छ । वार्षिक साधारण सभाले महत्वपूर्ण विषयहरु पारित समेत गरेको थियो ।**

## मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठी (सन् २०२२ डिसेम्बर १०) :-

- **नेपाल बार एशोसिएशनको मिति २०७९ मङ्सिर १ गते सम्पन्न केन्द्रीय कार्यसमितिको बैठकको निर्णयबमोजिम अन्तराष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर २०२२) को अवसरमा प्रत्येक वर्ष आयोजना हुने मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठी सम्मानित सर्वोच्च अदालतको का.मु. प्रधान न्यायाधीश सम्माननीय श्री हरिकृष्ण कार्कीज्यूको प्रमुख आतिथ्यतामा "स्वतन्त्र, निष्पक्ष भ्रष्टाचारमुक्त न्यायपालिका र मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा नेपाल बार एशोसिएशनको भूमिका" भन्ने मूल**

**नारकासाथ मङ्सिर २४ का दिन काठमाडौंमा भव्यताकासाथ सम्पन्न भएको छ । सम्मेलनबाट पारित घोषणा–पत्रहरु यहाँहरुको जानकारीका लागि यहाँ प्रस्तुत गरेका छौं ।**

***स्वतन्त्र, निष्पक्ष, भ्रष्टाचारमुक्त न्यायपालिका र मानव अधिकारको संरक्षण र सम्बर्धनमा नेपाल बार एशोसिएशनको भूमिका***

*मानव अधिकारसम्बन्धी राष्ट्रिय गोष्ठी (१० डिसेम्बर २०२२)*

*घोषणा–पत्र*

*नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकालदेखि नै मानव अधिकार, विधिको शासन, स्वतन्त्र न्यायपालिका र लोकतन्त्र, भ्रष्टाचारमुक्त न्यायपालिकाको पक्षमा निर्वाह गर्दै आएको ऐतिहासिक भूमिकालाई आत्मसात गर्दै;*

*नेपालको संविधानमा भएका मौलिक हकहरुको पूर्ण रुपमा कार्यान्वियन गरी संविधानले परिकल्पना गरेको मानव अधिकारको रक्षा गर्दै त्यसको कार्यान्वियन गरी मानव अधिकारमैत्री समाज निर्माण गर्नुपर्ने आवश्यकतालाई आत्मसात गर्दै;*

*नेपालको संविधान र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून अन्तर्गतका दायित्वहरुको परिपालना गर्नुपर्ने आवश्यकतालाई मनन गर्दै नेपाल बार एशोसिएशनको मिति २०७९ मङ्सिर २४ गते (१० डिसेम्बर २०२२) का दिन सम्पन्न मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठीबाट यो काठमाडौं घोषणा–पत्र जारी गरिएको छ ।*

१. *शान्ति सम्झौताको १७ औं वर्ष पुगिसक्दा पनि संक्रमणकालिन न्याय टुंगोमा पुग्न नसकेकोले सम्पूर्ण द्वन्द्व पीडितहरुको न्याय र दण्डहीनता अन्त्यका लागि अन्तर्राष्ट्रिय मापदण्ड र यस सम्बन्धका सर्वोच्च अदालतका फैसालहरुलाई आधार मानी तत्काल संक्रमणकालिन न्याय टुङ्गोमा पुऱ्याउन नेपाल सरकार लगायत सरोकारवाला सबैमा अपिल गर्दछ ।*

२. *मानव अधिकारको रक्षा र सम्मानका लागि लोकतान्त्रिक प्रणाली सुदृढ र सबल हुन पर्दछ । लोकतन्त्रमा संवैधानिक निकायहरुको विशेष भूमिका रहन्छ । नेपालको राष्ट्रिय मानव अधिकार आयोगको नियुक्ति प्रक्रिया र कार्य प्रकृतिका आधारमा अन्तर्राष्ट्रिय रुपमा स्तर घट्वा हुनु दुःखद र राष्ट्रिय लज्जाको विषय हो । राष्ट्रिय मानव अधिकार आयोगलगायतका संवैधानिक निकायहरुमा राजनीतिक हस्तक्षेपका कारण घट्दो प्रभावकारिताले लोकतन्त्र, मानव अधिकार कमजोर हुँदै गएको हुँदा विषयगत क्षेत्रहरुमा राजनीतिक हस्तक्षेप नगर्न तथा संविधान, कानून र पेरिस प्रिन्सिपलको मर्म र भावना अनुरुप मात्र नियुक्ति गरी संवैधानिक निकायहरुको साख जोगाउन यो गोष्ठि नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।*

३. *राजनीतिक आस्थाका आधारमा व्यक्तिलाई बन्दी बनाउने क्रम आजसम्म पनि कायम रहेको हुँदा नेपालको संविधान, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा लोकतान्त्रिक मूल्य र मान्यतामा रहेर आस्थाका आधारमा कसैलाई पनि बन्दी नबनाउन तथा नेपाल सरकारसँग भएका सम्झौता अनुरुप हालसम्म पनि बन्दी रहेका आस्थाका बन्दीहरुलाई तत्काल रिहा गर्न यो गोष्ठी नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।*

४. *विभिन्न बहानामा राज्यबाट हुदै आएको गैरन्यायिक हत्या, यातना, बेपत्ता जेल र हिरासतमा हुने हत्या लगायतका मानवता विरोधी अपराधका दोषीहरु तथा राष्ट्रिय मानव अधिकार आयोगको प्रतिबेदनमा उल्लेख गरिएका विषय उपर अविलम्ब कारवाही अगाडि बडाउन र फौजदारी न्यायको मुद्दा व्यवस्थानका लागि यो गोष्ठी सम्बन्धित पक्षहरुको ध्यानाकर्षण गराउँदछ ।*

५. *विश्वव्यापी राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक विभेदका कारण विभिन्न देशका व्यक्तिहरु आफ्नो जीवन रक्षाका लागि शरणार्थीका रुपमा नेपालमा आउने क्रम सन् १९५९ बाट हालसम्म निरन्तर जारी रहेकोले भुटानी शरणार्थीहरु लगायतका शरणार्थीहरुको उचित व्यवस्थापन गर्नका लागि नेपाल सरकार समक्ष यो गोष्ठी जोडदार माग गर्दछ ।*

६. *नेपाली नागरिक आमाको नामबाट सन्तानहरुले नागरिकता प्राप्त गर्ने तथा जन्मका आधारमा नागरिकता प्राप्त अभिभावकका सन्तानहरु नागरिकता विहीन जीवन बिताउनु बाध्य पारि निजहरुको संवैधानिक मौलिक हक तथा जीवनको हक समेत खोसिएको अवस्था विद्यमान रहेको हुँदा यस्ता नागरिकहरुलाई तुरुन्त नागरिकता तथा कानूनी पहिचान उपलब्ध गराउनका लागि नेपालको नागरिकता ऐन संशोधन, परिमार्जन तथा जटिल कार्यविधिलाई सरलीकृत गरी राज्यविहीनताको अवस्था सृजना नगर्न यो गोष्ठी संघीय संसद तथा नेपाल सरकारलगायत सम्बद्ध सबै निकायहरुलाई संवैदनशील भई तत्काल समस्या समाधान गर्नका लागि जोडदार माग गर्दछ ।*

७. *सामाजिक कुरितिको रुपमा विद्यमान रहेको अपमानजनक तथा भेदभावपूर्ण व्यवहारहरु, जातीय विभेद तथा छुवाछुत, लैंगिकताका आधारमा हुने छुवाछुत लगायतका विभेदहरुको समुल अन्त्य गर्न नेपालका तीनै तहका सरकार समक्ष यो गोष्ठी अपिल गर्दछ ।*

८. *अदालत लगायतका स्थानहरुमा कानून व्यवसायीहरुलाई विभिन्न किसिमका अभद्र व्यवहार, हातपात लगायतका हिंसात्मक कार्य गर्ने क्रममा बढोत्तरी हुँदै गएको तथा लैंगिक मैत्री वातावरण नभएकोप्रति यो गोष्ठी गम्भीर चिन्ता व्यक्त गर्दछ । अतः यस्ता किसिमका कृयाकलापहरुलाई पूर्ण रुपमा अन्त्य गर्नका लागि न्यायिक तथा सुरक्षा नेतृत्वको ध्यानाकर्षण गराउँदछौं ।*

९. *संविधान र कानूनले निर्दिष्ट गरेका भूमीहीन, गरिब, दलित, सिमान्तकृत समुदायको मानव अधिकारको संरक्षणका लागि आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारको सम्मान गर्दै मानवोचित व्यवस्थापन गर्न नेपाल सरकार लगायत सम्बन्धित सरोकारवाला निकायहरु समक्ष यो गोष्ठी ध्यानाकर्षण गराउँदै यस्ता समुदायको बैकल्पिक व्यवस्था सहित कानून प्रदत्त आवासको हकको संरक्षण गर्न तीनै तहको सरकार समक्ष अपिल गर्दछौं ।*

१०. *न्यायिक निकायमा विद्यमान रहेको विसंगति, वेथिति, भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, मनोमालिन्यता लगायतका विकृतिहरुका समाधानका लागि सर्वोच्च अदालतका माननीय न्यायाधीश हरिकृष्ण कार्कीज्यूको संयोजकत्वमा अध्ययन भई सार्वजनिक भएको प्रतिबेदन सर्वोच्च अदालतको पूर्ण बैठकबाट ग्रहण गरी तत्काल अक्षरस कार्यान्वियन गरी नागरिकको न्यायिक अधिकार सुनिश्चित गर्न यो गोष्ठी जोडदार माग गर्दछ ।*

११. संवैधानिक निकायका पदहरु उच्च नैतिक मर्यादा र नागरिकप्रति जवाफदेही पद भएको हुँदा यस्ता पदमा नियुक्त हुने व्यक्तिहरुको नेपालको संविधान बमोजिम प्रभावकारी रुपमा संसदीय सुनुवाईको माध्यमबाट नियुक्ति गर्न जोडदार माग गर्दछ ।
१२. विश्व व्यापी मानव अधिकार दिवस मनाउँदै गर्दा रसिया, युक्रेन, अफगानिस्थान, म्यानमार लगायतका देशहरुमा भएको मानव अधिकार उल्लंघनका घटना, गैर न्यायिक हत्या, भोकमरी, चरम आर्थिक अभावलगायतको मानवता विरोधी गतिविधि र मानव अधिकारको उल्लंघन विना शर्त तत्काल अन्त्य गरी मानव अधिकारको उच्च सम्मान गर्न यो गोष्ठी सम्बद्ध सबै मुलुकप्रति आव्हान गर्दछ ।
१३. संबिधानले प्रत्याभूत गरेका नागरिकका मौलिक हक अधिकारहरु कार्यान्वयनका लागि बनेका कानूनहरु प्रभावकारी रुपमा विना शर्त कार्यान्वयनमा ल्याउन तथा कानून निर्माण गर्न बाँकी रहेकोमा सो सम्पन्न गर्न यो गोष्ठी सरोकारवाला निकायसँग जोडदार माग गर्दछ ।
१४. समय समयमा नेपाली कृषकहरुले आफ्नो हकका लागि गरी आएका आन्दोलनहरुलाई मनन गरी राज्यले कृषकको हकमा यथोचित सम्बोधन गर्न यो गोष्ठी जोडदार माग गर्दछ ।
१५. सम्मानपूर्वक बाँच्न पाउने हक अधिकारको संरक्षणको सबालमा सबैका लागि सम्मान सहितको सामाजिक न्याय, मर्यादा र स्वतन्त्रताको पूर्ण प्रत्याभूतीका लागि नेपाल सरकार समक्ष यो गोष्ठी जोडदार माग गर्दछ ।

७४ औं विश्व मानव अधिकार दिवसको उपलक्ष्यमा आयोजित यस गोष्ठीको समुद्घाटन समारोहमा उपस्थित भई महत्वपूर्ण सम्बोधन गरिदिनु भएकोमा सम्माननीय का.मु. प्रधान न्यायाधीश हरिकृष्ण कार्कीज्यूप्रति यो गोष्ठि हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । गोष्ठीमा सक्रिय रुपमा सहभागिता जनाई आफ्नो महत्वपूर्ण मन्तव्य समेत प्रदान गर्नु हुने नेपाल सरकारका महान्यायाधीवक्ता श्री खम्मबहादुर खातीज्यू, नेबाएका पूर्व तथा निवर्तमन अध्यक्षज्यू, उपाध्यक्षज्यू, महासचिवज्यू, कोषाध्यक्षज्यू, सम्पूर्ण वरिष्ठ अधिवक्ताज्यू, सम्पूर्ण बार एकाईका पदाधिकारीज्यू तथा सम्पूर्ण कानून व्यवसायीज्यूहरुप्रति यो गोष्ठी हार्दिक धन्यबाद प्रकट गर्दछ ।

**घोषणा-पत्र तयारी समिति**

संयोजक :-

वरिष्ठ अधिवक्ता श्री खगेन्द्र प्रसाद अधिकारी

सदस्यहरु :-

वरिष्ठ अधिवक्ता सुरेश कुमार पौडेल, वरिष्ठ अधिवक्ता अमर थापा, वरिष्ठ अधिवक्ता जगन्नाथ ढकाल, वरिष्ठ अधिवक्ता बालकृष्ण ढकाल
अधिवक्ता अनिता मानन्धर जोशी, अधिवक्ता डिल्लीराम मैनाली, अधिवक्ता अम्बर राउत, अधिवक्ता सानुमैया डंगोल
अधिवक्ता ईन्द्रप्रसाद अर्याल, अधिवक्ता पुन्देवी महर्जन, अधिवक्ता रमेशराज शर्मा सिग्देल, अधिवक्ता बिरेन्द्र प्रसाद साह
अधिवक्ता खिमानन्द अधिकारी, अधिवक्ता प्रकाश रावल

२०७९ मङ्सिर २४ गते, शनिबार (10 December 2022 Saturday) काठमाडौं ।

## केन्द्रीय कार्यकारिणी परिषद्को बैठक :-

- **नेपाल बार एशोसिएशनद्वारा २०७९ साल फागुन १२, १३ र १४ गतेका दिन मुलुकको मुख्य ब्यापारिक केन्द्र, बीरगंज, पर्सा, मधेश प्रदेशमा केन्द्रीय कार्यकारिणी परिषद्को ४८ औं बैठक भव्यताकासाथ सम्पन्न भयो । उक्त बैठकले देहायबमोजिमको वीरगंज घोषणा (निर्णय) गरेको थियो ।**

"पेशागत उत्कृष्टता हाम्रो प्रतिवद्धता" । "पेशागत उत्कृष्टता हमनि के प्रतिवद्धता"

### नेपाल बार एशोसिएशन
### केन्द्रीय कार्यकारिणी परिषद्को ४८ औं बैठक

२०७९ फागुन १३ र १४, वीरगंग, पर्सा, मधेश प्रदेश ।

### वीरगंज घोषणा-पत्र

मानव अधिकारको संरक्षण, कानूनको शासन, स्वतन्त्र सक्षम तथा विकृति विसंगति भ्रष्ट्राचारमुक्त न्यायपालिका नेपाल बार एशोसिएशनको प्रतिबद्धतालाई पुनः दोहोऱ्याउँदै;

नेपाल बार एशोसिएशनको गरिमामय ईतिहासको स्मरण गर्दै नेपाल बार एशोसिएशनद्वारा पेशागत उत्कृष्टता : हाम्रो प्रतिवद्धता / पेशागत उत्कृष्टता : हमनि के प्रतिवद्धता भन्ने मूल नाराकासाथ सम्बत् २०७९ फागुन १३ र १४ गते वीरगंज, पर्सामा आयोजित केन्द्रीय कार्यकारिणी परिषद्को ४८ औं बैठकद्वारा निम्न बमोजिम निर्णय सहितको वीरगंज घोषण-पत्र जारी गरिएको छ ।

१. तत्कालिन सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की (हालका कायममुकायम सम्माननीय प्रधान न्यायाधीश) संयोजक रहेको, नेपाल बार एशोसिएशन समेतको संलग्नतामा न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता र भ्रष्टाचार एवम् बिचौलियाबाट हुन सक्ने क्रियाकलापहरु र त्यसको रोकथामको लागि चाल्नुपर्ने उपाय सहितको प्रतिवेदनलाई सर्वोच्च अदालतले तत्काल फुलकोर्टले स्वामित्व ग्रहण गरी अविलम्ब कार्यान्वयन गरी पेशी निर्धारण गर्दा पूर्ण स्वचालित प्रणाली **(Fully Automated System)** मार्फत पेशी व्यवस्थापन गर्न यो बैठक सम्मानित सर्वोच्च अदालतलाई आग्रह गर्दै सो प्रतिवेदनलाई अविलम्ब कार्यान्वयनमा ल्याउन प्रभावकारी कदम चाल्न नेपाल बार एशोसिएशनलाई निर्देश गर्दछ ।
२. लामो समयसम्म न्यायपालिकाको प्रमुख कायममुकायमको रुपमा रही रहँदा न्याय सम्पादनका काम कारवाहीमा असर पुग्न जाने साथै सर्वोच्च अदालतका न्यायाधीश र उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशहरुको नियुक्ति समेतमा प्रत्यक्ष असर पुग्न जाने हुँदा सम्बन्धित निकायहरुले शिघ्र न्यायपालिकाको पूर्ण नेतृत्व प्रदान गर्नुकासाथै सर्वोच्च अदालत लगायत अन्य अदालतमा रिक्त रहेका न्यायाधीशहरुको तत्काल नियुक्त गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउन नेपाल बार एशोसिएशनलाई निर्देश गर्दछ ।
३. उच्च अदालतका न्यायाधीशहरुको नियुक्ति सम्बन्धमा नेपाल बार एशोसिएशनले दिएको सुझावलाई नजरअन्दाज गरी निर्माण गरिएको निर्देशिकालाई मात्र आधार मान्दा योग्य, सक्षम र प्राज्ञिक अनुभवी कानून व्यवसायीहरु प्रक्रियामै सहभागी नहुने र त्यसको प्रत्यक्ष असर

सिंगो न्यायपालिकामा पर्न जाने हुँदा उक्त निर्देशिका तत्काल खारेज गरी न्यायाधीश नियुक्तिका लागि नेपाल बार एशोसिएशनको समेत सल्लाह सुझावमा वैज्ञानिक पद्दती अपनाउन यो बैठक ध्यानाकर्षण गराउँदछ ।

४. राजनीतिक आस्थाका आधारमा बन्दी रहेका व्यक्तिको मानवअधिकार तथा राजनीतिक अधिकार संरक्षण तथा नेपालको संविधान, नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौता तथा लोकतान्त्रिक मूल्य र मान्यतामा रहेर आस्थाका आधारमा कसैलाई पनि बन्दी नबनाउन तथा नेपाल सरकारसँग भएका सम्झौता अनुरुप हालसम्म पनि बन्दी रहेका आस्थाका बन्दीहरुलाई तत्काल रिहा गर्न यो बैठक नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

५. संक्रमणकालीन न्याय संयन्त्रको रुपमा सत्य निरुपण तथा मेलमिलाप एवम् वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा रिक्त पदाधिकारी परिपूर्ती गरी उक्त आयोगहरुबाट भएका सिफारिस यथाशिघ्र कार्यान्वयन गरी पीडितको सत्य, न्याय र परिपुरणको अधिकार सुनिश्चित गर्दै यथाशिघ्र यथोचित सम्बोधन गर्न यो यो बैठक नेपाल सरकारको ध्यानाकर्षण गराउँछ ।

६. तत्कालिन प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा. उपरको महाभियोग प्रस्ताव तत्कालिन संसदमा पेश भई विचाराधिन भएको हुँदा उक्त प्रस्तावलाई टुंगोमा पुऱ्याउन यो बैठक सम्बन्धित निकाय समक्ष माग गर्दछ ।

७. नेपाल बार एशोसिएशनको विधान, २०४८ (संशोधन सहित) लाई संघीय संरचना र समय सापेक्ष रुपमा संशोधन गर्नुपर्ने देखिएकोले विधान संशोधनका लागि मस्यौदा समिति गठन गर्न नेपाल बार एशोसिएशनलाई यो बैठक अनुमति प्रदान गर्दछ ।

८. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ को प्रयोगको विषयमा न्याय परिषद्‌बाट निर्णय गरी जारी गरिएको परिपत्रले स्वतन्त्र, सक्षम, निष्पक्ष, निर्भिक र उत्तरदायी न्यायपालिकाको मर्म र भावना प्रतिकूल भई वेरितको आदेश बदर हुने नहुने सम्बन्धमा न्यायिक निर्णयमा न्यायिक स्वतन्त्रताको अधिकार माथि अंकुश लाग्ने र अझ खासगरी फौजदारी न्याय प्रणालीमा प्रत्यक्ष असर पुग्न गएको हुँदा उक्त निर्णय खारेज गरी यस प्रकारको निर्णय पुनरावृत्ति नगर्न नेपाल बार एशोसिएशनमार्फत न्याय परिषद्‌को ध्यानाकर्षण गराईन्छ ।

९. नेपाल बार एसोशिएसनको राष्ट्रिय सम्मेलन, केन्द्रीय कार्यकारिणी परिषद्, मानवअधिकार गोष्ठी, कानून व्यवसायी महिलाहरुको राष्ट्रिय सम्मेलन तथा नेपाल बार एशोसिएशनको कार्यसमिति सहित देशभरिका बार एकाईका अध्यक्ष र सचिव सम्मिलित बैठकबाट पारित गरिएको विषय समेतमा उल्लेख गरिएका कतिपय विषयहरु हालसम्म कार्यान्वयन नभएको हुँदा त्यस्ता विषयहरुको सूचीकृत गरी कार्यान्वयनका लागी यो बैठक नेपाल बार एसोशिएसनको कार्यसमितिलाई निर्देश गर्दछ ।

१०. नेपाल सरकारले फौजदारी अभियोगमा सजाय पाएका व्यक्तिहरुको मुद्दा फिर्ता/माफि/मिनाहा गर्ने गरी गरेका निर्णयहरु राजनीतिक आस्था र पहुँचको आधारमा राजनीतिक शक्ति र पहुँचको दुरुपयोग भएको विषयमा यो बैठक नेपाल सरकारको गम्भिर ध्यानाकर्षण गराउँदछ ।

११. नेपाल सरकारको नीति तथा कार्यक्रममा प्रस्ताव गरिएको न्यायपालिका सुधार गर्ने आयोग गठन गर्ने विषयले शक्ति पृथकीकरणको सिद्धान्त विपरित कार्यपालिकाद्वारा स्वतन्त्र न्यायपालिका माथिको अप्रत्यक्ष हस्तक्षेप गरेको यो बैठकको ठहर रहेको छ ।

१२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को कार्यान्वयन न्यायका मूल्य र मान्यताका आधारमा यो दफाको प्रयोगको एकरुपता, उदार र न्यायमुखी बनाउन नेपाल बार एशोसिएशनले पहल गर्नका लागि यो बैठक निर्देश गर्दछ ।

१३. न्यायाधीशहरु न्याय सम्पादनका कार्यमा संविधान र कानूनले निर्धारित गरेका न्याय सम्पादनसँग सम्बन्धित समितिका कार्य बाहेक अन्य कुनै पनि प्रशासनिक प्रकृतिका समितिहरुमा आवद्ध रहनु हुँदैन भन्ने यो बैठकको ठहर रहेको छ ।

१४. कानून व्यवसायी उपर पेशागत आरचणको विषयलाई लिएर परेका उजुरीहरु नेपाल कानून व्यवसायी परिषद्‌को क्षेत्राधिकार भित्रको विषय हुँदा त्यस्ता उजुरीहरुको सम्बन्धमा परिषद्‌ले यथाशीघ्र टुंगो लगाउन नेपाल कानून व्यवसायी परिषद्‌लाई नेपाल बार एशोसिएशन मार्फत ध्यानाकर्षण गराउँदछ ।

१५. कानून व्यवसायीको पेशागत दक्षता अभिवृद्धि र निरन्तर कानूनी शिक्षाका लागि लयर्स एकेडेमीको स्थापना गर्न आवश्यक छ, त्यसका लागि नेपाल बार एशोसिएशनका अध्यक्षको नेतृत्वदायी भूमिका र नेपाल बार एशोसिएशनको स्वामित्व रहने गरी लयर्स एकेडेमीको स्थापना गर्न यो बैठक सम्बन्धित निकाय तथा नेपाल बार एशोसिएशनलाई निर्देश गर्दछ ।

१६. नेपाली नागरिकले नागरिकता प्राप्त गर्ने संवैधानिक हक र कानूनी अधिकार भएकोले योग्य नेपाली नागरिकले सहज रुपमा नागरिकता प्राप्त गर्ने अधिकारको सुनिश्चितता गर्न संसदको दुवै सदनद्वारा पारित भई प्रमाणिकरणको लागि सम्माननीय राष्ट्रपति समक्ष पेश भएको नागरिकता सम्बन्धी विधेयक हालसम्म प्रमाणिकरण नभएकोले सो विधेयक विधिवत रुपमा प्रमाणिकरण गर्नका लागि आवश्यक पहल गर्नुपर्ने तथा संविधानको धारा १४ बमोजिम गैर आवासीय नेपालीहरुको नागरिकताको संवैधानिक हक तथा कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो बैठक सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछ ।

१७. कानून व्यवसायीको हक हित प्रबर्द्धन र सामाजिक सुरक्षा, कानूनी शिक्षा, व्यावसायिक दक्षता अभिवृद्धिका लागि व्यवस्थित एवम् संस्थागत गर्न तथा नव प्रवेशी कानून व्यवसायीलाई कानून व्यवसायमा स्थापित गर्नुकासाथै बेञ्चले अन्य कानून व्यवसायी सरह समान व्यवहार गर्ने तथा अपाङ्ग कानून व्यवसायीहरुकोलागि अपांगमैत्री न्यायिक संरचना निर्माण गर्नेतर्फ पहल गर्न तथा व्यावसायिक हक हितका लागि आवश्यक व्यवस्था गर्न एवम् कानून व्यवसायीको गुणात्मक र व्यावसायिक दक्षता विकासका लागि आवश्यक पहल गर्न सम्बन्धित निकाय समक्ष अनुरोध गर्दै यसका लागि पहल गर्नका लागि नेपाल बार एशोसिएशनलाई यो बैठक निर्देश गर्दछ ।

१८. समग्र कानून व्यवसायी महिलाको हक, हित रक्षाका लागि **Gender Guidelines** तयार गरी लागू गर्ने सम्बन्धमा अध्ययन गरी **Guidelines** निर्माण गर्न समिति गठन गरी कार्य प्रारम्भ गर्न यो बैठक नेपाल बार एशोसिएशनलाई अनुमति प्रदान गर्दछ ।

१९. राजनीतिक दलहरुलाई विचार, पद्दती, मूल्य, मान्यता र प्रणालीले डोऱ्याउनु पर्नेमा स्वार्थ र सम्झौताले डोऱ्याएको सर्वत्र महसुस गरिएको वर्तमान अवस्थामा स्वार्थ र सम्झौताले लोकतन्त्र र प्रणालीको सम्बर्द्धन गर्नुको सट्टा लोकतान्त्रिक पद्दती संस्थागत हुन नसक्ने हुँदा सरकार गठन, पुर्नगठन र विघठनका श्रृङ्खला निरन्तर चलिरहेमा मुलुकले अँगिकार गरेको निर्वाचन प्रणाली लगायत सात वर्षको संवैधानिक अभ्यासले संविधानले तय गरेका लोकतान्त्रिक पद्दतीहरु समेतमा गम्भिर विमर्श गर्नु पर्ने अवस्था आउने हुँदा यो बैठक नेपाल बार एशोसिएशनमार्फत सम्बन्धित राजनीतिक दलहरुको ध्यानकर्षण गराउँदछ ।

२०. संविधान र कानूनले प्रदान गरेको क्षेत्राधिकार र न्यायिक मर्यादाको ख्याल नगरी बहालवाला न्यायाधीश समेत संलग्न रहने न्यायाधीश समाजको नाउँबाट संस्थागत रुपमा न्यायाधीशहरु राष्ट्रपति तथा उपराष्ट्रपतिको पदमा उम्मेदवार हुन सक्ने भन्ने अभिव्यक्ति सहितको हालै न्यायाधीश समाजबाट जारी गरिएको विज्ञप्ती प्रति बैठक गम्भिर आपत्ति व्यक्त गर्दछ ।

२१. अदालतको भीडभाड तथा सेवाग्राहीहरुलाई सर्वसुलभ ढंगबाट न्याय सम्पादन गर्नका लागि **E-filling System (Smart Court)** को अवधारणाबाट अदालतलाई आधुनिक तथा प्रविधिमैत्री बनाउनका निम्ति सम्बन्धित निकाय समक्ष आवश्यक पहल गर्न नेपाल बार एशोसिएशनलाई यो बैठक अनुरोध गर्दछ ।

२२. सामाजिक सञ्जालहरुको दुरुपयोगले विधिको शासनको उपहास गर्नुका साथसाथै स्वतन्त्र न्यायपालिकाको अवधारणा एवम् अनुसन्धानको प्रक्रियामा तथा न्यायपालिकाबाट सम्पादन हुने कार्यमा समेत प्रतिकूल प्रभाव पारेको हुँदा सामाजिक सञ्जालहरुलाई वैधानिक प्रक्रियामा ल्याउन नेपाल बार एशोसिएशन मार्फत सम्बन्धित निकायलाई यो बैठक आग्रह गर्दछ ।

२३. नेपाल राज्यका अदालतहरुबाट भएका र हुने फैसलाहरुको अध्ययन गर्न केन्द्रीय स्तरमा केन्द्रीय स्तरको अध्ययन समिति र अन्य अदालतहरुमा तत् तत् अदालतका बार कार्यसमिति सम्मिलित फैसला अध्ययन समिति गठन गर्ने र त्यसको अध्ययन प्रतिबेदन सार्वजनिक गर्नेतर्फ नेपाल बार एशोसिएशनले पहल गर्न यो बैठक निर्देश गर्दछ ।

<u>घोषणा–पत्र तयारी समिति</u>

- संयोजक वरिष्ठ अधिवक्ता केशव काफ्ले
- सदस्यहरु :–

अधिवक्ता नारायण भट्टराई, अधिवक्ता अशोक कुमार पोखरेल, अधिवक्ता शान्तिराम खतिवडा, अधिवक्ता राम श्रेष्ठ, अधिवक्ता विष्णु पोखेल, अधिवक्ता प्रमोद प्रसाद शाह, अधिवक्ता इन्द्र बहादुर अधिकारी, अधिवक्ता मदन कुमार पुन, अधिवक्ता खिमानन्द अधिकारी, अधिवक्ता सुवोध बाबु चिलुवाल, अधिवक्ता श्याम सुन्दर चौधरी, रमन कुमार कर्ण, रामचन्द्र पौडेल (आरसी बिमल), प्रेम कुमार शाह

२०७९ फागुन १४ गते
वीरगंज, पर्सा, मधेश प्रदेश ।

## मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठी, २०८० (डिसेम्बर १०, २०२३) र ४९ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठक :–

- ''मानव अधिकार संस्कृतिको प्रवर्द्धन : स्वतन्त्र न्यायपालिकाको सम्बर्धन'' भन्ने मूल नाराकासाथ मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठी र ४९ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठक २०८० साल मङसिर २४ र २५ गतेका दिन चितवन, सौराहमा भव्यताकासाथ सम्पन्न भएको थियो ।

  उल्लिखित कार्यक्रमबाट छुट्टा–छुट्टै २ वटा घोषणापत्र जारी गरिएको थियो । जारी घोषणा पत्र यहाँहरुको जानकारीको लागि पुनश्चः यहाँ समावेश गरिएको छ ।

<u>मानव अधिकार संस्कृतिको प्रवर्द्धन : स्वतन्त्र न्यायपालिकाको सम्बर्धन</u>

नेपाल बार एशोसिएशन
मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठी
२०८० मङ्सिर २४ गते, सौराह, चितवन, बागमती प्रदेश ।

### <u>घोषणा–पत्र</u>

**नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकालदेखि नै मानव अधिकार, विधिको शासन, स्वतन्त्र न्यायपालिका, लोकतन्त्र र भ्रष्टाचारमुक्त न्यायपालिकाको पक्षमा निर्वाह गर्दै आएको ऐतिहासिक भूमिकालाई आत्मसात गर्दै;**

**नेपालको संविधानमा व्यवस्थित मौलिक हकहरुको पूर्ण रुपमा कार्यान्वयन गरी संविधानले परिकल्पना गरेको मानव अधिकारको रक्षा गर्दै त्यसको कार्यान्वयन गरी मानव अधिकारमैत्री समाज निर्माण गर्नुपर्ने आवश्यकतालाई आत्मसात गर्दै;**

**नेपालको संविधानबमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून अन्तर्गतका दायित्वहरुको परिपालना गर्नुपर्ने आवश्यकतालाई मनन गर्दै नेपाल बार एशोसिएशनको मिति २०८० मङ्सिर २४ गते (१० डिसेम्बर २०२३) का दिन सम्पन्न मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठीबाट यो <u>चितवन घोषणा–पत्र</u> जारी गरिएको छ ।**

१. न्याय परिषद्ले संविधान तथा कानुनद्वारा तोकिएका अनिवार्य शर्तहरु पालना गरी समयमै दक्ष, अनुभवी र ईमान्दार न्यायाधीश नियुक्ति नगर्दा व्यक्तिको स्वच्छ न्याय पाउने हकमा आघात परेको महसुस गर्दै समयमै योग्य, दक्ष र ईमान्दार न्यायाधीश नियुक्त गरी स्वच्छ र छिटो न्याय प्रदान गरी न्यायपालिकाको जनआस्था अभिवृद्धि गर्ने कार्यमा लाग्न यो गोष्ठी न्याय परिषद्को गम्भिर ध्यानाकर्षण गराउँदछ ।

२. विस्तृत शान्ति सम्झौता भएको १८ वर्ष पुग्दा पनी संक्रमणकालिन न्याय सम्बन्धी प्रक्रिया हालसम्म टुंगोमा पुग्न नसकेकोमा गम्भिर सरोकारको विषय बनेको सबैमा विदितै छ । यसबाट पीडितको न्याय र परिपुरणको अधिकार सुनिश्चित गर्न तथा गम्भिर अपराधमा दण्डहीनताको अन्त्य गर्नका लागि सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनका सम्बन्धमा संशोधन विधेयक हाल संसदमा छलफल भई रहेकोमा उक्त विधेयकमा सर्वोच्च अदालतको फैसला तथा अन्तर्राष्ट्रिय मापदण्डलाई आधार मानी तत्काल संक्रमणकालिन न्याय टुङ्गोमा पुऱ्याउन नेपाल सरकार लगायत सरोकारवाला सबैमा नेपाल बार एशोसिएशन जोडदार माग गर्दछ ।

३. जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पबाट प्रभावित नागरिकहरुलाई समयमा नै वासस्थान लगायत आधारभूत आवश्यकताको उचित व्यवस्थापन हुन नसक्दा कतिपय व्यक्तिहरुले अकालमै मृत्युवरण गर्नु परेको छ । त्यसमा पनि बालबालिका, वृद्ध र सुत्केरी महिलाको अवस्था अत्यन्त दयनीय रहेको छ । तसर्थ सरकारले भूकम्प पीडितहरुको लागि मानवोचित बसोबास, स्वास्थ्य, शिक्षा र पुनर्निर्माण लगायतको व्यवस्था अविलम्ब गरोस भनी यो गोष्ठी जोडदार माग गर्दछ । साथै विभिन्न विपतको अवस्थामा नागरिकहरु पटक पटक पीडित भईरहकोले यस्ता विपतबाट नागरिकहरुको आधारभूत अधिकारहरुको संरक्षण गर्नकोलागि आवश्यक नीति, कार्यक्रम, पूर्वाधारलगायतका पूर्व तयारी गर्नकोलागि सरकारले आवश्यक कदम चालोस भनी यो गोष्ठी नेपाल सरकारको गम्भिर ध्यानाकर्षण गराउँदछ ।

४. फौजदारी न्यायको सम्बन्धमा नेपालको संविधानको धारा २०(२) ले प्रत्याभूत गरेको मौलिक हक अन्तरगतको पक्राउ पर्ने व्यक्तिले पक्राउ पर्नासाथ कानून व्यवसायीसँग परामर्श गर्न पाउने अधिकार हालसम्म प्रभावकारी कार्यान्वयन नभएकोमा हाम्रो गम्भिर चासो र सरोकार रहेकोले संविधानको भावना र मर्म अनुरुपको स्वच्छ सुनुवाई प्रत्याभूत गर्न गराउनका लागि सम्बन्धित सरोकारवाला निकायहरुलाई ध्यानाकर्षण गराउँदछ ।

५. फौजदारी न्याय प्रक्रियामा एक वर्षसम्म कैद सजाय भएका मुद्दाहरुमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को कैद वापत जरिवाना तिरी कैद मुक्त हुने साविक व्यवस्था परिवर्तन गरी एक वर्षसम्म सजाय माग भएका मुद्दामा मात्र यो सुविधा दिने भनी संहितामा गरेको संशोधित व्यवस्थाले दण्डको सुधारात्मक व्यवस्था कार्यान्वयनमा आउन नसकेको र व्यक्तिको वैयत्तिक स्वतन्त्रता तथा मानव अधिकारको संरक्षण हुन नसकेको सन्दर्भमा दफा १५५ को साविकको व्यवस्थालाई नै कायम हुने गरी कानुन संशोधन गर्न कानुन मन्त्रालय तथा नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

६. अन्तर्राष्ट्रिय प्रचलन अनुसार कैदी बन्दी सुधार भई समाजमा पुनर्स्थापित गर्ने उद्देश्यले कारागारमा राखिनेमा अधिकांस कारागारको भौतिक संरचना जिर्ण अवस्थामा रहेको, कारागारको आन्तरिक व्यवस्थापनको कारणले क्षमता भन्दा बढी कैदी बन्दी राख्ने तथा कैदी बन्दीहरुको आधारभूत मानव अधिकारको संरक्षण हुन नसकेको भनी विभिन्न सञ्चार माध्यममा दैनिक रुपमा आउने समाचारहरुप्रति गम्भिर चासो र सरोकार दर्शाउँदै कारागारको चुस्त दुरुस्त व्यवस्थापन गरी कैदी बन्दीको आधारभूत मानव अधिकारको प्रत्याभूती गर्नु भनी यो गोष्ठी नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

७. राजनीतिक विचार र आस्थाका आधारमा व्यक्तिलाई बन्दी बनाउने क्रम हालसम्म पनि कायम रहेको हुँदा नेपालको संविधान, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा लोकतान्त्रिक मूल्य र मान्यतामा रहेर आस्थाका आधारमा कसैलाई पनि बन्दी नबनाउन तथा नेपाल सरकारसँग भएका सम्झौता अनुरुप हालसम्म पनि बन्दी रहेका आस्थाका बन्दीहरुलाई तत्काल कानून संशोधन गरी सरकारसँग भएको सहमति अनुसार तत्काल रिहा गर्न यो गोष्ठी नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

८. विभिन्न बहानामा राज्यबाट हुदै आएको गैरन्यायिक हत्या, यातना, बेपत्ता जेल र हिरासतमा हुने हत्या लगायतका गम्भिर अपराधका दोषीहरुलाई निष्पक्ष अनुसन्धान, अभियोजन गरी अविलम्ब कारवाही अगाडि बढाउन यो गोष्ठी सम्बन्धित पक्षहरुको ध्यानाकर्षण गराउँदछ ।

९. आवश्यकता र औचित्यता नहेरी बिना आधार र कारण अनुसन्धान अधिकारीको माग बमोजिम जरुरी पक्राउ पुर्जी जारी गर्ने, अनुमति र स्विकृति दिने गरिएको र म्याद थपमा विना आधार र कारण समेत आरोपको गम्भीर्यतामा चासो नदेखाई पेश भएका व्यक्तिलाई स्वतः म्याद थप्ने गरिएको कार्यले व्यक्तिको मानव अधिकारको हनन हुने गरेको छ । यस्तो प्रवृत्तिको अन्त्य र विवेकपूर्ण निर्णय गराउनका लागि यो गोष्ठी न्यायिक नेतृत्वको ध्यानाकर्षण गराउँदछ ।

१०. सामाजिक कुरितिको रुपमा विद्यमान रहेको अपमानजनक तथा भेदभावपूर्ण व्यवहारहरु, जातीय विभेद तथा छुवाछुत, लैंगिकताका आधारमा हुने छुवाछुत लैंगिकतामा आधारित हिंसा लगायतका विभेदहरुको समुल अन्त्य गर्न आवश्यक ऐन, कानून तथा संयन्त्र निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपालका तीनै तहका सरकार समक्ष यो गोष्ठी अपिल गर्दछ, साथै यसको प्रभावकारी प्रयोग र कार्यान्वयनका लागि पीडित राहत कोषलाई उचित क्षतिपूर्ति तथा न्यायोचित परिपूरणमा प्रभावकारी परिचालनको लागि अविलम्ब कार्यान्वियन गर्न सम्बन्धित निकायको यो गोष्ठी ध्यानकर्षण गराउँदछ ।

११. नेपाली नागरिक आमाको नामबाट सन्तानहरुले नागरिकता प्राप्त गर्ने तथा जन्मका आधारमा नागरिकता प्राप्त अभिभावकका सन्तानहरु नागरिकता विहीन जीवन बिताउन बाध्य पारि निजहरुको संवैधानिक, मौलिक हक तथा जीवनको हक समेत खोसिएको अवस्थामा त्यस्तो समस्या समाधान गर्न ऐन तथा नियमावली निर्माण भएता पनि कतिपय जिल्लाहरुमा प्रभावकारी कार्यान्वन नभएकोले प्रचलित कानूनको प्रभावकारी कार्यान्वयनका लागि यो गोष्ठी नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

१२. न्यायिक निकायमा विद्यमान रहेको विकृती, विसंगति, भ्रष्ट्राचार, अनियमितता, ढिलासुस्ती, मनोमालिन्यता लगायतका विकृतिहरुका समाधानका लागि सर्वोच्च अदालतका तत्कालिन माननीय न्यायाधीश हरिकृष्ण कार्कीज्यूको संयोजकत्वमा अध्ययन भई सार्वजनिक भएको प्रतिबेदन सर्वोच्च अदालतको पूर्ण बैठकबाट ग्रहण गरी तत्काल अक्षरशः कार्यान्वयन गरी नागरिकको न्यायिक अधिकार सुनिश्चित गर्न यो गोष्ठी पुनः जोडदार माग गर्दछ ।

१३. विश्वव्यापी मानव अधिकार दिवस मनाउँदै गर्दा ईजरायल, प्यालेष्टाईन, रसिया, युक्रेन लगायतका देशहरुमा अस्पताल, विद्यालय, गैर सैनिक नागरिकका निजि आवासमा भए गरेका आक्रमण, अपहरण, बन्धक लगायत मानव अधिकार उल्लंघनका घटना, गैरन्यायिक हत्या, युद्धको कारण भोकमरी, चरम आर्थिक अभाव लगायतको मानवता विरोधी गतिविधि र मानव अधिकारको उल्लंघनका घटना तुरुन्त रोक्न तथा ईजरायल प्यालेष्टाईन युद्धमा बेपत्ता पारिएका नेपाली विद्यार्थी विपिन जोशी लगायतका व्यक्तिहरुको अविलम्व स्थिती सार्वजनिक गरी सकुशल रिहाई तथा स्वदेश फिर्तीको लागि उचित वातावरण तयार गर्न नेपाल सरकार लगायत सरोकारवाला निकायसँग यो गोष्ठी माग गर्दछ ।

१४. नेपालको संविधान, अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी (CRPD 2006) र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन नभएकोमा यो गोष्ठी गम्भिर सरोकार व्यक्त गर्दछ । अपांगता भएका व्यक्तिहरुको न्यायमा पहुँच सुनिश्चित गर्न अदालत तथा न्यायिक निकायका भौतिक लगायत आवश्यक संरचनाहरु अपांगता मैत्री बनाउने तथा न्याय प्रक्रियामा त्यस्ता व्यक्तिहरुलाई सहजता प्रदान गर्न अपांगतामैत्री कार्यविधि अपनाउन यो गोष्ठी सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ । साथै अपांगता भएका कानून व्यवसायीहरुको क्षमता अभिवृद्धि तथा पेशामा स्थापित गर्नका लागि प्राथमिकताकासाथ कार्यक्रमहरु तय गर्न यो गोष्ठी नेपाल बार एशोसिएशनलाई निर्देश गर्दछ ।

१५. जलवायु परिवर्तनले विश्व पर्यावरणमा पारेको असरलाई हृदयङ्गम गरी चुरे लगायत प्राकृतिक सम्पदाको दोहनबाट परेको असरलाई न्यूनीकरण गरी स्वच्छ वातावरणमा बाच्न पाउने हकको सुनिश्चितता गर्न प्राकृतिक सम्पदाको संरक्षण गर्न यो गोष्ठी सरोकारवाला सम्बद्ध निकायको ध्यानाकर्षण गराउँदछ ।

१६. नेपाल पक्षका भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौता र नेपालले विभिन्न अन्तराष्ट्रिय मञ्चहरुमा व्यक्त गरेका प्रतिवद्धताहरुलाई व्यवहारिक रुपमा कार्यान्वन गर्न र नेपाल कानून सरह प्रचलनमा ल्याई मानव अधिकार संस्कृतीको दिगो विकास गर्न नेपाल सरकारलाई गम्भिर हुन यो राष्ट्रिय गोष्ठी आव्हान गर्दछ ।

**२६ औं कार्यसमितिकोतर्फबाट नेबाए महासचिवद्वारा प्रस्तुत**

*७५ औं विश्व मानव अधिकार दिवसको उपलक्ष्यमा आयोजित यस गोष्ठीको समुद्घाटन समारोहमा उपस्थित भई महत्वपूर्ण सम्बोधन गरिदिनु भएकोमा सर्वोच्च अदालतका माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईज्यूप्रति यो गोष्ठि हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । गोष्ठीमा सक्रिय रुपमा सहभागिता जनाई आफ्नो महत्वपूर्ण मन्तव्य समेत प्रदान गर्नु हुने ने.बा.ए.का पूर्व तथा निवर्तमान अध्यक्षज्यू, उपाध्यक्षज्यू, महासचिवज्यू, कोषाध्यक्षज्यू, सम्पूर्ण वरिष्ठ अधिवक्ताज्यू, सम्पूर्ण बार एकाईका पदाधिकारीज्यू तथा सम्पूर्ण कानून व्यवसायीज्यूहरुप्रति यो गोष्ठी हार्दिक धन्यबाद प्रकट गर्दछ ।*

***घोषणा-पत्र तयारी समिति***

*संयोजक :-*

*वरिष्ठ अधिवक्ता श्री धर्मराज आचार्य*

*सदस्यहरु :-*

*वरिष्ठ अधिवक्ता श्री उद्धवप्रसाद चौलागाई, वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र थापा मगर, अधिवक्ता श्री कृष्णप्रसाद सुवेदी*
*अधिवक्ता श्री कपिलचन्द्र पोखरेल, अधिवक्ता श्री लिलामणि पौडेल, अधिवक्ता श्री डिल्लिराम मैनाली, अधिवक्त श्री गोपाल शर्मा सापकोटा*
*अधिवक्ता श्री सिमा धामी, अधिवक्ता श्री मणीराज दुलाल, अधिवक्ता श्री मंगल महर्जन, अधिवक्ता श्री चिरञ्जिवी खतिवडा*
*अधविक्ता श्री लक्ष्मी पोखरेल, अधिवक्ता श्री इन्द्रप्रसाद अर्याल, अधिवक्ता श्री विजयकुमार ठाकुर, अधिवक्ता श्री श्रीराम सापकोटा*
*अधिवक्ता श्री पेशलकुमार न्यौपाने*

*२०८० मङ्सिर २४ गते, आईतबार **(10 December 2023 Sunday)***
*सौराह, चितवन, बागमती प्रदेश ।*

---

*मानव अधिकार संस्कृतिको प्रवर्द्धन : स्वतन्त्र न्यायपालिकाको सम्बर्धन*
*नेपाल बार एशोसिएशन*
***४९ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठक***
*२०८० मङ्सिर २५ गते, सौराह, चितवन, बागमती प्रदेश ।*

# ***घोषणा-पत्र***

***नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकालदेखि नै केन्द्रीय कार्यकारिणी परिषद्को बैठकले नेपाल बार एशोसिएशन तथा न्याय तथा न्यायलयसँग सम्बन्धीत विषयमा निर्णय गर्दै आएको कुरालाई आत्मसात गर्दै;***

***नेपालको संविधानमा व्यवस्थित मौलिक हकहरुको पूर्ण रुपमा कार्यान्वियन गरी संविधानले परिकल्पना गरेको कानूनी अधिकारको रक्षा गर्दै त्यसको कार्यान्वियन गरी विधिको शासन निर्माण गर्नुपर्ने आवश्यकतालाई आत्मसात गर्दै;***

***नेपाल बार एशोसिएशनको गरिमामय ईतिहासको स्मरण गर्दै नेपाल बार एशोसिएशनद्वारा मानव अधिकार संस्कृतिको प्रवर्द्धन : स्वतन्त्र न्यायपालिकाको सम्बर्धन भन्ने मूल नाराकासाथ सम्बत् २०८० मङ्सिर २५ गते, सौराह चितवनमा सम्पन्न ४९ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठकद्वारा निम्न बमोजिम निर्णय सहितको चितवन घोषण-पत्र जारी गरिएको छ ।***

*१. नेपालको संविधानको भावना र मर्म अनुसार संवैधानिक व्यवस्थाको पूर्ण रुपमा कार्यान्वियनको अपिल गर्दै संवैधानिक व्यवस्थाको विरुद्ध भईरहेको प्रहारको घोर निन्दा गर्दै संविधाबादको पूर्ण परिपालनाको लागि यो बैठक नेपाल बार एशोसिएशनको सक्रिय भूमिका निर्भाह गर्न निर्देश गर्दै उच्च स्तरीय संविधान कार्यान्वियन अध्ययन आयोग गठन गर्नका लागि आवश्यक पहल गर्न यो बैठक आव्हान गर्दछ ।*
*२. कानून व्यवसायीहरुको निरन्तर शिक्षा, तालिम तथा क्षमता अभिवृद्धिका लागि लयर्स एकेडेमीलाई नेपाल बार एशोसिएशनको नेतृत्वमा स्थापना गरी तत्काल सञ्चालनमा ल्याउन यो बैठक निर्देश गर्दछ ।*
*३. नेपाल कानून व्यवसायी परिषद् ऐन संशोधनका लागि देशैभरीका बार एकाई तथा कानून व्यवसायीहरुसँगको परामर्शमा ऐनको मस्यौदा भईरहेकोमा ल फर्म दर्ता तथा कानून व्यवसायीले तिर्नुपर्ने कर लगायतका विषयका सम्बन्धमा गहन छलपल गरी संशोधन गर्न आवश्यक पहल गर्न यो बैठक निर्देश गर्दछ ।*
*४. विस्तृत शान्ति सम्झौता भएको १८ वर्ष पुग्दा पनी संक्रमणकालिन न्याय सम्बन्धी प्रक्रिया हालसम्म टुंगोमा पुग्न नसकेकोमा गम्भिर सरोकारको विषय बनेको सबैमा विदितै छ । यसबाट पीडितको न्याय र परिपुरणको अधिकार सुनिश्चित गर्न तथा गम्भिर अपराधमा दण्डहीनताको अन्त्य गर्नका लागि सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनका सम्बन्धमा संशोधन विधेयक हाल संसदमा छलफल भई रहेकोमा उक्त विधेयकमा विस्तृत शान्ति सम्झौता, सर्वोच्च अदालतको फैसला तथा अन्तर्राष्ट्रिय मापदण्डलाई आधार मानी तत्काल संक्रमणकालिन न्याय टुङ्गोमा पुऱ्याउन नेपाल सरकार लगायत सरोकारवाला सबैमा यो बैठक जोडदार माग गर्दछ ।*
*५. न्यायपालिकाभित्र विद्यमान रहेको विभिन्न किसिमका विकृती, विसंगति, भ्रष्ट्राचार, अनियमितता, ढिलासुस्ती, लगायतका विकृतिहरुको समाधानका लागि सर्वोच्च अदालतका तत्कालिन माननीय न्यायाधीश हरिकृष्ण कार्कीज्यूको संयोजकत्वमा अध्ययन भई सार्वजनिक भएको प्रतिबेदन सर्वोच्च अदालतको पूर्ण बैठकबाट ग्रहण गरी तत्काल अक्षरशः कार्यान्वियन गरी न्याकिय सुशासन कायम गरी नागरिकको न्यायिक अधिकार सुनिश्चित गर्न यो बैठक पुनः जोडदार माग गर्दै नेपाल बार एशोसिएशनको राष्ट्रिय सम्मेलन, गोष्ठी तथा बैठकहरुबाट पारित भएका घोषणापत्रहरुको अध्ययन गरी यसको कार्यान्वियन गर्न अध्ययन समिति गठन गर्न यो बैठक निर्देश गर्दछ ।*
*६. जिल्ला जिल्लाहरुमा वकालत गर्ने कानून व्यवसायीहरुलाई समेत समेट्ने गरी उपाधिको मान्य सिद्धान्तहरु र नेपाली ईतिहास र परम्पराको आधारमा वरिष्ठ अधिवक्ताको उपाधि निरन्तर प्रदान गर्न यो बैठक सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछ ।*
*७. नेपाल सरकारद्वारा जारी भएको मौजुदा मर्यादाक्रममा कानून व्यवसायीहरुलाई राज्यको मर्यादाक्रममा यथोचित स्थानमा समावेश गराउनका लागि आवश्यक पहल गर्न यो बैठक सम्बन्धित निकायसमक्ष माग गर्दछ ।*

८. अदालतबाट मुद्दाको सुनुवाई हुँदा सुनुवाई भएकै दिन निर्णय सुनाउनुपर्ने सम्बन्धमा आवश्यक पहल गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

९. नेपाल सरकार अन्तरगतका विभाग वा सो सरहका निकायको कार्यउपर असाधारण क्षेत्राधिकार क्षेत्र अन्तरगत पर्ने रिट निवेदन उच्च अदालतले हेर्ने र जिल्ला अदालतहरुलाई आफ्ना जिल्लाभित्रका अर्ध न्यायाकि निकायहरुको निर्णय उपर सम्पूर्ण रिट निवेदनहरुको काम, कारवाहीको अधिकार क्षेत्र कायम गर्न यो बैठक तत् तत् निकायहरुको ध्यानाकर्षण गराउँदछ ।

१०. मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ को साविक सुविधा हुवहु कार्यान्वियन गरी एक वर्षसम्मको कैद सजायको सुविधा प्राप्त गर्ने अधिकारको प्रयोग गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउन माग गर्दछ ।

११. संविधानको धारा १४१ (३) को भावना विपरितको न्यायाधीश नियुक्ति सम्बन्धमा न्याय परिषद्द्धारा जारी गरिएको निर्देशका असंवैधानिक तथा गैर कानूनी भएको हुँदा संविधान बमोजिम न्यायाधीश नियुक्तिको प्रक्रिया प्रारम्भ गरी रित्ता न्यायाधीशको नियुक्ति यथाशीघ्र गर्नका लागि यो बैठक जोडदार माग गर्दछ ।

१२. विद्युतीय कारोवार ऐन, २०६३ लाई समय सापेक्ष संशोधन गर्न र सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०८० लाई यथाशक्य चाँडो जन समक्ष प्रकाशमा ल्याउनकोलागि नेपाल सरकार समक्षसँग माग गर्दछ ।

१३. कानून व्यवसायीले ब्यावसायिक आचार संहितामा रही सम्पादन गरिने काम, कारवाहीको विषयलाई लिएर विभिन्न किसिमको लान्छना, मुद्दा, मामिला गर्ने तथा भौतिक आक्रमण समेत हुने गरेकोमो यो बैठक दु:ख व्यक्त गर्दछ । अत: कानून व्यवसायीको सुरक्षाको विषयका सम्बन्धमा आवश्यक पहल गर्न नेपाल कानून व्यवसायी परिषद् लगायत सम्बन्धित निकायलाई यथोचित व्यवस्थापनका लागि जोडदार माग गर्दछ ।

१४. मुद्दा दर्तादेखि तारेख लिने लगायतका अन्य अदालती काम कारवाहीलाई विद्युतीय प्रणाली (अनलाईन माध्यम) बाट सेवा प्रवाह गर्न आवश्यक देखिएकोले सो सम्बन्धी प्रवन्ध गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछ ।

१५. विशेष अदालत, श्रम अदालत, राजश्व न्यायाधीकरण, ऋण असुली न्यायाधीकरण लगायतका न्यायाधीकरणहरु केन्द्रमा मात्र केन्द्रिकृत भइरहेको हुँदा कम्तिमा प्रदेशस्तरीय रुपमा गठन गरी कार्यान्वियन गराउन यो बैठक तत् तत् निकायहरुको ध्यानाकर्षण गराउँदछ ।

१६. सम्पूर्ण कानून व्यवसायीहरुको सामाजिक सुरक्षा ग्यारेन्टी गर्नका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध हुने प्रवन्ध तत्काल गर्नका लागि या बैठक नेपाल बार एशोसिएशनलाई निर्देश गर्दछ ।

१७. नेपाल बार एशोसिएशनको विधान, २०४८ (संशोधन सहित) लाई समयानकुल संशोधन गर्नका लागि यो बैठक ने.बा.ए. कार्यसमितिलाई निर्देश गर्दछ ।

१८. उच्च अदालतलाई अर्ध न्ययधिक निकायले गरेको निर्णय वा फैसलाका सम्बन्धमा दोहोर्‍याई हेर्ने पाउने अधिकारका लागि आवश्यक पर्ने कानूनी व्यवस्था गर्नका लागि आवश्यक पहल गर्न ने.बा.लाई निर्देश गर्दछ ।

१९. संवैधानिक एवम् न्याय प्रशासन ऐन, २०७३ को दफा ५ बमोजिम प्रदेश राजधानी भएको मुकाममा उच्च अदालतको मुकाम रहने भनी भएको व्यवस्था कार्यान्वियन गर्न गराउन यो बैठक जोडदार माग गर्दछ ।

२०. कानून व्यवसायी महिलाको पेशागत हकहित, दक्षता तथा सुरक्षा र लैंगिक सवाल, सामाजिक न्याय र न्यायमा पहुँचका लागि लैंगिक नीति निर्माण गर्नको लागि समिति गठन गर्न आवश्यक पहल गर्ने तथा यस सम्बन्धमा विभिन्न सम्मेलनबाट पारित घोषणापत्रहरु अध्ययन र कार्यान्वियन गर्न समिति गठन गरी सो को प्रतिवेदन आगामी परिषद् बैठक समक्ष पेश गर्न यो बैठक ने.बा.ए.लाई निर्देश गर्दछ ।

२१. राजनीतिक विचार र आस्थाका आधारमा व्यक्तिलाई बन्दी बनाउने क्रम हालसम्म पनि कायम रहेको हुँदा नेपालको संविधान, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा लोकतान्त्रिक मूल्य र मान्यतामा रहेर आस्थाका आधारमा कसैलाई पनि बन्दी नबनाउन तथा नेपाल सरकारसँग भएका सम्झौता अनुरुप हालसम्म पनि बन्दी रहेका आस्थाका बन्दीहरुलाई तत्काल कानून संशोधन गरी सरकारसँग भएको सहमति अनुसार तत्काल रिहा गर्न यो बैठक नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

२२. जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पबाट प्रभावित नागरिकहरुलाई समयमा नै वासस्थान लगायत आधारभूत आवश्यकताको उचित व्यवस्थापन हुन नसक्दा कतिपय व्यक्तिहरुले अकालमै मृत्युवरण गर्नु परेको छ । त्यसमा पनि बालबालिका, वृद्ध र सुत्केरी महिलाको अवस्था अत्यन्त दयनीय रहेको छ । तसर्थ सरकारले भूकम्प पीडितहरुको लागि मानवोचित बसोबास, स्वास्थ्य, शिक्षा र पुनर्निर्माण लगायतको व्यवस्था अविलम्ब गरोस भनी यो गोष्ठी जोडदार माग गर्दछ । साथै विभिन्न विपतको अवस्थामा नागरिकहरु पटक पटक पीडित भईरहकोले यस्ता विपतबाट नागरिकहरुको आधारभूत अधिकारहरुको संरक्षण गर्नकोलागि आवश्यक नीति, कार्यक्रम, पूर्वाधारलगायतका पूर्व तयारी गर्नकोलागि सरकारले आवश्यक कदम चालोस भनी यो गोष्ठी नेपाल सरकारको गम्भिर ध्यानाकर्षण गराउँदछ ।

२३. नवोदित कानून व्यवसायीको व्यवसायिक दक्षता अभिवृद्धिका लागि विशेष पहल गर्न गरी कानून व्यवसायी आचार संहिताको पालना भए नभएको अनुगमन गर्न तथा स्थानीय सरकार अन्तरगतका सम्पूर्ण पालिका तथा वडामा अनिवार्य कानूनी सल्लाहकारको रुपमा राख्ने व्यवस्था मिलाउनका लागि यो बैठक सम्बन्धित निकायसँग माग गर्ने निर्णय गर्दछ ।

२४. स्थानीय सरकारले बनाएको कानून संविधान तथा संघीय कानूनसँग बाजिएको विवादहरु उच्च अदालतको क्षेत्राधिकारभित्र कायम गर्न कानून संशोधनको लागि सम्बन्धित निकायसँग जोडदार माग गर्दछ ।

२५. सर्वोच्च अदालतका न्यायाधीशको कार्यकाल ७ वर्षको रहने गरी व्यवस्था गर्नुपर्ने भनी नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यसमितिले निर्णय गरी मिति २०८० असोज १२ का दिन सुर्खेतमा सम्पन्न ने.बा.ए.को वार्षिक साधारण सभामा निर्णयार्थ पेश गरेकोमा सो वार्षिक साधारण सभाबाट आवश्यक अध्ययन गरी ने.बा.ए.को आगामी कार्यकारिणी परिषद् समक्ष निर्णयार्थ पेश गर्ने भनी निर्णय भएकोमा यस कार्यकारिणी परिषद्को बैठकमा ब्यापक छलफल हुँदा सर्वोच्च अदालतका न्यायाधीशको पदावधिका सम्बन्धमा एक अध्ययन समिति गठन गरी सो सम्बन्धी निर्णय गर्नका लागि ने.बा.ए.को आगामी राष्ट्रिय सम्मेलनमा प्रस्ताव पेश गर्न ने.बा.ए. कार्यसमितिलाई यो बैठक निर्देश गर्दछ ।

**घोषणा-पत्र तयारी समिति**

संयोजक :-

वरिष्ठ अधिवक्ता श्री माधवप्रसाद खनिया

सदस्यहरु :-

अधिवक्ता श्री कपिलमणि पौडेल, अधिवक्ता श्री जगन्नाथ भण्डारी, अधिवक्ता श्री राजकुमार श्रेष्ठ, अधिवक्ता श्री प्रकाश महर्जन, अधिवक्ता श्री पुन्देवी महर्जन, अधिवक्ता श्री दमन बहादुर चन्द, अधिवक्ता श्री नारायण गिरी, अधिवक्ता श्री यज्ञमणी न्यौपाने, अधिवक्ता श्री गणेश बहादुर ओली, अधिवक्ता श्री पवित्रा सुवेदी, अधिवक्ता श्री परहंश केशरी, अधिवक्ता श्री गोपीलाल देवकोटा

२०८० मङ्सिर २५ गते, सोमबार, सौराह, चितवन, बागमती प्रदेश ।

## केन्द्रीय कार्यकारिणी परिषद्‌को बैठक :-

- नेपाल बार एशोसिएशनद्वारा २०८१ साल मंसिर २४ गतेका दिन मुलुकको प्रमुख पर्यटकीय सुन्दर नगरी पोखरामा केन्द्रीय कार्यकारिणी परिषद्‌को ५०औं बैठक भव्यताकासाथ सम्पन्न भयो । उक्त बैठकले देहायबमोजिमको निर्णय गरेको हुँदा यहाँहरुको जानकारी र अभिलेखीकरणका लागि यहाँ प्रस्तुत गरिएको छ ।

*"सक्षम कानून व्यवसायी, मर्यादित बार : न्यायपालिकाको पुनर्संरचना लोकतन्त्र सुदृढीकरणको आधार"*

***नेपाल बार एशोसिएशन***

***केन्द्रीय कार्यकारिणी परिषद्‌को ५० औं बैठक***

*२०८१ मङ्सिर २४ गते, पोखरा, कास्की, गण्डकी प्रदेश ।*

### *निर्णय*

***नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकालदेखि नै केन्द्रीय कार्यकारिणी परिषद्‌को बैठकले नेपाल बार एशोसिएशन तथा न्याय तथा न्यायलयसँग सम्बन्धित विषयमा निर्णय गर्दै आएको कुरालाई आत्मसात गर्दै;***

***नेपालको संविधानमा व्यवस्थित मौलिक हकहरुको पूर्ण रुपमा कार्यान्वियन गरी संविधानले परिकल्पना गरेको कानूनी अधिकारको रक्षा गर्दै त्यसको कार्यान्वियन गरी विधिको शासन निर्माण गर्नुपर्ने आवश्यकतालाई आत्मसात गर्दै;***

***नेपाल बार एशोसिएशनको गरिमामय ईतिहासको स्मरण गर्दै नेपाल बार एशोसिएशनद्वारा "सक्षम कानून व्यवसायी, मर्यादित बार : न्यायपालिकाको पुनर्सरचना लोकतन्त्र सुदृढीकरणको आधार" भन्ने मूल नाराकासाथ सम्बत् २०८१ मङ्सिर २४ गते, पोखरामा सम्पन्न ५० औं केन्द्रीय कार्यकारिणी परिषद्‌को बैठकद्वारा निम्न बमोजिम निर्णय गरिएको छः-***

*१. न्याय परिषद् नियमावली, २०७४ (पहिलो संशोधन) मा गैर संवैधानिक रुपमा गरिएको संशोधन खारेज नगर्दासम्म नेपाल बार एशोसिएशनले सो सम्बन्धमा सञ्चालन गर्दै आएको विरोधका कार्यक्रम निरन्तर जारी रहीरहेको अवस्थामा काठमाडौं जिल्ला अदालत बार एकाईले आयोजना गरेको डिजिटल बारको उद्घाटन कार्यक्रममा प्रमुख अतिथिको रुपमा नेपाल बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री गोपाल कृष्ण घिमिरेज्यूले न्याय परिषद्‌ले गरेको निर्णयको विषयमा आन्दोलनकै क्रममा दिनु भएको अभिव्यक्तिलाई आधार बनाई प्रतिवेदन उठाउन लगाई सर्वोच्च अदालतले नेबाएका अध्यक्ष विरुद्धमा अदालतको अवहेलना मुद्दा दर्ता गराई विचाराधिन रहेको मुद्दालाई यथाशिघ्र खारेज गरी बार बेञ्चको सम्बन्धलाई थप सुमधुर बनाउन जोडदार माग गर्ने निर्णय गरियो ।*

*२. नेपालको संविधानको भावना र मर्म अनुसार संवैधानिक व्यवस्थाको पूर्ण रुपमा कार्यान्वियनको अपिल गर्दै संवैधानिक व्यवस्थाको विरुद्ध भईरहेको प्रहारको घोर निन्दा गर्दै संविधानको पूर्ण परिपालना एवम् न्यायपालिकाको पुर्नसंरचनाका लागि यो बैठक नेपाल बार एशोसिएशनको सक्रिय भूमिका निर्वाह गर्न निर्देश गर्दै उच्च स्तरीय संविधान कार्यान्वियन अध्ययन आयोग गठन गर्नका लागि आवश्यक पहल गर्न आव्हान गर्दछ ।*

*३. कानून व्यवसायीहरुको निरन्तर शिक्षा, तालिम तथा क्षमता अभिवृद्धिका लागि लयर्स एकेडेमीलाई नेपाल बार एशोसिएशनको नेतृत्वमा स्थापना गरी तत्काल सञ्चालनमा ल्याउन यो बैठक निर्देश गर्दछ ।*

*४. नेपाल कानून व्यवसायी परिषद् ऐन संशोधनका लागि देशैभरीका बार एकाई तथा कानून व्यवसायीहरुसँगको परामर्शमा ऐनको मस्यौदा भईरहेकोमा ल फर्म दर्ता तथा कानून व्यवसायीले तिर्नुपर्ने कर लगायतका विषयका सम्बन्धमा गहन छलफल गरी संशोधन गर्न आवश्यक पहल गर्न यो बैठक निर्देश गर्दछ ।*

*५. विस्तृत शान्ति सम्झौता भएको २ दशक पुग्न लाग्दा पनि संक्रमणकालीन न्याय सम्बन्धी प्रक्रिया हालसम्म टुंगोमा पुग्न नसकेकोमा गम्भीर सरोकारको विषय बनेको सर्बविदितै छ । यसबाट पीडितको न्याय र परिपुरणको अधिकार सुनिश्चित गर्न तथा गम्भिर अपराधमा दण्डहीनताको अन्त्य गर्नका लागि सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन संशोधन भई जारी भएको परिप्रेक्षमा विस्तृत शान्ति सम्झौता, सर्वोच्च अदालतको फैसला तथा अन्तर्राष्ट्रिय मापदण्डलाई आधार मानी तत्काल संक्रमणकालिन न्याय टुङ्गोमा पुऱ्याउन नेपाल सरकार लगायत सरोकारवाला सबैमा जोडदार माग गर्ने निर्णय गरियो ।*

*६. न्यायपालिकाभित्र विद्यमान रहेको विभिन्न किसिमका विकृती, विसंगति, भ्रष्ट्राचार, अनियमितता, ढिलासुस्ती, लगायतका विकृतिहरुको समाधानका लागि सर्वोच्च अदालतका तत्कालिन माननीय न्यायाधीश हरिकृष्ण कार्कीज्यूको संयोजकत्वमा अध्ययन भई सार्वजनिक भएको प्रतिबेदन सर्वोच्च अदालतको पूर्ण बैठकबाट ग्रहण गरी तत्काल अक्षरशः कार्यान्वयन गरी न्यायिक सुशासन कायम गर्न यो कार्यकारिणी परिषद्‌को बैठक जोडदार माग गर्ने निर्णय गर्दछ ।*

*७. नेपाल सरकारद्वारा जारी भएको मौजुदा मर्यादाक्रममा कानून व्यवसायीहरुलाई राज्यको मर्यादाक्रममा यथोचित स्थानमा समावेश गराउनका लागि आवश्यक पहल गर्न यो बैठक सम्बन्धित निकायसमक्ष माग गर्ने निर्णय गर्दछ ।*

*८. अदालतबाट मुद्दाको सुनुवाई हुँदा सुनुवाई भएकै दिन निर्णय सुनाउनुपर्ने सम्बन्धमा आवश्यक पहल गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय गरियो ।*

९. नेपाल सरकार अन्तरगतका विभाग वा सो सरहका निकायको कार्यउपर असाधारण क्षेत्राधिकार क्षेत्र अन्तरगत पर्ने रिट निवेदन उच्च अदालतले हेर्ने र जिल्ला अदालतहरुलाई आफ्ना जिल्ला भित्रका अर्ध न्यायिक निकायहरुको निर्णय उपर सम्पूर्ण रिट निवेदनहरुको काम, कारवाहीको अधिकार क्षेत्र कायम गर्न यो बैठक तत् तत् निकायहरुको ध्यानाकर्षण गराउने निर्णय गर्दछ ।

१०. (क) मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ को साविककै कानूनी व्यवस्था कायम हुने गरी उक्त दफामा अविलम्ब संशोधन गर्न गराउन सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने गराउने निर्णय गरियो ।

(ख) शुरु तहमा जरिवाना माग भएको अवस्थामा पुनरावेदन तहमा पुनरावेदन गर्दा जरिवाना, क्षतिपूर्ती अग्रिम रुपमा बुझाउनु पर्ने गरी अदालतबाट हुँदै आएको ब्याख्याले व्यक्तिको संवैधानिक अधिकारको रुपमा रहेको पुनरावेदकीय अधिकारलाई सिमित गर्ने हुंदा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १३७ मा आवश्यक परिमार्जन गर्ने गरी संशोधन गर्न माग गर्ने ।

(ग) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को कार्यविधि अपनाएर फैसला भएका मुद्दाहरुमा व्यक्तिको बिगो वापत कैद गराउदा लाग्ने सिधा खर्च ऐ. दफा १६५(११) अनुसार नेपाल सरकारले व्यहोर्नु पर्ने व्यवस्था सहज ढंगले अदालतबाट प्रदान गरिनु पर्ने ।

(घ) मुलुकी देवानी कार्यविधि संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अदालती प्रयोगमा देशभरीका अदालतहरुमा एकरुपता कायम हुन जोडदार माग गर्ने ।

(ङ) पुनरावेदनको म्याद कायमै रहेको अवधिमा फौजदारी मुद्दामा फैसला कार्यान्वयको प्रक्रिया अघि नबढाउनको लागि सम्वन्धित निकायहरुसंग जोडदार माग गर्ने ।

(च) फैसला उपर पुनरावेदन गर्दा बिगो र क्षतिपूर्ती समेत लिने कानून विपरितको अदालती अभ्यासलाई अविलम्ब रोक्ने तर्फ पहल गर्ने निर्देश गर्ने ।

(छ) पुनरावेदन गर्दा जरिवाना समेत बुझाउनु पर्ने कानूनी व्यवस्थाले पुनरावेदकीय अधिकारमा आघात पर्न गई विधिशास्त्रीय दृष्टिकोणबाट समेत न्यायपूर्ण नहुँदा अन्तिम फैसला नभई जरिवाना समेत असुल उपर नगरी पुनरावेदन दर्ता गर्ने सम्बन्धी कानून संशोधन गर्न आवश्यक पहल गर्न निर्देश गर्ने ।

११. कानून व्यवसायीले व्यावसायिक आचार संहितामा रही सम्पादन गरिने काम, कारवाहीको विषयलाई लिएर विभिन्न किसिमको लान्छना, मुद्दा, मामिला गर्ने तथा भौतिक आक्रमण समेत हुने गरेकोमा यो बैठक दुःख व्यक्त गर्दछ । अतः कानून व्यवसायीको सुरक्षाको विषयका सम्बन्धमा आवश्यक पहल गर्न नेपाल कानून व्यवसायी परिषद् लगायत सम्बन्धित निकायलाई यथोचित व्यवस्थापनका लागि जोडदार माग गर्ने निर्णय गरियो ।

१२. मुद्दा दर्तादेखि तारेख लिने लगायतका अन्य अदालती काम कारवाहीलाई विद्युतीय प्रणाली (अनलाईन माध्यम) बाट सेवा प्रवाह गर्न आवश्यक देखिएकोले सो सम्बन्धी प्रवन्ध गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

१३. विशेष अदालत, श्रम अदालत, राजश्व न्यायाधीकरण, ऋण असुली न्यायाधीकरण लगायतका न्यायाधीकरणहरु केन्द्रमा मात्र केन्द्रिकृत भइरहेको हुँदा कम्तिमा प्रदेशस्तरीय रुपमा गठन गरी कार्यान्वयन गराउन यो बैठक तत् तत् निकायहरुको ध्यानाकर्षण गराउँने निर्णय गर्दछ ।

१४. सम्पूर्ण कानून व्यवसायीहरुको सामाजिक सुरक्षा प्रत्याभूती गर्नका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध हुने प्रवन्ध तत्काल गर्नका लागि यो बैठक नेपाल बार एशोसिएशनलाई निर्देश गर्दछ ।

१५. नेपाल संघीय समाजवादी शासन प्रणालीतर्फ उन्मुख भएकोले संघीय शासन प्रणाली अनुरुप नेपाल बार एशोसिएशनको संरचना नेपाल बार एशोसिएशनको विधान, २०४८ (संशोधन सहित) मा कायम गर्न आगामी साधारण सभामा प्रस्ताव पेश गर्ने गरी नेपाल बार एशोसिएशनलाई यो बैठक निर्देश गर्दछ ।

१६. उच्च अदालतलाई अर्ध न्यायिक निकायले गरेको निर्णय वा फैसला जिल्ला अदालतबाट पुनरावेदनको रोहमा हेरिएका मुद्दाका सम्बन्धमा दोहोर्‍याई हेर्न पाउने अधिकारका लागि आवश्यक पर्ने कानूनी व्यवस्था गर्नका लागि आवश्यक पहल गर्न नेबाएलाई निर्देश गर्दछ ।

१७. कानून व्यवसायी महिलाको पेशागत हकहित, दक्षता तथा सुरक्षा र लैंगिक सवाल, सामाजिक न्याय र न्यायमा पहुँचका लागि लैंगिक नीति निर्माण गर्नको लागि समिति गठन गर्न आवश्यक पहल गर्ने तथा यस सम्बन्धमा विभिन्न सम्मेलनबाट पारित घोषणापत्रहरु अध्ययन र कार्यान्वियन गर्न समिति गठन गरी सो को प्रतिवेदन आगामी परिषद् बैठक समक्ष पेश गर्न यो बैठक ने.बा.ए.लाई निर्देश गर्दछ ।

१८. राजनीतिक विचार र आस्थाका आधारमा व्यक्तिलाई बन्दी बनाउने क्रम हालसम्म पनि कायम रहेको हुँदा नेपालको संविधान, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा लोकतान्त्रिक मूल्य र मान्यतामा रहेर आस्थाका आधारमा कसैलाई पनि बन्दी नबनाउन तथा नेपाल सरकारसँग भएका सम्झौता अनुरुप हालसम्म पनि बन्दी रहेका आस्थाका बन्दीहरुलाई तत्काल कानून संशोधन गरी सरकारसँग भएको सहमति अनुसार तत्काल रिहा गर्न गत ४९ औं बैठकबाट नेपाल सरकार समक्ष जोडदार माग गर्ने गरी निर्णय गरिएकोमा सो अनुसार अध्ययन भए नगरेको पाइएकोले अविलम्ब सो पारित घोषणापत्रहरु, निर्णयहरुका सम्बन्धमा कार्यान्वियन गर्न एक कार्यान्वियन समिति गठन गरी सोको प्रतिवेदन आगामी परिषद् बैठक समक्ष पेश गर्न यो बैठक नेबाएलाई निर्देश गर्ने निर्णय गर्दछ ।

१९. नवोदित कानून व्यवसायीको व्यवसायिक दक्षता अभिवृद्धिका लागि विशेष पहल गर्न गरी कानून व्यवसायी आचार संहिताको पालना भए नभएको अनुगमन गर्न तथा स्थानीय सरकार अन्तरगतका सम्पूर्ण पालिका तथा वडामा अनिवार्य कानूनी सल्लाहकार राख्ने व्यवस्था मिलाउनका लागि यो बैठक सम्बन्धित निकायसँग जोडदार माग गर्ने निर्णय गर्दछ ।

२०. स्थानीय सरकारले बनाएको कानून संविधान एवम् संघीय कानूनसँग बाझिएको विवादहरु उच्च अदालतको क्षेत्राधिकारभित्र कायम गर्न कानून संशोधनको लागि सम्बन्धित निकायसँग जोडदार माग गर्ने निर्णय गर्दछ ।

२१. सर्वोच्च अदालतको न्यायाधीशको पदावधि संविधानमा सुनिश्चित नहुँदा न्यायपालिकाको स्वच्छता, निर्भिकता र स्वतन्त्रतामा ह्रास आएको भन्ने नेबाएद्वारा गठित न्यायपालिकाको पुनर्संरचना अध्ययन तथा सुझाव समितिले प्रदेशस्तरीय भेलासमेतबाट राय संकलन गरी पेश गरेको प्रतिवेदन एवं नेबाएको सुर्खेतमा सम्पन्न वार्षिक साधारण सभा र चितवनमा सम्पन्न केन्द्रीय कार्यकारिणी परिषद्को ४९ औं बैठक समेतबाट गरेको निर्णय तथा निर्देशन एवं राष्ट्रिय सम्मेलनबाट घोषणा भए बमोजिम सर्वोच्च अदालतमा नियुक्त हुने न्यायाधीशहरुको पदावधि तोक्ने सम्बन्धमा आवश्यक पुनरावलोकन गरी संविधान संशोधन गर्न संघीय संसद र राजनीतिक दललाई ध्यानाकर्षण गराउने एवम् यसका लागि पहल गर्न, गराउन यस सम्बन्धमा अध्ययन गर्न नेबाएलाई निर्देशन गर्ने निर्णय गरियो ।

२२. तत्कालिन विद्रोही पक्ष र नेपाल सरकारबीच भएको विस्तृत शान्ति सम्झौता बमोजिमका कामहरु हालसम्म पनि कार्यान्वियन नभएको हुँदा तत्काल कार्यान्वियन गरी नेपालमा शान्ति सुव्यवस्था कायम गर्नका लागि सत्य निरोपण तथा मेलमिलाप आयोगहरुलाई अविलम्ब गठन गरी हालसम्म रहेका आस्थाका बन्दीहरुलाई ससम्मान तत्काल रिहाईको लागि जोडदार माग गर्ने निर्णय गरियो ।

२३. नेपाल बार एशोसिएशनको महिला समितिका कार्यक्रमलाई मोफसलसम्म पनि पुर्‍याउन पहल गर्न नेपाल बार एशोसिएशनलाई निर्देश गर्दछ ।

२४. नेपाल बार एशोसिएशनका संरचनाहरु अपांग मैत्री एवम् सहभागीमूलक हुने गरी नेपाल बार एशोसिएशनको विधानमा उचित व्यवस्था गर्नको लागि निर्देश गर्ने निर्णय गरियो ।

२५. *नेपाल कानून व्यवसायी परिषद्ले कानून व्यवसायीहरुको नवीकरण तथा सदस्यता दर्ता गर्दा दोहोरो शुल्क लिने गरिएकोले सोलाई सुधार गर्नकोलागि नेपाल कानून व्यवसायी परिषद्मा समन्वय गर्न नेबाएलाई निर्देश गर्ने निर्णय गरियो ।*
२६. *नवोदित कानून व्यवसायीहरुको सदस्यता वितरणमा सहजिकरण गर्दै क्षमता अभिवृद्धिमा जोड दिने निर्णय गरियो ।*
२७. *नेपाल बार एसोसियशनका तर्फबाट न्याय परिषद सदस्य शिफारिस गर्न उपयुक्त मापदण्ड सहितको कार्यविधि बनाई लागू गर्ने निर्णय गरियो ।*
२८. *मिति २०८१ मंसिर २२ गते सम्मानित सर्वोच्च अदालतले वरिष्ठ अधिवक्ताको प्रमाणपत्र वितरण कार्यक्रममा नेपाल बार एशोसिएशनका अध्यक्षज्यूलाई संस्थागत रुपमा सम्बोधन नगरिएको विषयमा यो बैठक खेद प्रकट गर्ने निर्णय गर्दछ ।*

*अन्त्यमा, बिगतका नेपाल बार एशोसिएशनको कार्यकारिणी परिषद्को बैठकमा भएका निर्णयहरु कार्यान्वियन भए, नभएको अध्ययन गरी परिषद्को अर्को बैठकमा प्रतिबेदन पेश गर्न नेबाएलाई निर्देश गर्दछ ।*

**निर्णय मस्यौदा समिति**

वरिष्ठ अधिवक्ता श्री कृष्ण बहादुर थापा, संयोजक

सदस्यहरु

अधिवक्ता श्री कृष्ण प्रसाद सुवेदी, अधिवक्ता श्री ज्ञानेन्द्र प्रसाद अधिकारी, अधिवक्ता श्री उमेश प्रसाद जैसवाल, अधिवक्ता श्री सुकदेव गौतम, अधिवक्ता श्री कल्पिता मर्सानी, अधिवक्ता श्री कमल प्रसाद पोखरेल, अधिवक्ता श्री बेदनाथ भण्डारी, अधिवक्ता श्री खिमानन्द अधिकारी, अधिवक्ता श्री कल्पना कुमारी भण्डारी, अधिवक्ता श्री रमेश बहादुर खड्का, अधिवक्ता श्री टीका बहादुर कुँवर, अधिवक्ता श्री भगवती पहारी, अधिवक्ता श्री दुर्गेश राज पन्त, अधिवक्ता श्री दामोदर तिम्सिना (चिरन)

अधिवक्ता श्री भरत कुमार लकाई, सहजकर्ता, सचिव नेबाए

२०८१ मङ्सिर २४ गते, आइतबार, पोखरा, कास्की, गण्डकी प्रदेश ।

## मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठी, २०२४ :-

- नेपाल बार एशोसिएशनले आफ्नो वार्षिक क्यालेण्डर अनुसार प्रत्येक वर्ष डिसेम्बर १० का दिन आयोजना गर्दै आईरहेको कार्यक्रम पोखरामा अत्यन्त हर्षोल्हासकासाथ सम्पन्न भएको छ । जसबाट देहाय अनुसारको घोषणा समेत जारी भएको बेहोरा यस सम्मानित सभा समक्ष अवगत गराउन पाउँदा हामी अत्यन्तै हर्षित छौं ।

*"दिगो शान्ति र विकासको आधार: विधिको शासन र मानव अधिकार"*

***नेपाल बार एशोसिएशन***
***मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठी***
*२०८१ मङ्सिर २५ गते, पोखरा, कास्की, गण्डकी प्रदेश ।*

***घोषणा-पत्र***

***लोकतन्त्र, मानव अधिकार, विधिको शासन तथा स्वतन्त्र निष्पक्ष सक्षम न्यायपालिकाको पक्षमा नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकालदेखि नै निर्वाह गर्दै आएको भूमिकालाई आत्मसात गर्दै;***
***संविधान प्रदत्त मौलिक हकहरुको पूर्ण रुपमा कार्यान्वियन गरी संविधानले परिकल्पना गरेको मानव अधिकारको रक्षा गर्दै त्यसको कार्यान्वयन गरी मानव अधिकारमैत्री समाज निर्माण गर्नुपर्ने आवश्यकतालाई आत्मसात गर्दै;***
***नेपालको संविधानवमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून अन्तर्गतका दायित्वहरुको परिपालना गर्नुपर्ने आवश्यकतालाई मनन गर्दै नेपाल बार एशोसिएशनको मिति २०८१ मङ्सिर २५ गते (१० डिसेम्बर २०२४) का दिन सम्पन्न मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठीबाट यो पोखरा घोषणा-पत्र जारी गरिएको छ ।***

१. *न्याय परिषद् नियमावली, २०७४ (पहिलो संशोधन) मा गैर संवैधानिक रुपमा गरिएको संशोधन खारेज नगर्दासम्म नेपाल बार एशोसिएशनले सो सम्बन्धमा सञ्चालन गर्दै आएको विरोधका कार्यक्रम निरन्तर जारी रहीरहेको अवस्थामा काठमाडौं जिल्ला अदालत बार एकाईले आयोजना गरेको डिजिटल बारको उद्घाटन कार्यक्रममा प्रमुख अतिथिको रुपमा नेपाल बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री गोपाल कृष्ण घिमिरेज्यूले न्याय परिषद्ले गरेको निर्णयको विषयमा आन्दोलनकै क्रममा दिनु भएको अभिव्यक्तिलाई आधार बनाई पूर्वाग्रही भई प्रतिवेदन उठाउन लगाई सर्वोच्च अदालतले नेबाएका अध्यक्ष विरुद्धमा अदालतको अवहेलना मुद्दा दर्ता गराउने कार्य वाक् तथा अभिव्यक्ति स्वतन्त्रता विरुद्ध भएकोले सो विचाराधिन रहेको मुद्दालाई यथाशिघ्र खारेज गरी बार बेञ्चको सम्बन्धलाई थप सुमधुर बनाउन सम्मानित सर्वोच्च अदालतको ध्यानाकर्षण गराउँदछ ।*
२. *संवैधानिक सर्वोच्चता, कानूनी शासन, शक्तिपृथकीकरणको सिद्धान्त र स्वतन्त्र न्यायपालिकाको सुदृढीकरणका लागी संविधान र कानून एवं नेपाल पक्ष भएका विभिन्न मानव अधिकार सम्बन्धी दस्तावेजहरुले सुनिश्चित गरेको मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्धन गरी*

मानव अधिकार संस्कृतिको निर्माण र विधिको शासन स्थापनाकोलागि आवश्यक प्रवन्ध गर्न यो गोष्ठी सम्बन्धित सबै सरोकारवालाहरुको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

३. अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धि कानून, नेपालको प्रचलित कानून तथा संविधानको धारा २० द्वारा सुनिश्चित गरिएको फौजदारी न्याय सम्बन्धि हकको प्रभावकारी कार्यान्वयनका लागि कुनै पनि व्यक्तिलाई पक्राउ गरी मुद्दा चलाउँदा अपनाउनुपर्ने न्यूनतम् मापदण्ड पालना गरी मानव अधिकारको पूर्ण परिपालनाको लागि सम्बन्धित सबै पक्षको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

४. संविधान प्रदत्त मौलिक हकको प्रत्याभूतीको लागि आवश्यक कानून तथा संयन्त्र निर्माण गरी सोको प्रभावकारी कार्यान्वयन गर्दै मानव अधिकार संरक्षणलाई संस्थागत गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

५. राजनीतिक विचार र आस्थाका आधारमा व्यक्तिलाई बन्दी बनाउने क्रम हालसम्म पनि कायम रहेको हुँदा नेपालको संविधान, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा लोकतान्त्रिक मूल्य र मान्यतामा रहेर आस्थाका आधारमा कसैलाई पनि बन्दी नबनाउन तथा नेपाल सरकारसँग भएका सम्झौता अनुरुप तत्काल कानून संशोधन गरी सरकारसँग भएको सहमति अनुसार राजनीतिक आस्थाका बन्दीहरुलाई तत्काल रिहा गर्न यो गोष्ठी नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

६. विस्तृत शान्ति सम्झौता भएको करिब दुई दशक पुग्दा पनी संक्रमणकालिन न्याय प्रक्रिया हालसम्म टुंगोमा पुग्न नसकेकोमा हाम्रो गम्भीर चासो र सरोकार रहेको हुँदा हाल प्रारम्भ भएको आयोग गठन प्रक्रिया यथाशिघ्र सम्पन्न गरी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुरयाउन सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका पदाधिकारीको नियुक्ति प्रक्रिया पारदर्शि ढंगबाट गर्ने र आयोगहरुलाई श्रोत साधन र अधिकार सम्पन्न बनाई पीडित केन्द्रित न्याय र तत्काल परिपूरणको व्यवस्था गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौ । साथै संक्रमणकालीन न्याय सम्बन्धी कानुनलाई सर्वोच्च अदालतको फैसला, अन्तर्राष्ट्रिय मापदण्ड तथा पीडितको भावना अनुसार आवश्यक परिमार्जन गर्न समेत सम्बन्धित सरोकारवालाहरुसँग यो गोष्ठी जोडदार माग गर्दछ ।

७. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलामिलाप आयोग ऐनमा सशस्त्र द्वन्द्वका समयमा गरिएका यौनजन्य हिंसाको परिभाषा अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुरुप नभएको हुँदा उक्त परिभाषा संसोधन गरी यौनजन्य हिंसाका घटनालाई गम्भीर मानव अधिकार उल्लंघनको रुपमा परिभाषित गरी उजुरीकर्ता तथा पीडितको गोपनीयता र सुरक्षाको सुनिश्चितता गर्नका साथै आयोगहरुलाई लैंगिक मैत्री बनाई पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न आवश्यक कार्यविधी, मापदण्ड, निर्देशिका बनाउन तथा सोको प्रभावकारी कार्यान्वियन गर्न यो गोष्ठी नेपाल सरकार तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरुसँग जोडदार माग गर्दछ ।

८. फौजदारी न्याय प्रक्रियामा एक वर्षसम्म कैद सजाय भएका मुद्दाहरुमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को कैद वापत रकम तिरी कैद मुक्त हुने साविक व्यवस्था परिवर्तन गरी एक वर्षसम्म सजाय माग भएका मुद्दामा मात्र यो सुविधा दिने भनी संहितामा गरेको संशोधित व्यवस्थाले दण्डको सुधारात्मक व्यवस्था कार्यान्वयनमा आउन नसकेको र व्यक्तिको वैयत्तिक स्वतन्त्रता तथा मानव अधिकारको संरक्षण हुन नसकेको सन्दर्भमा दफा १५५ को साविकको व्यवस्थालाई नै कायम हुने गरी कानुन संशोधन गर्न सम्बन्धित निकायको यो गोष्ठी गम्भीर ध्यानाकर्षण गराउँदछ ।

९. शुरु तहमा जरिवाना माग भएको अवस्थामा पुनरावेदन तहमा पुनरावेदन गर्दा जरिवाना, क्षतिपूर्ती अग्रिम रुपमा बुझाउनु पर्ने गरी अदालतबाट हुँदै आएको ब्याख्याले व्यक्तिको संवैधानिक अधिकारको रुपमा रहेको पुनरावेदकीय अधिकारलाई सिमित गर्ने हुंदा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १३७ मा आवश्यक परिमार्जन गर्ने गरी संशोधन गर्न यो गोष्ठी सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

१०. नेपाली नागरिक आमाको नामबाट सन्तानहरुले नागरिकता प्राप्त गर्ने तथा जन्मका आधारमा नागरिकता प्राप्त अभिभावकका सन्तानहरु नागरिकता विहीन भई पहिचानको अधिकारबाट बञ्चित भई निजहरुको संविधान प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक समेत हनन भएको अवस्थामा त्यस्तो समस्या समाधान गर्न ऐन तथा नियमावली निर्माण भएता पनि कतिपय जिल्लाहरुमा प्रभावकारी कार्यान्वन नभएकोले प्रचलित कानूनको प्रभावकारी कार्यान्वयनका लागि यो गोष्ठी नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

११. नेपालको संविधान र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन नभएकोमा यो गोष्ठी गम्भिर सरोकार व्यक्त गर्दछ । अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी अनुरुप नेपालका कानून् तथा नीतिहरु परिमार्जन गर्दै अपांगता भएका व्यक्तिहरुको न्यायमा पहुँच सुनिश्चित गर्न अदालत तथा न्यायिक निकायका भौतिक लगायत आवश्यक संरचनाहरु अपांगता मैत्री बनाउने तथा न्याय प्रक्रियामा त्यस्ता व्यक्तिहरुलाई सहजता प्रदान गर्न अपांगतामैत्री कार्यविधि अपनाउन यो गोष्ठी सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

१२. पक्राउ परेको व्यक्तिलाई कानून व्यवसायी मार्फत सल्लाह लिन पाउने निजको मौलिक हकको कार्यान्वयन गर्न सम्बन्धित सबै निकायको ध्यानाकर्षण गराउदछ ।

१३. कतिपय अवस्थामा सामाजिक सञ्जाल तथा विद्युतीय सञ्चार माध्यमबाट आरोपित तथा पीडित व्यक्तिहरुको संविधान, प्रचलित नेपालको कानून र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सम्झौता अर्न्तगत प्रत्याभूत गरिएको गोपनीयताको हकको उल्लंघन भई उनीहरुको आत्मसम्मानमा समेत आँच आएको हुँदा पीडित तथा आरोपितहरुको बारेमा सूचना तथा समाचार सम्प्रेषण गर्दा विशेष संवेदनशीलता अपनाउन सम्बन्धित पक्षहरुलाई यो गोष्ठी आव्हान गर्दछ । साथै यस्तो कार्यलाई नियमन गरी जवाफदेही बनाउँदै पीडितको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूती गर्न सम्बन्धित निकाय समक्ष यो गोष्ठी माग गर्दछ ।

१४. वाढी, पहिरो, भुकम्पजस्ता प्राकृतिक प्रकोपको वेला विना कुनै भेदभाव राहत उपलब्ध गराउनु अत्यावश्यक देखिन्छ भने राहतमा भेदभाव गर्ने गराउने कुरालाई निरुत्साहीत गर्न तथा राहत वितरणमा भेदभाव गर्नेलाई जवाफदेही बनाउन समेत सम्बन्धित निकाय समक्ष यो गोष्ठी ध्यानाकर्षण गराउँदछ ।

१५. कानून व्यवसायीहरुले आफ्नो पेशागत कर्तव्य निर्वाह गरिरहँदा अनावश्यक र गैरकानूनी तवरले कानून व्यवसायीहरुमाथि आक्रमण भईरहेको विश्वभरका घटनाक्रमहरु गम्भीर चिन्ताका विषय हुन, त्यस्ता घटनाहरु समेतलाई मध्यनजर गरी कानून व्यवसायीहरुको सुरक्षाको उचित प्रबन्ध मिलाउन र कानून व्यवसायीमाथि आक्रमण गर्ने व्यक्तिहरु उपर आवश्यक कानूनी कारवाही गर्न सम्बन्धित निकायहरुको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

१६. अधिकांश कारागार तथा सुधार गृहको भौतिक संरचना जिर्ण अवस्थामा रहेको, कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी राख्ने तथा कैदी बन्दीहरुको आधारभूत मानव अधिकारको संरक्षण हुन नसकेको अवस्थाप्रति हाम्रो गम्भीर चासो र सरोकार रहेको हुँदा कारागार तथा सुधार गृहको चुस्त दुरुस्त व्यवस्थापन गरी कैदी बन्दीको आधारभूत मानव अधिकारको प्रत्याभूती गर्नु भनी यो गोष्ठी नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

१७. जलवायु परिवर्तनका कारण पर्नसक्ने नकरात्मक प्रभावको आंकलन गरी राज्यले सिमान्तकृत र विपन्न घरपरिवारको आधारभूत मानव अधिकारको संरक्षण तथा सुनिश्चिता गर्न यो गोष्ठी जोडदार माग गर्दछ ।

**२६ औं कार्यसमितिकोतर्फबाट नेबाए महासचिवद्वारा प्रस्तुत**

१८. लैंगिक हिंसाका घटनालाई संबोधन गर्ने कानून निर्माण गरी सो सम्बन्धमा सरकारले विभिन्न कार्यक्रमहरु समेत ल्याएता पनि समाजमा जेष्ठ नागरिक, महिला तथा बालबालिकामाथि हुने लैंगिक हिंसाका घटनाहरु दिनप्रतिदिन बढ्दै गईरहेको सन्दर्भमा यसलाई नियन्त्रण गर्न संघ, प्रदेश र स्थानीय सरकारहरुले कानूनको उचित कार्यान्वियन गरी पीडितको संरक्षण र सहज कानूनी उपचारको व्यवस्था गर्दै हिंसा गर्ने व्यक्तिलाई सार्वजनिक पदमा नियुक्ति गर्न नहुने व्यवस्था गर्न यो गोष्ठी जोडदार माग गर्दछ, साथै प्रविधिको विकाससँगै बढ्दो रुपमा रहेको विद्युतीय माध्यमबाट गरिने लैंगिक हिंसाका घटनाहरुलाई सम्बोधन गर्न कानून तथा संयन्त्र निर्माण गर्न र त्यसको प्रभावकारी कार्यान्वियन गर्न समेत गर्न यो गोष्ठी जोडदार माग गर्दछ ।

१९. उपभोक्ता अदालत गठन गर्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला कार्यान्वयन गर्न उपभोक्ता अदालत तत्काल गठन गरी उपभोक्ताको न्यायमा पहुँचको अधिकार सुनिश्चित गर्न यो गोष्ठी जोडदार माग गर्दछ ।

२०. व्यवसाय र मानव अधिकार (Business and Human Rights) राष्ट्रिय कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो गोष्ठी जोडदार माग गर्दछ ।

२१. सामाजिक कुरितिको रुपमा विद्यमान रहेको अपमानजनक तथा भेदभावपूर्ण व्यवहारहरु, जातीय विभेद तथा छुवाछुत, लैंगिकताका आधारमा हुने छुवाछुत लैंगिकतामा आधारित हिंसा लगायतका विभेदहरुको समुल अन्त्य गर्न आवश्यक ऐन, कानून तथा संयन्त्र निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपालका तीनै तहका सरकार समक्ष यो गोष्ठी अपिल गर्दछ । साथै यसको प्रभावकारी प्रयोग र कार्यान्वयनका लागि पीडित राहत कोषलाई उचित क्षतिपूर्ति तथा न्यायोचित परिपूरण प्रदान गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायको यो गोष्ठी ध्यानकर्षण गराउँदछ ।

२२. विश्वव्यापी मानव अधिकार दिवस मनाउँदै गर्दा ईजरायल, प्यालेष्टाईन, रसिया, युक्रेन, सिरिया लगायत अन्य देशहरुमा अस्पताल, विद्यालय, गैर सैनिक नागरिकका निजि आवासमा भए गरेका आक्रमण, अपहरण, बन्धक लगायत मानव अधिकार उल्लंघनका घटना, गैरन्यायिक हत्या, युद्धको कारण भोकमरी, चरम आर्थिक अभाव लगायतको मानवता विरोधी गतिविधि र मानव अधिकारको उल्लंघनका घटना तुरुन्त रोक्न तथा ईजरायल प्यालेष्टाईन युद्धमा बेपत्ता पारिएका नेपाली विद्यार्थी विपिन जोशी लगायतका व्यक्तिहरुको अविलम्व स्थिती सार्वजनिक गरी सकुशल रिहाई तथा स्वदेश फिर्तीको लागि उचित वातावरण तयार गर्न नेपाल सरकार लगायत सरोकारवाला निकायसँग यो गोष्ठी माग गर्दछ ।

२३. नेपाल पक्षका भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौता र नेपालले विभिन्न अन्तराष्ट्रिय मञ्चहरुमा व्यक्त गरेका प्रतिवद्धताहरुलाई व्यवहारिक रुपमा कार्यान्विन गर्न र नेपाल कानून सरह प्रचलनमा ल्याई मानव अधिकार संस्कृतीको दिगो विकास गर्न नेपाल सरकारलाई गम्भिर हुन यो राष्ट्रिय गोष्ठी आव्हान गर्दछ ।

२४. राष्ट्रिय मानव अधिकार आयोगद्वारा मानव अधिकार उल्लंघनमा संलग्नलाई कार्वाहीका लागि गरिएका सिफारिसहरुको कार्यान्वयन गर्न र उल्लंघनकर्ताहरुलाई जवाफदेही बनाउन अविलम्ब पहल गर्न सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदछ । साथै संविधान प्रदत्त मौलिक हकको प्रचलन तथा उपभोग गर्नमा आफ्नो पदीय जिम्मेवारी पुरा नगर्ने जिम्मेवार पदाधिकारीहरुलाई जवाफदेही बनाउन आवश्यक नीति निर्माण गर्न यो गोष्ठी नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

२५. संविधानद्वारा प्रदत्त स्वच्छ सुनुवाईको हकको प्रचलनका लागि कानून व्यवसायीहरु सबै न्यायिक तथा अर्ध न्यायिक निकायहरुमा उपस्थित भई पक्षको तर्फबाट प्रतिनिधित्व गरी बहस पैरवी गर्ने कानूनी अधिकारको पूर्ण कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउन सम्बन्धित निकायसमक्ष माग गर्दछ ।

२६. संविधानद्वारा प्रत्याभूत समावेशीताको सिद्धान्तलाई पूर्णतः कार्यान्वयन गर्न राज्यका सबै निकायहरुमा गरिने नियुक्ति तथा मनोनयनमा समावेशी सिद्धान्तलाई पूर्ण रुपमा परिपालना गरियोस भनी यो गोष्ठी नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

२७. नेपालमा रहेका भुटानी शरणार्थीमध्ये बहुसंख्यक शरणार्थीहरु UNHCR को पहलमा तेस्रो मुलुकमा व्यवस्थापन भए पनि हाल बाँकी रहेका शरणार्थीहरुमध्ये अधिकांशको परिवारका सदस्यहरु तेस्रो मुलुकमा रहेकाले निजहरुले पारिवारिक जीवन निर्वाह गर्नबाट वञ्चित हुनुपरेको एवम् साविकमा UNHCR बाट गर्दै आएको व्यवस्थापन समेत हाल कायम नरहेको कारण निजहरुको जीवन कष्टकर रहेको हुँदा उनीहरुको मानवोचित व्यवस्थापन तथा पारिवारिक पूनर्मिलनको अधिकार स्थापित गराउन UNHCR लगायतका अन्तर्राष्ट्रिय संस्थाहरुसँग आवश्यक पहल गर्न यो गोष्ठी नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

२८. लागू औषध लगायत विभिन्न दूर्व्यसनका कारण विशेषगरी युवा वर्ग कूलतबाट ग्रसित भई ज्यान समेत जोखिममा परिरहेको विकराल परिस्थितिमा निजहरुको बाँच्न पाउने अधिकारको संरक्षण गर्न तथा दीर्घ रोगबाट ग्रसित भई कमजोर आर्थिक अवस्थाका कारण उपचार गर्न नसकि मृत्युवरण गर्नुपर्ने परिस्थितिको अन्त्य गरी निजहरुको मानव भएर बाँच्न पाउने अधिकारको सुनिश्चितताको लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

२९. जाती, वर्ग तथा क्षेत्रीय पहिचानको माग गर्दै नेपालको विभिन्न कालखण्डमा भएका आन्दोलन तथा सोसँग सम्बन्धित अध्ययन प्रतिवेदनहरुको सार्वजनिकीकरण तथा ति प्रतिवेदनहरुको प्रभावकारी कार्यान्वयनका लागि यो गोष्ठी सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

३०. नेपाल बार एशोसिएशनद्वारा आयोजित मानव अधिकार सम्बन्धि राष्ट्रिय गोष्ठीबाट पारित भएका हालसम्मका घोषणपत्रहरुको कार्यान्वयन भए, नभएको अध्ययन गरी सोको प्रतिवेदन तयार गरी अर्को वर्ष आयोजना हुने गोष्ठीमा प्रतिबेदन पेश गर्न नेबाएलाई यो गोष्ठी आव्हान गर्दछ ।

७६ औं विश्व मानव अधिकार दिवसको उपलक्ष्यमा आयोजित यस गोष्ठीको समुद्घाटन समारोहमा उपस्थित भई महत्वपूर्ण सम्बोधन गरिदिनु भएकोमा सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री प्रकाशमान सिंह राउतज्यूप्रति यो गोष्ठि हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । गोष्ठीमा सक्रिय रुपमा सहभागिता जनाई आफ्नो महत्वपूर्ण मन्तव्य समेत प्रदान गर्नु हुने नेबाएका पूर्व तथा निवर्तमान अध्यक्षज्यू, उपाध्यक्षज्यू, महासचिवज्यू, कोषाध्यक्षज्यू, कार्यसमितिका सदस्यज्यूहरु, सम्पूर्ण वरिष्ठ अधिवक्ताज्यू, सम्पूर्ण बार एकाईका पदाधिकारीज्यू तथा सम्पूर्ण कानून व्यवसायीज्यूहरुप्रति यो गोष्ठी हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**घोषणा-पत्र तयारी समिति**

संयोजक :-
वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद सुबेदी

अधिवक्ता श्री अशोक कुमार पोखरेल, सदस्य - अधिवक्ता श्री डा. राजेन्द्र घिमिरे सदस्य
अविधक्ता श्री भुपेन्द्र खनाल, सदस्य - अधिवक्ता श्री गोविन्द पौडेल, सदस्य

*अधिवक्ता श्री आई बहादुर गुरुङ, सदस्य – अधिवक्ता श्री तिर्थराज ज्ञवाली, सदस्य*
*अधिवक्ता श्री लक्ष्मी पोखरेल, सदस्य – अधिवक्ता श्री विशाल चौधरी, सदस्य*
*अधिवक्ता श्री कमलराज बस्याल, सदस्य – अधिवक्ता श्री केशव प्रसाद पराजुली, सदस्य*
*अधिवक्ता श्री माधवी पाण्डेय, सदस्य – अधिवक्ता श्री शिवराज वाग्ले, सदस्य*
*अधिवक्ता श्री पुरुषोत्तम अधिकारी, सदस्य – अधिवक्ता श्री जानकी शर्मा, सदस्य*
*अधिवक्ता श्री कान्तिराम ढुंगाना, सदस्य – अधिवक्ता श्री मिना रानाभाट, सदस्य*

*अधिवक्ता श्री देवी प्रसाद कोईराला, सहजकर्ता, केन्द्रीय कार्यसमिति सदस्य*

*२०८१ मङ्सिर २५ गते, मंगलबार (10 December 2024, Tuesday)*
*पोखरा, कास्की, गण्डकी प्रदेश ।*

## कानून व्यवसायी महिलाहरुको राष्ट्रिय सम्मेलन :-

- नेपाल बार एशोसिएशन स्वतन्त्र, सक्षम तथा उत्तरदायी न्यायपालिका, विधिको शासन, लोकतन्त्र र मानव अधिकार प्रति पूर्ण प्रतिवद्ध रही दृढतापूर्वक क्रियाशिल रही आएको व्यहोरा सर्वविदितै छ । सोही क्रममा नेपाल बार एशोसिएशनले कानून व्यवसायी महिलाहरुको ३० औं राष्ट्रिय सम्मेलन मधेश प्रदेशको पर्सा, वीरगंजमा मिति २०७९ फागुन १२ गतेदेखि १४ गतेसम्म ''पेशागत उत्कृष्टता हाम्रो प्रतिवद्धता (पेशागत उत्कृष्टता हमनी के प्रतिवद्धता)'' भन्ने मूल नाराकासाथ सम्पन्न भएको थियो ।

- वर्तमान अवस्थामा नेपाल बार एशोसिएशनको भूमिका, भावी कार्ययोजना सहितको मार्गचित्र, समग्र महिला अधिकारको अवस्था र ***स्वतन्त्र न्यायपालिकाका लागी कानून व्यवसायी महिलाको भूमिका, संघीय संरचनामा महिला सहभागिता, कानून व्यववसायी महिलाको पेशागत चुनौती र वर्तमान अवस्था, लैंगिक हिंसा पीडितको न्यायमा पहुँचको अवस्था र निःशुल्क कानूनी सहायता, न्यायिक समितिका क्षेत्राधिकार तथा विवाद समाधानका चुनौतीहरु*** लगायतको विभिन्न विषयमा प्रस्तुत अवधारणा पत्र र कार्ययोजना माथि बृहत् छलफल जारी भएको घोषणापत्र देहाय बमोजिम रहेको थियो ।

*पेशागत उत्कृष्टता हाम्रो प्रतिवद्धता (पेशागत उत्कृष्टता हमनी के प्रतिवद्धता)*

### *कानून व्यवसायी महिलाहरुको ३० औं राष्ट्रिय सम्मेलन*द्वारा पारित

***विरगञ्ज घोषणापत्र २०७९***

*नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकाल देखि नै उठाउँदै आएको लैङ्गिक न्याय, मानव अधिकार कानुनको शासन, स्वतन्त्र न्यायपालिकाको आधारभूत मान्यता प्रति पूर्ण प्रतिवद्धता व्यक्त गर्दै,*
*अविभेद, लैङ्गिक समानता, र लैङ्गिक न्यायका सम्बन्धमा नेपालले जाहेर गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई आत्मसात गर्दै,*
*नेपालको संविधानले प्रत्याभूत गरेका समानता, अविभेद, समावेशिता र समानुपातिकताको सिद्धान्त अनुरुप महिला, खास गरी आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक, भौगोलिक, जैविक तथा मानसिक वा शारिरीक अन्तर्समूहगताको कारणबाट वहिष्करण र सिमान्तकृततामा परेका वा पारिएका महिलाको विकास, सशक्तिकरण र राज्यको सम्पूर्ण तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नका लागि नीति तथा कानूनहरुको प्रभावकारी कार्यान्वयन हुनु पर्ने कुरामा विशेष जोड दिदै,*
*न्यायमा पहुँचको हकको प्रभावकारी कार्यान्वियनको लागि कानुनी, संरचनागत तथा अन्य सम्पूर्ण मापदण्डहरुको अनुसरण र अवलम्वन गर्नु पर्ने आवश्यकतालाई मध्यनजर गर्दै,*
*मधेश प्रदेश स्थित पर्सा जिल्लाको यस विरगञ्ज महानगरपालिकामा २०७९ साल फाल्गुन १२ र १३ गते सम्पन्न भएको कानुन व्यवसायी महिलाहरुको ३० औ राष्ट्रिय सम्मेलनबाट **३० बुँदे विरगञ्ज घोषणापत्र** जारी गरिएको छ ।*

***क) सम्मेलनको प्रभावकारिता र कार्यान्वियन:***

1. *परम्परागत रुपमा सम्पन्न हुँदै आएको कानुन व्यवसायी महिलाहरुको सम्मेलनको ढाँचागत संरचनालाई संघीय संरचना अनुरुप आधुनिकीकरण गर्नु पर्ने आवश्यकता देखिएकोले अब उपरान्त प्रत्येक बार इकाइहरुका कानुन व्यवसायी, विशेष गरी कानुन व्यवसायी महिलाहरु, को अपनत्व र स्वामित्व सहितको सक्रिय सहभागिता सुनिश्चित गर्न कानुन व्यवसायी महिलाको राष्ट्रिय सम्मेलन पूर्व नै **बार्षिक समय तालिका** निर्धारण गर्दै क्रमबद्ध रुपमा निम्न कार्यक्रमहरु संचालन गर्नका लागि यो सम्मेलन नेपाल बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण गराउँदछः*

अ. सर्वप्रथमतः कानून व्यवसायमा महिलाको प्रवेश र स्थायित्वको सम्भावना एवं दक्षताको अभिवृद्धि, पेशागत चुनौतिहरुका साथै लैंगिक तथा सामाजिक न्याय एवं न्यायमा पहुँचका लागि सम्पूर्ण कानुन व्यवसायीहरुले निर्वाह गर्नु पर्ने सामाजिक अभियन्ता (Social Engineer) को भूमिकाको सम्बन्धमा प्रत्येक बार एकाइहरुमा गोष्ठी गरी निस्किएका निष्कर्ष र सुझावहरु सहितको प्रतिवेदन कानून व्यवसायी महिलाहरुको राष्ट्रिय सम्मेलन हुनु भन्दा कम्तीमा ३ महिना अघि नै प्रत्येक बार एकाइले नेपाल बार एशोसिएशनमा पेश गर्नु पर्ने ।

आ. उक्त प्रतिवेदनहरु अनुरुप ने.बा.ए. ले **बिषयगत एकिकृत प्रतिवेदन** (Thematic Integrated Report) तयार गरी छलफलका लागि कानून व्यवसायी महिलाहरुको राष्ट्रिय सम्मेलनमा पेश गर्ने ।

ई. उक्त एकिकृत प्रतिवेदनमाथि राष्ट्रिय सम्मेलनमा व्यापक छलफल गरी महत्वपूर्ण विषयहरुलाई संबोधन गर्दै घोषणा पत्र जारी गर्ने र सो घोषणा पत्रको प्रभावकारी कार्यान्वयनको लागि विषय विज्ञहरु सहितको **घोषणापत्र कार्यान्वयन समिति** गठन गर्ने ।

इ. घोषणापत्र कार्यान्वयन समितिले सरोकारवाला निकायहरु समेतको सहभागितामा कार्यशाला गोष्ठी सम्पन्न गरी कार्यान्वयनको रणनीति तथा कार्यक्रमहरु तय गर्ने ।

उ. उक्त रणनीति तथा कार्यक्रमहरुको कार्यान्वयनको स्थिती, प्रगति र अवस्थाको सम्बन्धमा उक्त समितिले निरन्तर पहल र संस्थागत समन्वय गर्नु पर्ने ।

**ख) कानून व्यवसायी महिलाहरुको पेशागत हकहित, दक्षता तथा सुरक्षा सम्बन्धमाः**

२. कानून व्यवसायी महिलाहरुको पेशा प्रवेश तथा पेशामा स्थायीत्वको सम्बन्ध रहेका चुनौतीहरुको आधारभूत सर्वेक्षण (Baseline Survey) गरी सो प्रतिवेदनले औल्याएका स्थितीको आधारमा नेपाल बार एशोसिएशनले आवश्यक नीति तथा कार्यक्रमहरु तयार गर्ने ।

३. पेशागत क्षमता लगायत विशिष्टिकृत बिषयहरुमा दक्षता अभिवृद्धि गर्न ने.वा.ए.ले सबै बार एकाइहरुलाई लक्षित गरी नवोदित कानुन व्यवसायीहरुलाई आधारभूत तालिम र सम्पूर्ण कानुन व्यवसायीहरुलाई निरन्तर पुनर्ताजगी तालिमहरु सञ्चालन गर्ने । यस्तो तालिम दिदा आवश्यकताको पहिचान (Need Based Assessment) गर्दै सबैलाई समान अवसर प्रदान गर्ने ।

४. बहस पैरवी एवं अन्य कार्यविधीगत प्रकृयामा अदालत लगायत अन्य न्यायिक अवयवहरुबाट यदाकदा लैंगिक पूर्वाग्रह राखि कानून व्यवसायी महिलाहरुको क्षमताको अवमूल्यन र आत्मसम्मानमा आँच पुग्ने व्यवहारहरु हुने गरेको भन्ने विषयमा सम्मेलनको सरोकार भएको हुँदा कानुन व्यवसायीको पेशागत मर्यादा र भूमिकाको सम्मान गर्न हुनको लागि प्रवृतिको निर्मूलनका लागि ने. बा. ए. ले सम्बन्धित सरोकारवाला निकायहरुलाई तत्काल ध्यानाकर्षण गराउनु पर्ने ।

५. कानून व्यवसायी महिलाहरुलाई पेशामा प्रवेश र स्थायीत्वका साथै सामाजिक अभियन्ता (Social Engineer) को भूमिका निर्वाह गर्नका लागि उत्प्रेरणा प्रदान गर्न आवश्यक पुर्वाधारहरु सहितको वृति विकासको कार्ययोजना र कार्यान्वयन संयन्त्र समेत निर्माण गर्न नेपाल बार एशोसिएशनले आवश्यक पहल गर्नु पर्ने ।

६. कानुन व्यवसायको सुदृढीकरण लागि कानुन शिक्षण संस्था, कानुन व्यवसायी परिषद, अदालत लगायतका सरोकारवाला निकायहरु समेतसँग नेपाल बार एशोसिएशनले संस्थागत समन्वय तथा सहकार्य गरी अल्पकालीन र दीर्घकालीन रणनीतिक योजना र कार्यक्रमहरु तय गर्नु पर्ने ।

७. कानुन व्यवसायी महिलाहरुको पेशागत उत्कृष्टताको लागि ने. बा. ए. ले तय गर्ने सम्पूर्ण तालिम, अध्ययन, अनुसन्धान, प्रशिक्षण लगायतमा लैंगिक एवम् अर्न्तसमूहगत समावेशीता सहितको समानताको सिद्धान्तको आधारमा प्रशिक्षक, सहजकर्ता तथा अनुसन्धानकर्ताको रुपमा विषयगत विज्ञताको आधारमा रोष्टर बनाई कानुन व्यवसायी महिलाहरुको सहभागिता ने.ब.ए.ले सुनिश्चित गर्ने ।

८. राज्य संयन्त्रका संवैधानिक र न्यायिक लगायतका सम्पूर्ण सार्वजनिक पदहरुमा नियुक्ति तथा मनोनयन गर्दा समानुपातिक समावेशी सिद्धान्तको आधारमा कानुन व्यवसायी महिलाहरुको सहभागिताको सुनिश्चितताको पहल गर्न ने.बा.ए.सँग यो सम्मेलन जोडदार माग गर्दछ ।

९. ने.बा.ए.बाट गठन हुने समितिहरुलाई सक्रिय तथा प्रभावकारी बनाउन विषय विज्ञहरु सहितको समिति गठन गर्न यो सम्मेलन माग गर्दछ ।

१०. कानुन व्यवसायी महिलाहरुलाई सामाजिक सुरक्षा लगायतका विषयहरुमा ठोस कार्ययोजना बनाउने र प्रभावकारी कार्यान्वयन गर्ने ।

११. कानुन व्यवसायी महिला तथा कानुनका प्रशिक्षार्थी (Intern) हरुलाई कार्यस्थलमा हुन सक्ने दुर्व्यवहार र यौनजन्य हिंसाको जोखिमतालाई अन्त्य गर्न ने.बा.ए. तथा यसका इकाइहरुमा उजुरी दर्ता तथा सुनुवाईको लागि कानुन व्यवसायी महिलाको अध्यक्षतामा विशेष संयन्त्र निर्माण गर्नको लागि यो सम्मेलन जोडदार माग गर्दछ ।

ग) **लैंगिक सवाल, सामाजिक न्याय र न्यायमा पहुँच सम्बन्धमा**

१२. कानुन व्यवसायी महिला लगायत सम्पूर्ण लैंगिक विषयहरुलाई यथोचित संवोधन गर्न नेपाल बार एशोसिएशनले **लैंगिक तथा पेशागत सुरक्षा नीति** (Gender and Professional Safety Policy) निर्माण गर्ने ।

१३. मुद्दा दर्ता देखि फैसला कार्यान्वयनसम्म महिला तथा सिमान्तकृत वर्गले अदालती कार्यविधिमा भोग्नुपर्ने झन्झट तथा कठिनाईहरुलाई सम्बोधन गर्न ने. बा. ए. ले कानुन व्यवसायी महिलाहरु समेतको सक्रिय, गुणात्मक र अर्थपूर्ण सहभागीतामा अभियानमुलक प्रभावकारी कार्यक्रमहरु तय गर्नुपर्ने ।

१४. सिघ्र सुनुवाई अदालत (Fast Track Court) तथा निरन्तर सुनुवाई (Continuous Hearings) सम्बन्धी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गरी न्यायमा पहुँच सुनिश्चित गर्न यो सम्मेलन सर्वोच्च अदालत लगायत सबै अदालतहरुको ध्यानाकर्षण गराउन ने.बा.ए. ले प्रमुख भुमिका निर्वाह गर्नु पर्ने ।

१५. अपराध पीडित संरक्षण ऐन, २०७५ मा भएको पीडितको अधिकार र पीडितलाई राज्यले प्रदान गर्नु पर्ने राहत, क्षतिपूर्ति, पुनर्स्थापना, साक्षी संरक्षण लगायतका सेवा सम्बन्धमा कानुन कार्यान्वयन र न्याय सम्पादन गर्ने निकायहरुले आफ्नो कार्यालयमा **पीडित संरक्षण वडापत्र** राख्न यो सम्मेलन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

१६. स्थानीय तहको न्यायिक समितिको क्षेत्राधिकारमा अस्पष्टता र अन्यौलता रहेको हुँदा सोको अन्त्य गर्न न्यायिक समितिको क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम तथा कार्यशाला सञ्चालन गर्ने तथा उक्त समितिको काम कारवाही तथा क्षेत्राधिकारको बारेमा आम नागरिकलाई सूसुचित गर्न स्थानीय बार एशोसिएशन मार्फत जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्न यो सम्मेलन स्थानीय, प्रादेशिक तथा संघीय सरकारको ध्यानाकर्षण गराउँदछ ।

१७. न्यायिक समितिबाट हेरिने मुद्दाहरुमा स्थानीय बार एकाइहरु मार्फत निःशुल्क कानूनी सहायता प्रदान गर्ने विशेष संयन्त्र निर्माण गर्न यो सम्मेलन नेपाल बार एशोसिएशनको ध्यानाकर्षण गराउँदछ । साथै न्यायिक समितिले आफु समक्ष आएका विवादहरुको समाधान गर्दा मेलमिलाप प्रकृयालाई संस्थागत गर्न यो सम्मेलन सम्पूर्ण न्यायिक समितिहरुको ध्यानाकर्षण गराउँदछ ।

१८. बलात्कार लगायतका महिला तथा बालबालिका विरुद्धका अपराधका घटनाहरुको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान गरी पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न यो सम्मेलन नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

१९. स्वेच्छिक कानूनी सहायता (Pro Bono) सम्बन्धी निर्देशिकाको प्रभावकारी कार्यान्वयनकोलागि आवश्यक संयन्त्र, संरचना निर्माण गर्दा लैंगिक संवेदनशिलतालाई समेत विशेष ध्यान दिन यो सम्मेलन नेपाल बार एशोसिएशनको ध्यानाकर्षण गर्दछ ।

२०. महिलाको वैवाहिक स्थितीलाई आधार बनाइ नागरिकता प्रदान गरिने सम्बन्धमा संविधान, कानुन र व्यवहारमा भएका विभेदहरुको अन्त्यको लागि यो सम्मेलन सम्बन्धित निकायहरुको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

२१. विद्युतिय माध्यमहरु मार्फत हुने लैंगिक हिंसा सम्बन्धमा गम्भीर सरोकार व्यक्त गर्दै त्यस्तो हिंसामा संलग्न व्यक्ति तथा संस्थाहरुलाई जवाफदेही बनाई कानुनी कारवाहीको दायरामा ल्याउन यो सम्मेलन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

**घ) संक्रमणकालीन न्याय सम्बन्धमा**

२२. संक्रमणकालीन न्याय सम्बन्धी प्रकृया टुंगोमा पुग्न नसकेको हालको परिप्रेक्ष्यमा संक्रमणकालीन न्याय सम्बन्धी ऐनमा नेपालको सर्वोच्च अदालतको फैसला, अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम एवम् पीडित तथा सरोकारवालाहरुले उठाएका विभिन्न सवालहरुलाई समेत संवोधन गर्दै पीडितको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्न संक्रमणकालीन न्याय सम्बन्धी ऐन अविलम्व संशोधन गर्न यो सम्मेलन नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

२३. द्वन्द्व पीडितको अधिकार सुनिश्चित गर्न संक्रमणकालीन न्याय सम्बन्धमा राजनीतिक दलहरुको बुझाइमा एकरुपता ल्याइ राजनीतिक इच्छा शक्ति र मतैक्यता निर्माण गर्नको लागि यो सम्मेलन सबै राजनीतिक दलहरुको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

२४. विश्वसनीय र पारदर्शी प्रक्रियाद्वारा संक्रमणकालीन न्याय संयन्त्र निर्माण गरी सो संयन्त्रमा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गरी यथाशक्य चाँडो विश्वसनीय आयोग गठन गर्न यो सम्मेलन नेपाल सरकारसँग जोडदार माग गर्दछ । साथै आयोगका कामकारवाहीमा लैङ्गिक मैत्री तथा लैङ्गिक संवेदनशिलता अवलम्वन गरी पीडित महिलाका विशेष अधिकार र आवश्यकतालाई यथोचित सम्वोधन गर्नु पर्ने र द्वन्द्व पीडित महिलाको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्न वहुआयामिक दृष्टिकोण (Holistic Approach) अवलम्वन गर्नको लागि यो सम्मेलन नेपाल सरकारको विशेष ध्यानाकर्षण गराउँदछ ।

२५. मानव अधिकारको गम्भीर उल्लंघनका घटनाहरुमा फौजदारी न्याय प्रति जवाफदेहीता सुनिश्चित गर्न वलात्कार तथा अन्य यौनजन्य हिंसा लगायत मानव अधिकारको गम्भीर उल्लघंनका घटनाहरुमा आम माफी र मेलमिलाप नगरिने कुरा सुनिश्चित गर्न तथा सशस्त्र द्वन्द्वको समयमा भएका बलात्कार र यौनजन्य हिंसाका घटनाहरुको सम्बन्धमा उजुरी गर्ने हदम्याद हटाई पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न आवश्यक कानुनी व्यवस्था गर्न यो सम्मेलन नेपाल सरकारसँग माग गर्दछ ।

२६. द्वन्द्वकालमा घटेका बलात्कार तथा यौनजन्य हिंसाका घटनामा द्वन्द्वरत पक्षहरुको संस्थागत जिम्मेवारी पुष्टि गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउन यो सम्मेलन नेपाल बार एशोसिएशनसँग माग गर्दछ ।

**ङ) विविध**

२७. अदालतमा भएका भ्रष्टाचार, अनियमितता ढिला सुस्तीको अन्त्य गर्न यो सम्मेलन सर्वोच्च अदालत लगायत सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराउँदछ ।

२८. राष्ट्रिय महिला आयोगलाई सक्रिय र प्रभावकारी बनाउन आवश्यक श्रोत साधन सहित यो संरचनालाई संघीयबाट प्रदेश स्तरमा विस्तार गर्न यो सम्मेलन नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । साथै संवैधानिक निकायका आयुक्तहरुको नियुक्ति हुने उमेरमा तादम्यता ल्याउनको लागि तत् तत् ऐनहरुमा संशोधन गर्न यो सम्मेलन नेपाल सरकार तथा संवैधानिक परिषदको ध्यानाकर्षण गराउँदछ ।

२९. विद्यमान कानुन तथा नयाँ निर्माण हुने कानुनलाई अनिवार्य रुपमा लैंगिक अडिट गर्नुका साथै अदालत तथा सम्पूर्ण सार्वजनिक निकायका भौतिक संरचनाहरुलाई महिलाको प्रजनन स्वास्थ्य, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा सबै प्रकारका अपांगता मैत्री बनाउन यो सम्मेलन जोडदार माग गर्दछ ।

३०. वातावरणलाई प्रतिकुल प्रभाव पर्ने गरी भएका प्राकृतिक दोहनका कारणले महिला माथि परेका नकारात्मक प्रभाव र लैगिक हिंसालाई मध्यनजर गर्दै यस सम्बन्धमा नेपाल बार एशोसिएशनले विशेष अध्ययन गरी आवश्यक कदम चाल्न यो सम्मेलन माग गर्दछ ।

**घोषणापत्र तयारी समिति**

संयोजक : वरिष्ठ अविधक्ता गीता संग्रौला, सर्वोच्च अदालत बार एशोसिएशन

सह संयोजक : वरिष्ठ अधिवक्ता सुनिता रेग्मी, सर्वोच्च अदालत बार एशोसिएशन

**सदस्यहरु :-**

अधिवक्ता कौशिला राई, पाटन उच्च अदालत बार एशोसिएशन
अधिवक्ता अनिता जोशी मानन्धर, सर्वोच्च अदालत बार एशोसिएशन (नेबाए पूर्व के.स.)
अधिवक्ता विष्णुमाया भुसाल, सर्वोच्च अदालत बार एशोसिएशन (नेबाए पूर्व के.स.)
अधिवक्ता सुधा खतिवडा, काठमाडौं जिल्ला अदालत बार एशोसिएशन
अधिवक्ता यज्ञलक्ष्मी चौलागाई, झापा जिल्ला अदालत बार एशोसिएशन
अधिवक्ता धनमाया राना, पाटन उच्च अदालत बार एशोसिएशन
अधिवक्ता लक्ष्मी पोखरेल, सर्वोच्च अदालत बार एशोसिएशन
अधिवक्ता विष्णु बस्याल, सर्वोच्च अदालत बार एशोसिएशन
अधिवक्ता अन्जना संग्रौला, मोरङ जिल्ला अदालत बार एशोसिएशन

*अधिवक्ता पुन्देवी महर्जन, सर्वोच्च अदालत बार एशोसिएशन*
*अधिवक्ता हसिना प्रधान, काठमाडौं जिल्ला अदालत बार एशोसिएशन*
*अधिवक्ता ईन्दु कोईराला, चितवन जिल्ला अदालत बार एशोसिएशन (नेबाए पूर्व के.स.)*
*अधिवक्ता लक्ष्मी दाहाल रावल, सर्वोच्च अदालत बार एशोसिएशन (नेबाए पूर्व के.स.)*
*अधिवक्ता देवी रेग्मी, सर्वोच्च अदालत बार एशोसिएशन*
*अधिवक्ता कल्पना शर्मा, ललितपुर जिल्ला अदालत बार एशोसिएशन*
*अधिवक्ता अनिता राई, सुनसरी जिल्ला अदालत बार एशोसिएशन*
*अविधक्ता जुली कर्ण, पर्सा जिल्ला अदालत बार एशोसिएशन*
*अधिवक्ता लक्ष्मी चौधरी, उदयपुर जिल्ला अदालत बार एशोसिएशन*
*अधिवक्ता अप्सरा बस्नेत, मकवानपुर जिल्ला अदालत बार एशोसिएशन*
*अधिवक्ता इन्दु कार्की, पाटन उच्च अदालत बार एशोसिएशन*
*अधिवक्ता रिता शेर्पा, ललितपुर अदालत बार एशोसिएशन*
*अधिवक्ता अन्जु रेग्मी अर्याल, काठमाडौं जिल्ला अदालत बार एशोसिएशन*
*अधिवक्ता रिंकु कुमारी यादव, जनकपुर उच्च अदालत बार एशोसिएशन*
*अधिवक्ता गोमा महरा, दाङ जिल्ला अदालत बार एशोसिएशन*
***सहजकर्ता :-***
*अधिवक्ता शर्मिला थापा विष्ट, केन्द्रीय कार्यसमिति सदस्य, नेपाल बार एशोसिएशन*

- **कानून ब्यवसायी महिलाहरुको ३१ औं राष्ट्रिय सम्मेलन "महिलाको समानुपातिक, समावेशी सहभागिता, न्यायको पहुँचमा सुनिश्चितता" भन्ने मूल नाराका साथ मिति २०८१ साल पुस १३ र १४ गतेका दिन बिराटनगरमा भव्यताकासाथ आयोजना सम्पन्न भएको छ । उक्त सम्मेलनले देहाय बमोजिमको घोषणा जारी गरेको हुँदा यहाँहरुको जानकारीका लागि यहाँ समेत प्रस्तुत गरिएको छ ।**

**"महिलाको समानुपातिक, समावेशी सहभागिता, न्यायको पहुँचमा सुनिश्चितता"**

**कानून व्यवसायी महिलाहरुको ३१ औं राष्ट्रिय सम्मेलनद्वारा पारित**
**विराटनगर घोषणापत्र, २०८१**

नेपाल बार एशोसिएशनले निरन्रत रुपमा उठाउँदै आएको लैंगिक न्याय, कानूनको शासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिकाको आधारभूत मान्यताप्रति प्रतिवद्ध हुँदै,
लैंगिक समानता, अविभेद तथा लैंगिक न्यायका सम्बन्धमा नेपालले जाहेर गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई आत्मसात गर्दै,
नेपालको संविधानले प्रत्याभूत गरेका समानता, अविभेद, समावेशिता र समानुपातिकताको सिद्धान्त अनुरुप महिलाको विकास, सशक्तिकरण र राज्यको सम्पूर्ण तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नका लागि नीति तथा कानूनहरुको निर्माण तथा सोको प्रभावकारी कार्यान्वयन हुनु पर्ने कुरामा विशेष जोड दिदै,
कोशी प्रदेश स्थित मोरङ जिल्लाको यस विराटनगर महानगरपालिकामा २०८१ साल पुस १३ र १४ गते सम्पन्न भएको कानून व्यवसायी महिलाहरुको ३१ औ राष्ट्रिय सम्मेलनबाट **विराटनगर घोषणापत्र** जारी गरिएको छ ।

३१. कानून व्यवसायी महिलाको हालसम्म भएका राष्ट्रिय सम्मेलनहरुबाट पारित भएका घोषणपत्रहरुको कार्यान्वयनको अवस्थाप्रति कानून व्यवसायी महिलाहरुको गम्भीर चासो र सरोकार रहेको छ । पूर्व सम्मेलनहरुको समिक्षा गर्दै पारित भएका घोषणापत्रहरुको कार्यान्वयन सम्बन्धमा हालसम्म भएका काम, कारवाहीको विश्लेषण गरी कार्यान्वयनमा भएको प्रगति तथा आईपरेका चुनौतीका सम्बन्धमा अध्ययन गरी सोको कार्यान्वयनका लागि आवश्यक कार्ययोजना सहितको प्रतिवेदन आगामी वर्ष आयोजना हुने कानून व्यवसायी महिलाहरुको ३२ औं राष्ट्रिय सम्मेलनमा पेश गर्न यो सम्मेलन नेपाल बार एशोसिएशनको पुनः ध्यानाकर्षण गराउँदछ ।
३२. हाल सञ्चालन हुँदै आएको कानून व्यवसायी महिलाहरुको राष्ट्रिय सम्मेलनलाई अझ प्रभावकारी र परीणाममुखी बनाउनका लागि परम्पागत रुपमा सम्पन्न हुँदै आएको सम्मेलनको ढाँचामा व्यापक परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएकोले यो सम्मेलनमा कानून व्यवसायी महिलाको अपनत्व, स्वामित्व तथा सक्रिय एवम् अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सम्मेलनको वार्षिक समय तालिका निर्धारण गरी प्रभावकारी रुपमा आयोजना गर्न यो सम्मेलन नेपाल बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण गराउँदछ ।
३३. कानून व्यवसायी महिलाहरुको व्यवसायमा प्रवेश तथा स्थायित्वको सम्बन्धमा रहेका चुनौतीहरुका सम्बन्धमा आधारभूत सर्वेक्षण (Baseline Survey) गरी सो सर्वेक्षणले औंल्याएका स्थितिका आधारमा नेपाल बार एशोसिएशनले आवश्यक नीति तथा कार्यक्रमहरु तयार गरी सोको अविलम्ब तथा प्रभावकारी कार्यान्वयन गर्न यो सम्मेलन नेबाएसँग पुनः जोडदार माग गर्दछ ।
३४. कानून व्यवसायी महिलाको पेशागत क्षमता तथा विषयगत दक्षता अभिवृद्धि गर्न आवश्यकताको पहिचान गरी नवोदित कानून व्यवसायीहरुलाई आधारभूत तथा विषयतग तालिमहरु र अन्य कानून व्यवसायीहरुलाई विषयगत पुर्नताजगी तालिमहरु निरन्तर सञ्चालन गर्न यो सम्मेलन नेपाल बार एशोसिएशनको ध्यानार्षण गराउँदछ ।
३५. कानून व्यवसायी महिलाहरुलाई पेशामा स्थायित्वको लागि वरिष्ठ अधिवक्ताहरुले कम्तिमा एक जना कानून व्यवसायी महिलाहरुलाई कानून व्यवसायमा स्थापित गराउने अनुकूल वातावरण सृजना गराउनका लागि वरिष्ठ अधिवक्ताज्यूहरुलाई अनुरोध गर्न नेपाल बार एशोसिएशनलाई यो सम्मेलन माग गर्दछ साथै यो व्यवस्थापनको लागि नीति तथा कार्यक्रमहरुमा कानुन व्यवसायी महिला अनिवार्य हुने गरी आवश्यक परिमार्जन गर्न नेपाल कानून व्यवसायी परिषद्लाई आव्हान गर्दछ ।

३६. संविधानद्वारा सुनिश्चित गरेको समानुपातिक, समावेशी सहभागिताको अधिकारलाई व्यवहारिक कार्यान्वियन गर्न न्यायपालिका, संवैधानिक आयोग तथा राज्यका अन्य कार्यकारी निकायमा हुने नियुक्ति तथा मनोनयनमा समानुपातिक समावेसी सिद्धान्तलाई कार्यान्वियन गर्दै महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न यो सम्मेलन नेपाल सरकारसँग जोडदार माग गर्दछ । साथै, सर्वोच्च अदालत तथा उच्च अदालतमा न्यायाधीश नियुक्तिका लागि सिफारिस गर्दा संविधानद्वारा प्रत्याभूत गरिएको व्यवस्था बमोजिम नै कानून व्यवसायी महिलाको समानुपातिक प्रतिनिधित्व गराउनको लागि न्याय परिषद् लगायतका सरोकारवाला निकायहरुको ध्यानाकर्षण गर्दछ ।

३७. समानुपातिक सहभागिताको सिद्धान्तलाई सार्थक बनाउन नेपाल बार एशोसिएशन तथा सम्पूर्ण बार एकाईहरुका निर्वाचनमा कानून व्यवसायी महिलाको कार्यकारी पदमा समेत सहभागिता सुनिश्चितता गर्न यो सम्मेलन नेपाल बार एशोसिएशनसँग माग गर्दछ । बारको निर्वाचनमा उपलब्ध भएसम्म इकाइ बारमा अध्यक्ष वा सचिव तथा नेपाल बार एशोसिएशनमा अध्यक्ष वा महासचिव मध्ये एकजना महिला अनिवार्य हुने गरी विधान संशोधन गर्न नेपाल बार एशोसिएशनसँग यो सम्मेलन जोडदार माग गर्दछ । यो व्यवस्थामा तत्काल संशोधन गरी आगामी निर्वाचनमा नै लागू हुने गरी संशोधन गर्न यो सम्मेलन नेपाल बार एशोसिएशनसँग जोडदार माग गर्दछ ।

३८. न्याय परिषद् तथा नेपाल कानून व्यवसायी परिषद्मा हालसम्म पनि कानून व्यवसायी महिलाको प्रतिनिधित्व शुन्य रहेको हुँदा न्याय परिषद् तथा नेपाल कानून व्यवसायी परिषदमा कानून व्यवसायी महिलाहरुको प्रतिनिधित्व सुनिश्चित गर्न यो सम्मेलन नेपाल बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण गराउँदछ । साथै नेपाल कानून व्यवसायी परिषद्मा नेबाएबाट पार्षद् मनोनयन गर्दा कम्तिमा एक जना महिला अनिवार्य रहने गरी समयमा नै मनोनयन गरी पठाउन नेपाल बार एशोसिएशनसँग जोडदार माग गर्दछौं । साथै हालसम्म नेपाल सरकारको कानुनी सल्लाहकारमा समेत कानुन व्यवसायी महिलाको प्रतिनिधित्व शुन्य रहेको हुँदा महान्यायाधिवक्ता तथा मुख्यन्यायाधीवक्ताको नियुक्ति गर्दा कानुन व्यवसायी महिलाको प्रतिनिधित्व गराउन यो सम्मेलन सम्पूर्ण राजनीतिक दल तथा नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

३९. कानून व्यवसायी महिलाहरुको पेशागत उत्कृष्टताको लागि ने. बा. ए. ले तय गर्ने सम्पूर्ण तालिम, अध्ययन, अनुसन्धान, प्रशिक्षण लगायतमा लैगिक एवम् अर्न्तसमूहगत समावेशीता सहितको समानताको सिद्धान्तको आधारमा प्रशिक्षक, सहजकर्ता तथा अनुसन्धानकर्ताको रुपमा विषयगत विज्ञताको आधारमा रोष्टर बनाई कानुन व्यवसायी महिलाहरुको सहभागिता ने.ब.ए.ले सुनिश्चित गर्न नेपाल बार एशोसिशएनसँग यो सम्मेलन जोडदार माग गर्दछ ।

४०. राज्य संयन्त्रका संवैधानिक र न्यायिक लगायतका सम्पूर्ण सार्वजनिक पदहरुमा नियुक्ति तथा मनोनयन गर्दा समानुपातिक समावेशी सिद्धान्तको आधारमा कानुन व्यवसायी महिलाहरुको सहभागिताको सुनिश्चितताको पहल गर्न ने.बा.ए.सँग यो सम्मेलन जोडदार माग गर्दछ ।

४१. कानुन व्यवसायी महिलाहरुलाई सामाजिक सुरक्षा लगायतका विषयहरुमा ठोस कार्ययोजना बनाइ सोको प्रभावकारी कार्यान्वयन गर्न यो सम्मेलन नेपाल बार एशोसिएशन लगायतका सबै सरोकारवाला निकायहरुसँग माग गर्दछ ।

४२. वरिष्ठ अधिवक्ताको उपाधी प्रदान गर्दा सर्वोच्च अदालत तथा उच्च अदालतका फैसलाहरुलाई मात्र नभई तीनै तहका अदालतका फैसला तथा मेलमिलाप प्रतिवेदन समेतलाई गणना गरी उपाधी प्रदान गर्ने गरी सर्वोच्च अदालतले तय गरेको मापदण्डमा परिमार्जन गर्नको लागि यो सम्मेलन सम्मानित सर्वोच्च अदालतको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

४३. बार अन्तर्गत गठन हुने विभिन्न विषयगत समितिहरु, बारबाट पठाईने एमिकश क्युरी साथै अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय वृत्ति विकासका कार्यक्रमहरुमा कानून व्यवसायी महिलाहरुको निर्णायक तथा अर्थपूर्ण भूमिका हुने गरी प्रतिनिधित्व गराउन आवश्यक व्यवस्था गर्न यो सम्मेलन नेपाल बार एशोसिएशनसँग जोडदार माग गर्दछ ।

४४. महिला पक्ष भएका मुद्दाहरुमा सहज, सरल र शिघ्र न्याय प्रदान गरी न्यायमा पहुँच सुनिश्चित गर्न शिघ्र सुनुवाई अदालत तथा निरन्तर सुनुवाई सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वय गरी न्यायमा पहुँच सुनिश्चित गर्न यो सम्मेलन सर्वोच्च अदालत लगायत सबै अदालतको ध्यानाकर्षण गराउँदछ । साथै, महिला तथा बालबालिकासँग सम्बन्धी मुद्दाहरुको प्रभावकारी सुनुवाई गर्नका लागि सबै जिल्ला अदालतहरुमा पारिवारिक इजलास तथा बाल इजलाश अविलम्ब गठन गरी सुचारु गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

४५. नागरिकता प्राप्ती तथा प्रदान गर्ने सम्बन्धमा संविधानमा नै अस्पष्ट र विभेदकारी व्यवस्था भएको हुँदा यस सम्बन्धमा संविधान संशोधन गर्न यो सम्मेलन विधायिकाको ध्यानाकर्षण गराउँदछ ।

४६. आमाको नामबाट नागरिकता पाउने स्पष्ट संवैधानिक तथा कानूनी व्यवस्था भएता पनि व्यवहारिक रुपमा सो कार्यान्वयनमा वाधाहरु देखिएको हुँदा आमाको नामबाट निर्वाध रुपमा सन्तानले नागरिकता प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न आवश्यक निर्देशिका तथा परिपत्र जारी गर्न यो सम्मेलन नेपाल सरकरका तत् तत् निकायको ध्यानाकर्षण गराउँदछ ।

४७. विस्तृत शान्ति सम्झौता भएको करिब दुई दशक पुग्दा पनी संक्रमणकालिन न्याय प्रक्रिया हालसम्म टुंगोमा पुग्न नसकेकोमा हाम्रो गम्भीर चासो र सरोकार रहेको छ । स्वतन्त्र, निष्पक्ष तथा पारदर्शी प्रक्रियाबाट महिलाहरुको समानुपातिक सहभागिता समेत सुनिश्चित गर्दै संक्रमणकालीन न्याय संयन्त्र अविलम्व निर्माण गर्न यो सम्मेलन नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

४८. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलामिलाप आयोग ऐनमा सशस्त्र द्वन्द्वका समयमा गरिएका यौनजन्य हिंसाको परिभाषा अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुरुप नभएको हुँदा उक्त परिभाषा संसोधन गरी यौनजन्य हिंसाका घटनालाई गम्भीर मानव अधिकार उल्लंघनको रुपमा परिभाषित गरी उजुरीकर्ता तथा पीडितको गोपनीयता र सुरक्षाको सुनिश्चितता गर्नका साथै आयोगहरुलाई लैंगिक मैत्री बनाई पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न आवश्यक कार्यविधी, मापदण्ड, निर्देशिका बनाउन तथा सोको प्रभावकारी कार्यान्वयन गर्न यो सम्मेलन नेपाल सरकार तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरुसँग जोडदार माग गर्दछ ।

४९. बलात्कार लगायतका महिला तथा बालबालिका विरुद्धका अपराधका घटनाहरुको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान गरी पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न यो सम्मेलन नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

५०. विद्युतीय माध्यमहरु मार्फत हुने लैंगिक हिंसाको अवस्था दिनानुदिन वृद्धि हुँदै गईरहेको सन्दर्भमा त्यस्ता हिंसामा संलग्न व्यक्ति तथा संस्थाहरुलाई जवाफदेही बनाई कानुनी कारवाहीको दायरामा ल्याउन आवश्यक नीति तथा कानून निर्माण गर्न, कार्वाही गर्ने संयन्त्रणको निर्माण गर्न, सूचना प्रविधिको सुरक्षित प्रयोग गर्ने सम्बन्धमा क्षमता अभिवृद्धि एवम् सचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गर्न यो सम्मेलन नेपाल सरकारसँग माग गर्दछ ।

५१. स्थानीय तहका न्यायिक समितिको कार्य प्रभावकारी रुपमा सम्पन्न गर्नको लागि ति समितिमा अनिवार्य रुपमा कानून अधिकृत राख्ने व्यवस्था गर्नुपर्ने र कानून अधिकृत तथा न्यायिक समितिको कानुनी सल्लाहकार राख्दा अनिवार्य रुपमा कानुन व्यवसायी महिलालाई नै राख्ने व्यवस्था गर्न नेपाल सरकार र सम्बन्धित सरोकारवाला निकायको यो सम्मेलन ध्यानाकर्षण गराउँदछ ।

५२. जलवायु परिवर्तन तथा प्राकृतिक दोहनका कारणले महिला माथि परेका नकारात्मक प्रभाव र लैगिक हिंसालाई मध्यनजर गर्दै यस सम्बन्धमा नेबाएले विशेष अध्ययन गरी बार एकाईहरुमार्फत व्यापक सचेतना कार्यक्रमहरु सञ्चालन गर्न यो सम्मेलन नेपाल बार एशोसिएशनसँग माग गर्दछ।

५३. प्रजनन स्वास्थ्य सम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन गरी पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न यौन तथा प्रजनन स्वास्थ्यको अधिकार सम्बन्धमा स्थानीय बार एकाईको समन्वयमा किशोर किशोरी लक्षित सचेतना कार्यक्रम सञ्चालन गर्न नेपाल बार एशोसिएशनसँग यो सम्मेलन माग गर्दछ।

५४. कारागार वा महिला सुधार गृहमा लामो समय कैद सजाय भोगी रहेका महिलाहरुको प्रजनन अधिकार सुनिश्चित गर्न सम्मानित सर्वोचच अदालतबाट जारी भएका आदेश तथा निर्देशनहरुलाई आधार मानी आवश्यक पर्ने ऐन, कानून तथा नीति निर्माण गरी तत्काल कार्यान्वयन गर्न नेपाल सरकराको ध्यानाकर्षण गराउँदछ।

५५. सरोगेसीका कारणले महिलाको प्रजनन स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरुका सम्बन्धमा अध्ययन गरी सो सम्बन्धभा कानून निर्माण गर्न यो सम्मेलन नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउंदछ।

५६. प्रसुती अवस्थामा पेशी स्थगित गर्ने सम्बन्धमा कानून व्यवसायी महिलाहरुले पेशी स्थगित गर्ने माग गरी निवेदन दिएमा पटक कायम नहुने गरी पेशी स्थगित गर्ने व्यवस्था गर्न यो सम्मेलन सर्वोच्च अदालतको ध्यानाकर्षण गराउँदछ।

५७. विद्यमान कानुन तथा नयाँ निर्माण हुने कानुनलाई अनिवार्य रुपमा लैगिक अडिट गर्नुका साथै अदालत तथा सम्पूर्ण सार्वजनिक निकायका भौतिक संरचनाहरुलाई महिलाको प्रजनन स्वास्थ्य, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा सबै प्रकारका अपांगता मैत्री बनाउन यो सम्मेलन जोडदार माग गर्दछ।

५८. न्याय परिषद् नियमावली, २०७४ (पहिलो संशोधन) मा गैर संवैधानिक रुपमा गरिएको संशोधन खारेज नगर्दासम्म नेपाल बार एशोसिएशनले सो सम्बन्धमा सञ्चालन गर्दै आएको विरोधका कार्यक्रम निरन्तर जारी रहीरहेको अवस्थामा काठमाडौं जिल्ला अदालत बार एकाईले आयोजना गरेको डिजिटल बारको उद्घाटन कार्यक्रममा प्रमुख अतिथिको रुपमा नेपाल बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री गोपाल कृष्ण घिमिरेज्यूले न्याय परिषद्ले गरेको निर्णयको विषयमा आन्दोलनकै क्रममा दिनु भएको अभिव्यक्तिलाई आधार बनाई पूर्वाग्रही भई प्रतिवेदन उठाउन लगाई सर्वोच्च अदालतले नेबाएका अध्यक्ष विरुद्धमा अदालतको अवहेलना मुद्दा दर्ता गराउने कार्य वाक् तथा अभिव्यक्ति स्वतन्त्रता विरुद्ध भएकोले सो विचाराधिन रहेको मुद्दालाई यथाशिघ्र खारेज गरी बार बेञ्चको सम्बन्धलाई थप सुमधुर बनाउन सम्मानित सर्वोच्च अदालतको ध्यानाकर्षण गराउँदछ।

५९. स्वेच्छिक कानूनी सहायता (Pro-bono) सम्बन्धी निर्देशिकाको प्रभावकारी कार्यान्वयनकोलागि आवश्यक संयन्त्र, संरचना निर्माण गर्दा लैगिक संवेदनशिलतालाई समेत विशेष ध्यान दिन यो सम्मेलन नेपाल बार एशोसिएशनको ध्यानाकर्षण गर्दछ।

६०. महिलाको न्यायमा पहुँचमा सुनिश्चित र सहज गर्न प्रदेशको राजधानीमा अवस्थीत उच्च अदालतहरुलाई अधिकार सम्पन्न बनाइ प्रदेशको सर्वोच्च अदालतको रुपमा स्थापित गर्न आवश्यक व्यवस्थापन गर्न यो सम्मेलन सर्वोच्च अदालत तथा सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराउँदछ।

६१. कानुन व्यवसायी महिलालाई पेशागत कामका शिलसिलामा विभिन्न प्रकारका सुरक्षा चुनौतिहरु देखा परिरहेको सन्दर्भमा कानुन व्यवसायी महिलाहरुको सुरक्षाको लागि विशेष व्यवस्था गर्न आवश्यक नीति तथा कार्यक्रम तय गर्न यो सम्मेलन नेपाल बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण गराउँदछ।

**घोषणापत्र तयारी समिति**

वरिष्ठ अधिवक्ता श्री कविता बस्नेत संयोजक

सदस्यहरु :

अधिवक्ता श्री सिमा धामी, अधिवक्ता श्री कविता थापा कार्की, अधिवक्ता श्री अन्जु कायस्थ, अधिवक्ता श्री यज्ञलक्ष्मी चौलागाई
अधिवक्ता श्री कमला भट्टराई, अधिवक्ता श्री लक्ष्मी पोखरेल, अधिवक्ता श्री डा. विनिता कार्की, अधिवक्ता श्री विमला निरौला
अधिवक्ता श्री गोमा महरा, अधिवक्ता श्री लिला सुब्बा, अधिवक्ता श्री लिला हाङस्रोङ, अधिवक्ता श्री लक्ष्मी दाहाल रावल
अधिवक्ता श्री गिता तिम्सिना, अधिवक्ता श्री माधवी पाण्डेय, अधिवक्ता श्री शान्ति बस्याल, अधिवक्ता श्री दानो कुमारी चौधरी
अधिवक्ता श्री अन्जु कुमारी के.सी., अधिवक्ता श्री कला त्रिताल, अधिवक्ता श्री विद्या सापकोटा, अधिवक्ता श्री भगवती पहारी
अधिवक्ता श्री अनिता राई, अधिवक्ता श्री लक्ष्मी चौधरी, अधिवक्ता श्री अप्सरा बस्नेत, अधिवक्ता श्री रुकमिणा दाहाल, अधिवक्ता श्री रिता शेर्पा
अधिवक्ता श्री शारदा अर्याल, अधिवक्ता श्री अञ्जु अर्याल रेग्मी, अधिवक्ता श्री तुलसा शर्मा, अधिवक्ता श्री सुशिला चौधरी
अधिवक्ता श्री लक्ष्मी कुमारी भट्ट, अधिवक्ता श्री मौसम राई, अधिवक्ता श्री महेश्वरी कुमारी चौधरी, अधिवक्ता श्री जमुना भुसाल
अधिवक्ता श्री भगवती सुवेदी, अधिवक्ता श्री पूजा कुमारी सिंह

अधिवक्ता श्री शर्मिला थापा विष्ट, नेबाए केन्द्रीय कार्यसमिति सदस्य - सहजकर्ता

**२०८१ पुस १४ गते, आईतबार, कोशी प्रदेश, विराटनगर।**

## अध्ययन तथा सुझाव समिति :-

**यस एशोसिएशनको मिति २०८० असोज १२ गते सुर्खेतमा सम्पन्न वार्षिक साधारण सभाबाट भएको निर्णय तथा मिति २०८० मङ्सिर २५ गते सौराह, चितवनमा सम्पन्न भएको ४९ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठकबाट सर्वोच्च अदालतका न्यायाधीशको पदावधीका सम्बन्धमा हाल रहेकै व्यवस्था ठिक वा सो व्यवस्थालाई संशोधन गरी पदावधि थप घट गर्नुपर्ने विषयलाई मध्यनजर गरी समग्र न्यायपालिकामा हुन सक्ने विकृति, विसङ्गति, अनियमितता र भ्रष्टाचार एवम् विचौलियाबाट हुन सक्ने क्रियाकलापहरु र त्यसको रोकथाम सम्बन्धी कार्की प्रतिवेदन एवम् अन्य प्रतिवेदनहरु कार्यान्वयनका लागि न्यायपालिकाको पुनर्संरचना लगायतका**

समग्र विषयमा अध्ययन अनुसन्धान गर्नका लागि वरिष्ठ अधिवक्ता पूर्णमान शाक्यको संयोजकत्वमा नौ सदस्यीय एक अध्ययन तथा सुझाव समिति गठन गरीएको थियो । समितिमा वरिष्ठ अधिवक्ता मुक्तिनारायण प्रधान, वरिष्ठ अधिवक्ता सविता भण्डारी बराल, वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली, वरिष्ठ अधिवक्ता रमेश बडाल, वरिष्ठ अधिवक्ता खम्मबहादुर खाती, अधिवक्ता पंकज कर्ण, अधिवक्ता दिपेन्द्र झा, अधिवक्ता यज्ञमणि न्यौपाने सदस्यको रुपमा रहनु भएको थियो । जसको प्रतिवेदनलाई राष्ट्रिय सम्मेलनमा घनीभूत छलफल गरी घोषणापत्रको महत्वपूर्ण अंगको रुपमा ग्रहण समेत गरिएको छ ।

## राष्ट्रिय सम्मेलन, २०८१ :-

- नेपाल बार एशोसिएशनद्वारा प्रत्येक तीन/तीन वर्षमा राष्ट्रिय सम्मेलन आयोजना गरिँदै आएकोमा १६ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलन मिति २०८१ जेठ ४, ५ र ६ गते काठमाडौंमा **"सक्षम कानून व्यवसायी, मर्यादित बार : न्यायपालिकाको पुनर्संरचना लोकतन्त्र सुदृढीकरणको आधार"** भन्ने मूल नाराका साथ भव्य रुपमा सम्पन्न भएको छ ।

- राष्ट्रिय सम्मेलन सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट समुद्घाटन भई देशभरका करिब चार हजारभन्दा वढी कानून व्यवसायीहरु र राज्यका प्रमुख अङ्गका प्रमुखहरु, उच्च पदस्थ पदाधिकारीहरु साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका ख्याति प्राप्त व्यक्तित्वहरुको सहभागितामा सम्पन्न सम्मेलनले लोकतन्त्र, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, विधिको शासन, संविधान, कानून तथा कानून व्यवसायीको पेशागत हक-हितको संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित विभिन्न विषयहरुमा कार्यपत्रहरु प्रस्तुत भई प्राप्त सुझावका आधारमा घोषणा-पत्र समेत जारी गरेको थियो । जसलाई यहाँहरुको जानकारीका लागि यहाँ प्रस्तुत गरिएको छ ।

*"सक्षम कानून व्यवसायी, मर्यादित बार : न्यायपालिकाको पुनर्संरचना लोकतन्त्र सुदृढीकरणको आधार"*

*नेपाल बार एशोसिएशन*

***१६ औं अखिल नेपाल कानून व्यवसायी***
***राष्ट्रिय सम्मेलन, २०८१***

*२०८१ साल जेठ ४, ५ र ६ गते, नेपाल प्रज्ञा भवन, कमलादी*

### ***काठमाडौं घोषणा-पत्र***

*कानूनको शासन, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष, सक्षम, जवाफदेही र भ्रष्टाचार मुक्त न्यायपालिका प्रति नेपाल बार एशोसिएशनको मान्यतालाई आत्मसात गर्दै;*
*नेपाल बार एशोसिएशनको गरिमामय इतिहासको स्मरण गर्दै "सक्षम कानून व्यवसायी, मर्यादित बार : न्यायपालिकाको पुनर्संरचना लोकतन्त्र सुदृढीकरणको आधार" भन्ने मूल नारासाथ सम्पन्न ऐतिहासिक १६ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलन, २०८१ ले न्यायपालिकाको पुनर्संरचना गर्नुपर्ने आवश्यकतालाई आत्मसात गर्दै यो काठमाडौं घोषणा-पत्र जारी गर्दछ:*

१. *नेपालको संविधानको धारा २८४(१) मा संवैधानिक परिषद् सम्बन्धि व्यवस्था अन्तर्गत प्रधान न्यायाधीश रहने व्यवस्था भएकोमा भावी प्रधान न्यायाधीशको नियुक्तिको लागि सिफारिस गर्नेमा बाहेक अन्य संवैधानिक निकायका प्रमुख र पदाधिकारीको सिफारिशमा निजको कुनै भूमिका नरहने गरी संविधान संशोधन गर्न यो सम्मेलन माग गर्दछ ।*
२. *न्याय परिषद्मा नेबाएले पठाउने प्रतिनिधिले न्याय परिषद् गठनका सम्बन्धमा संविधानमा नेबाएको प्रतिनिधित्व गराउने व्यवस्थामा रहेको वोधगम्य आधारलाई परिषद्मा कार्यसम्पादनको क्रममा केन्द्रविन्दुमा राखेर कार्य गर्न जिम्मेवार बनाउने गरी र प्रधानमन्त्रीबाट सिफारिस हुने एवं बारबाट सिफारिस हुने सदस्यहरुले न्यायाधीशमा नियुक्त हुन र अवकास पछि नियमित अदालतमा बहस पैरवी गर्न नपाउने व्यवस्थाका लागि आवश्यक पहल गर्न यो सम्मेलन नेबाएलाई निर्देश गर्दछ ।*
३. *संवैधानिक परिषद्को सिफारिसमा नियुक्ति हुने सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्याय परिषद्को सिफारिसमा नियुक्ति हुने सर्वोच्च अदालतका न्यायाधीशहरुको संसदीय सुनुवाईको व्यवस्था हटाई प्रधान न्यायाधीशको हकमा संवैधानिक परिषद् र अन्य न्यायाधीशको हकमा न्याय परिषद्ले योग्यताको परीक्षणका लागि सार्वजनिक सूचना जारी गरी संभावित व्यक्तिहरु विरुद्ध कुनै कैफियत भए सो बारे जानकारी गराउन सार्वजनिक सूचना प्रकाशन गरी नियुक्ति गर्ने व्यवस्था मिलाउन र सो बाहेक अन्य संवैधानिक पदमा नियुक्त हुनेहरुको संसदीय सुनुवाई यथावत राख्न यो सम्मेलन माग गर्दछ ।*
४. *सर्वोच्च अदालतको क्षेत्राधिकार पुनरावलोकन गरी संवैधानिक तथा मौलिक हकका विषयवस्तु, संघीय कानूनसँग सम्बन्धित विषयवस्तु तथा देवानी र फौजदारी विषयका गम्भीर प्रकृतिका मुद्दाको क्षेत्राधिकार पुनः परिभाषित गर्न यो सम्मेलन माग गर्दछ ।*
५. *सर्वोच्च अदालतमा रहेको संवैधानिक इजलास एक स्थायी इजलासको रुपमा नियमति सञ्चालन हुने अवस्थामा पुऱ्याउन थप चार जना न्यायाधीश नियुक्त गरी सर्वोच्चमा न्यायाधीशको कूल संख्या पच्चिस जना व्यवस्था गर्ने । प्रधान न्यायाधीश सहित वरिष्ठतम् चार जना*

न्यायाधीशहरु संवैधानिक इजलासमा निरन्तर रहने व्यवस्था गर्न तथा संवैधानिक इजलासमा मुद्दाको चाप नरहेको अवस्थामा ती न्यायाधीशहरुबाट अन्य मुद्दा हेर्ने व्यवस्था मिलाउन यो सम्मेलन सम्बद्ध निकायहरुको ध्यानाकर्षण गराउँदछ ।

६. संघ र प्रदेश बीचको अधिकार सम्बन्धी विवाद, संघीय संसदको निर्वाचन सम्बन्धी विवाद सर्वोच्च अदालतबाट हेरिनुपर्ने तथा सम्बन्धीत प्रदेश र स्थानीय तहको अधिकार तथा स्थानीय तहहरु बीचको विवादको साथै प्रदेश सभा निर्वाचन एवं स्थानीय तहको निर्वाचन सम्बन्धी विवाद प्रदेशको उच्च अदालतलाई अधिकार प्रदान गर्ने गरी संविधानको धारा १३७ को उपधारा २ को खण्ड (क) मा संशोधन गर्न यो सम्मेलन माग गर्दछ ।

७. सर्वोच्च अदालत र उच्च अदालतको पुनरावेदकीय अधिकार क्षेत्र, विगो र जरिवानालाई आधार मानी पुनरावेदन गर्ने अधिकारलाई संकुचन गरेको महसुस गर्दै सुरु अदालतले गरेको फैसलामा तात्विक भिन्नता देखिएमा सबै मुद्दाहरुमा पुनरावेदन गर्ने व्यवस्था गर्न साथै दोहोऱ्याउने अनुमति नदिने गरी आदेश गर्दा आधार र कारण अनिवार्य रुपमा लेख्नुपर्ने गरी नियमावलीमा व्यवस्था गर्न साथै अदालतबाट सजायँ निर्धाणर गरिएको विगो, जरिवाना र क्षतिपूर्ति वापतको रकम धरौटी नराखी पुनरावेदन गर्न नपाउने सम्बन्धमा सर्वोच्च अदालतबाट गरिएको गैरकानूनी परिपत्रको कारणले नागरिकको पुनरावेदकीय अधिकार कुण्ठित भएको हुँदा सहज रुपमा पुनरावेदन गर्न पाउने व्यवस्था मिलाउनका लागि सम्बद्ध निकायहरुसमक्ष यो सम्मेलन माग गर्दछ ।

८. उच्च अदालत समेतलाई अभिलेख अदालत बनाउँदै उच्च अदालतले प्रतिपादन गर्ने निर्णयहरुको नजिर प्रकाशन र अभिलेख राख्न तथा त्यस्ता नजीहरु सर्वोच्च अदालतको नजिहरुसँग नवाझेसम्म प्रादेशिक क्षेत्राधिकारभित्र बाध्यकारी बनाउन यो सम्मेलन माग गर्दछ ।

९. प्रदेश कानून र स्थानीय कानून अन्तर्गतका विवादको अन्तिम निर्णय गर्ने अधिकार उच्च अदालतलाई दिई स्थानीय तहहरुबीचको विवाद र प्रदेश सरकार र स्थानीय तह बीचको विवाद उच्च अदालतले हेर्ने व्यवस्था मिलाउने गरी संवैधानिक व्याख्याको विषयको मात्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था गराउन यो सम्मेलन माग गर्दछ ।

१०. संविधानको धारा १४९ को उपधारा २ को (ग) मा रहेको जिल्ला न्यायाधीशको रिक्त पदमा कानून व्यवसायीहरुबाट मात्र नियुक्ति गर्ने व्यवस्था गर्न यो सम्मेलन आव्हान गर्दछ । साथै उच्च अदालतका न्यायाधीशहरुको निवृत्तिभरण अवधि सर्वोच्च अदालतका न्यायाधीश सरह हुने गरी कानून संशोधन गर्न र उच्च अदालतको न्यायाधीश पदमा नियुक्ति सिफारिस हुने व्यक्तिहरुलाई राष्ट्रिय न्यायिक प्रतिष्ठानमार्फत कम्तिमा तीन महिनाको अनिवार्य तालिम दिने व्यवस्था गर्न यो सम्मेलन माग गर्दै जिल्ला न्यायाधीशको हकमा परीक्षा लिंदा फैसला गर्ने क्षमता, मुद्दामा रहेका विवादित विषयको पहिचान, कानूनको ज्ञान, फैसला लेखन जस्ता विषयको परीक्षण गरी मिशिल अध्ययनमा आधारित परीक्षा प्रणालीको विकास गर्न यो सम्मेलन माग गर्दछ ।

११. विशेष अदालत, प्रशासकीय अदालत, श्रम अदालत, राजश्व न्यायाधीकरण, वैदेशिक रोजगार न्यायाधीकरण र ॠण असूली न्यायाधीकरणलाई एकीकृत गरी हरेक प्रदेशका उच्च अदालतको एकीकृत प्रशासनमा रहने गरी विकेन्द्रीकरण गर्न र उक्त अदालत तथा न्यायाधीकरणहरु एकीकृत अदालतमा गाभी सातै प्रदेशमा गठन गर्ने व्यवस्था गर्न यो सम्मेलन माग गर्दछ ।

१२. सर्वोच्च अदालतको न्यायाधीशको पदावधि संविधानमा सुनिश्चित नहुँदा न्यायपालिकाको स्वच्छता, निर्भिकता र स्वतन्त्रतामा ह्रास आएको भन्ने नेबाएद्वारा गठित न्यायपालिकाको पुनर्संरचना अध्ययन तथा सुझाव समितिले प्रदेशस्तरीय भेला समेतबाट राय संकलन गरी पेश गरेको प्रतिवेदनको कार्यकारी सारांश एवं नेबाएको सुर्खेतमा सम्पन्न वार्षिक साधारण सभा र चितवनमा सम्पन्न केन्द्रीय कार्यकारिणी परिषद्को ४९ औं बैठक समेतबाट गरेको निर्णय तथा निर्देशन एवं यस राष्ट्रिय सम्मेलनमा छलफल भई प्राप्त भएको प्रतिवेदनहरुलाई ग्रहण गर्दै सर्वोच्च अदालतमा नियुक्त हुने न्यायाधीशहरुको पदावधि तोक्ने सम्बन्धमा आवश्यक पुनरावलोकन गरी संविधान संशोधन गर्न संघीय संसद र राजनीतिक दललाई ध्यानाकर्षण गराउँदछ ।

१३. स्थानीय तहमा रहेका न्यायिक समितिलाई मेलमिलाप गर्ने भूमिकामा सीमित गर्ने । संविधानको अनुसूची आठमा उल्लेख भएको व्यवस्था अनुसार स्थानीय अदालत गठन गरी मेलमिलापबाट समाधान हुन नसकेका मुद्दाहरु न्यायिक समितिले स्थानीय अदालतमा पठाउने । हरेक स्थानीय तहमा आवश्यकता अनुसार स्थानीय तहको अदालत स्थापना गरी स्थानीय अदालत सम्बन्धी व्यवस्था गर्न र स्थानीय अदालतका न्यायाधीशको नियुक्ति, कार्य क्षेत्र र सेवाको शर्त तर्जुमा गर्ने कानून निर्माण सम्बन्धी अधिकार प्रदेश सरकारलाई दिनका लागि यो सम्मेलन माग गर्दछ ।

१४. संविधान बमोजिम प्रारम्भ गरिने महाभियोग प्रस्तावका सम्वन्धमा आरोपित तथ्यको छानविन गरी सो समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिनाभित्र टुंगो लगाउने गरी बाध्यात्मक कानूनी व्यवस्था गर्न यो सम्मेलन माग गर्दछ ।

१५. नेपाल बार एशोसिएशनको सम्बन्धित प्रदेशको उपाध्यक्षको संयोजकत्वमा प्रदेशभरीका बार एकाईका अध्यक्षहरु पदेन सदस्य रहने गरी प्रत्येक प्रदेश स्तरीय प्रदेश बार रहने गरी प्रदेश बारको विधान र कार्यविधि तर्जुमा गर्न नेपाल बार एशोसिएशनलाई यो सम्मेलन निर्देश गर्दछ ।

१६. न्यायापालिकामा रहेका विकृति, विसंगति र भ्रष्टाचार निर्मूल गर्नका लागि तत्कालिन सर्वोच्च अदालतका माननीय न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा प्रकाशित प्रतिवेदन अनुसार न्यायपालिकामा हुन सक्ने विकृति, विसंगति, अनियमितता, भ्रष्टाचार एवं विचौलियाको रोकथाम एवं नियन्त्रण गर्नका लागि प्रकाशित उक्त प्रतिवेन सर्वोच्च अदालतको फूल कोर्टबाट यथाशीघ्र निर्णय गरी लागू गर्न यो सम्मेलन सम्मानित सर्वोच्च अदालतलाई आव्हान गर्दछ । साथै पूर्ण स्वचालित पेशी प्रणाली अभिलम्ब लागू गर्न समेत यो सम्मेलन माग गर्दछ ।

१७. अदालतमा नियुक्त सबै तहका न्यायाधीशहरु, न्याय परिषद्का सदस्यहरु एवं निजहरुको एकासगोलको परिवारका सदस्यहरुको सम्पत्ति विवरण वार्षिक रुपमा दाखिल एवं सार्वजनिक गर्नुपर्ने र त्यसरी दाखिल गर्नुपर्ने कुनै विवरण लुकाएको अवस्थामा फौजदारी दायित्वको सिर्जना हुने कानूनी व्यवस्था गर्न र परिषद्ले समेत त्यस्तो विवरण सार्वजनिक रुपमा प्रकाशन गर्ने व्यवस्था गर्न यो सम्मेलन आव्हान गर्दछ ।

१८. सबै तहको न्यायाधीश नियुक्तिमा समानुपातिक, समावेशी सिद्धान्त अनुरुप दक्ष र योग्य व्यक्तिको नियुक्ति अनिवार्य रुपमा गर्न यो सम्मेलन न्याय परिषद्को ध्यानाकर्षण गर्दछ ।

१९. संवैधानिक अंगहरुहरुको नियुक्ति योग्यता र क्षमताको आधारमा समावेशी सिद्धान्तको अवलम्बन गरी नियुक्ति गर्न यो सम्मेलन माग गर्दछ ।

२०. निरन्तर कानूनी शिक्षा र नवोदित कानून व्यवसायीको दक्षता र क्षमता अभिवृद्धिका लागि लयर्स एकेडेमी सहितको कानून व्यवसायी परिषद् ऐनको संशोधन विधेयक यथाशीघ्र संसदमा पेश गरी पारित गर्न यो सम्मेलन माग गर्दछ ।

२१. कानून व्यवसायी कल्याणकारी कोष र कानून व्यवसायीहरुको लागि सामाजिक सुरक्षा सम्बन्धी प्रबन्ध गर्ने व्यवस्था गर्न अत्यावश्यक भएको हुँदा नेपालको संविधानको धारा ३४ ले प्रत्याभूत गरेको व्यवस्था समेतलाई मध्यनगर गरी योगदानमा आधारित भई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन सामाजिक सुरक्षा कोषसँग समन्वय गरी आवश्यक अध्ययन गर्ने र क्रमिक रुपमा कानून व्यवसायीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लैजान पहल गर्न यो सम्मेलन नेबाएलाई निर्देश गर्दछ ।

२२. मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ मा साविकको १ वर्ष कैद सजाय भएको भन्ने वाक्यशांको सट्टामा एक वर्ष कैद सजाय हुने भनी गरिएको संशोधन न्यायोचित नभएको हुँदा यसलाई पूर्ववत व्यवस्था कायम गराउन यो सम्मेलन तत् तत् निकायको ध्यानाकर्षण गराउँदछ ।

२३. सम्मानित सर्वोच्च अदालतबाट वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने सम्बन्धमा निर्धारित मापदण्ड अविलम्ब खारेज गरी सम्मानित सर्वोच्च अदालतबाट प्रदान गरिने वरिष्ठ अधिवक्ताको उपाधि संविधान र कानून सम्मत रुपमा सो उपाधिको गरिमा र महत्व अक्षुण्ण राखी उपाधि र सम्मान मागेर होईन जानेर दिनुपर्छ भन्ने सिद्धान्तलाई अवलम्बन गरी प्रत्येक वर्ष उक्त उपाधी प्रदान गर्न यो सम्मेलत माग गर्दछ ।

२४. न्याय परिषद्द्वारा मिति २०८० असोज १ मा न्याय परिषद् नियमावलीको नियम ११ मा गरिएको संशोधनले उच्च अदाललतमा नियुक्ति भई कार्य गरीरहेका न्यायाधीशहरुको नियुक्तिको वरियतामा समेत असर पर्ने गरी विधिको शासनको सिद्धान्त, नेपालको संविधानको धारा १४१ उपधारा ३ को संवैधानिक व्यवस्था र तदनुरुपको कानूनी व्यवस्था समेतको वर्खिलाप हुने गरी भूतप्रभावी असर पर्ने गरी गरिएको नियमावलीको संशोधन अविलम्ब खारेज गर्न न्याय परिषद्सँग यो सम्मेलन माग गर्दछ ।

२५. संक्रमणकालिन न्याय यथाशिघ्र सम्पन्न गर्नको लागि संसदमा विचाराधीन रहेको वेपत्ता पारिएका व्यक्तिहरुको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयक पीडितमैत्री बनाई अविलम्ब पारित गर्न यो सम्मेलन माग गर्दछ ।

२६. कानूनको मस्यौदालाई स्तरीय बनाउने उद्देश्य समेतले स्थापित नेपाल कानून आयोगको भूमिकालाई अझ वढी प्रभावकारी र स्तरीय बनाउन यो सम्मेलन नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

२७. सबै तहका अदालतहरुमा मेलमिलाप केन्द्रको भौतिक संरचनालाई व्यवस्थित गरी सबै निकायहरुमा मेलमिलाप हुन सक्ने प्रकृतिका मुद्दाहरुलाई मेलमिलापमा प्रोत्साहन दिंदै मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न पहल गर्नका लागि सम्बन्धीत निकायहरुलाई यो सम्मेलनबाट ध्यानकर्षण गराउँदछ ।

२८. नेपाल बार एशोसिएशनबाट मस्यौदा भएको लैंगिक समानता तथा कानून व्यवसायी सुरक्षा नीति, २०८१ लाई नेबाएको विधान संशोधन गरी अगाडी बढाउन यो सम्मेलन माग गर्दछ ।

२९. इजरायल र प्यालेष्टाईनी तथा रुस र युक्रेन बीचको द्वन्द्वमा भएको नर संहार, ज्यादती तथा मानव अधिकार र मानवीय कानूनको उल्लंघनको यो सम्मेलन घोर भर्त्सना गर्दछ । राष्ट्रहरु बीचको विवादको समाधान युद्धको माध्यमबाट नभई शान्तिपूर्ण रुपमा समाधान हुनुपर्ने अभिमत यो सम्मेलन प्रकट गर्दछ ।

३०. संघले संविधानको अनुसूची बमोजिम तोकिएका साझा अधिकारका विषयहरुमा शिघ्र कानून निर्माण गरी संघीयताको कार्यान्वयनमा जोड दिन यो सम्मेलन माग गर्दछ ।

३१. निःशुल्क कानूनी सहायता (प्रोबोनो) लाई थप प्रभावकारी रुपमा व्यापक प्रचार प्रसार गरी कार्यान्वयन गर्न यो सम्मेलन नेबाएलाई निर्देश गर्दछ ।

३२. महिला कानून व्यवसायी, युवा कानून व्यवसायीको लागि बारको नेतृत्व तहमा समावेशीता, योग्यता र क्षमताको आधारमा प्रतिनिधित्व गर्ने सुनिश्चितता सम्बन्धी व्यवस्था गर्न यो सम्मेलन नेबाएको ध्यानाकर्षण गर्न चाहन्छ ।

३३. विद्यमान विद्युतीय कारोवार ऐन, २०६३ पुरानो र अव्यवहारिक हुँदै गएको परिवेशमा सूचना प्रविधिमैत्री कानून तर्जुमा गर्नुपर्ने र कृतिम वौद्धिकता (Artificial Intelligence), डिजिटल सम्पत्ति, डाटा संरक्षण सम्बन्धमा विशिष्टीकृत कानून तर्जुमा गरी लागू गर्न सम्बन्धित निकाय समक्ष यो सम्मेलन माग गर्दछ ।

३४. वैंकिङ कसूर तथा सजायँ ऐन, २०६४ अन्तरगत चलाइएने मुद्दामा धितो निरीक्षण तथा ग्राहक पहिचानमा संलग्न नहुने कर्मचारी एवं बैंकको धितोसँग सम्बन्धित कागजातहरुको किर्तेमा संलग्न नहुने कर्मचारीहरुलाई वैंकिङ कसूरमा संलग्न गराई कारवाही गर्ने गरिएकोले सो पद्दतीलाई तत्काल बन्द गर्न सम्बन्धीत निकायलाई यो सम्मेलन ध्यानाकर्षण गराउँदछ ।

३५. विनियम अधिकार पत्र ऐन बमोजिमको चेक अनादरको कसूरलाई बैंकिङ कसूर तथा सजायँ ऐन, २०६४ मा समावेश गरिएकोमा सोलाई संशोधन गरी हटाउने व्यवस्थाका लागि यो सम्मेलन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

३६. वैक तथा वित्तीय संस्था र सहकारी संस्थाको कर्जा असुली सम्बन्धी विवादमा मध्यस्थताद्वारा पनि विवाद समान हुन सक्ने गरी उचित व्यवस्था गर्नका लागि यो सम्मेलन सम्बन्धीत निकायको ध्यानाकर्षण गराउँदछ ।

३७. लघुवित्त र सहकारी संस्थाहरुबाट पीडित भएका बचतकर्ता तथा ऋणीहरुको मागलाई यथोचित सम्बोधन हुने गरी तत्काल आवश्यक प्रबन्ध गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

३८. यस घोषणपत्रमा उल्लेख नभएका विषयवस्तुका सम्बन्धमा १६ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलनका उन्नाइस वटा विषयगत समितिले पेश गरेको प्रतिवेदन यसै घोषणा पत्रको अभिन्न अंगको रुपमा समाहित गरिएको छ ।

३९. १६ औं अखिल नेपाल राष्ट्रिय सम्मेलनको समुद्घाटन समारोहमा उपस्थित भई महत्वपूर्ण सम्बोधन गर्नु भएकोमा यो राष्ट्रिय सम्मेलन सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ साथै, सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यू, सम्मानीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठज्यू, International Bar Association (IBA) का महासचिव श्री जर्ग मेन्जरज्यू, LAWASIA का अध्यक्ष वरिष्ठ अधिवक्ता श्री श्याम देवानज्यू र The Bar Association of India का अध्यक्ष वरिष्ठ अधिवक्ता श्री प्रशान्त कुमारज्यूप्रति विशेष धन्यवाद व्यक्त गर्दछ ।

**तयारी समिति**

• **वरिष्ठ अधिवक्ता प्रेम बहादुर खड्का,** संयोजक ।

• **वरिष्ठ अधिवक्ता उमेश प्रसाद गौतम,** सदस्य, **वरिष्ठ अधिवक्ता सीताराम के.सी.,** सदस्य ।

• **अधिवक्ता अशोक कुमार पोखरेल,** सदस्य, **अधिवक्ता केदार प्रसाद कोइराला,** सदस्य ।

• **अधिवक्ता भोजराज आचार्य,** सदस्य, **अधिवक्ता घनप्रसाद गौतम,** सदस्य ।

• **अधिवक्ता प्रहलाद बहादुर कार्की,** सदस्य, **अधिवक्ता सरस्वती श्रेष्ठ,** सदस्य ।

• **अधिवक्ता अम्बर बहादुर राउत,** सदस्य, **अधिवक्ता पंकज कुमार कर्ण,** सदस्य ।

**२६ औं कार्यसमितिकोतर्फबाट नेबाए महासचिवद्वारा प्रस्तुत**

*•अधिवक्ता विष्णु पोखेल, सदस्य, अधिवक्ता कृष्ण प्रसाद पोखरेल, सदस्य ।*
*•अधिवक्ता निर्भयराज पौडेल, सहजकर्ता, नेवाए ।*
*२०८१ जेठ ६ गते, कमलादी, काठमाडौं ।*

- घोषणापत्रको जानकारी तथा कार्यान्वयनका लागि तत् तत् निकायहरु समक्ष पठाईएको र सोको कार्यान्वयनका लागि ताकेता समेत हुँदै आएको व्यहोरा जानकारी गराउँदछौं ।

## युवा कानून व्यवसायी सम्मेलन–२०२५ :–

- विकासोन्मुख राष्ट्रहरुमा विधिको शासन, कानूनद्वारा नियमन एवम् कल्याणकारी बनाउनको लागि आवश्यक नीति बनाउन र सरोकारवालाहरुलाई राष्ट्रको दिगो विकासमा कानूनको परिपालनाको महत्वको बारेमा अवगत गराउन पनि युवा कानून व्यवसायीले महत्वपूर्ण भूमीका निर्वाह गर्न सक्दछन भन्ने मान्यतालाई आत्मसाथ गर्दै नेपाल बार एशोसिएशन, युवा कानून व्यवसायी सरोकार समितिद्वारा मिति २०८१ माघ १६ गतेका दिन **'Shaping Tomorrow's Legal Leaders'** भन्ने मूल नाराकासाथ नेपालमा पहिलो युवा कानून व्यवसायी सम्मेलन–२०२५ अत्यन्तै हर्षोल्हासकासाथ सम्पन्न भएका भएको छ । सम्मेलन सम्माननीय प्रधानमन्त्रीज्यूबाट समुद्घाटन भई मुलुकभरीका १ हजार जनाभन्दा बढी युवा कानून व्यवसायीहरुको उत्साहजनक रुपमा सक्रिय सहभागिता रही सम्मेलन समापन भएको थियो ।

## युवा कानून व्यवसायी सर्वेक्षण प्रतिवेदन, २०८१:–

- कानून व्यवसायमा भर्खर प्रवेश गर्दै गरेको र भविष्यमा प्रवेश गर्नेहरु यस पेशाको लागि नविन छन् तर नव प्रवेशी कानून व्यवसायीहरुको क्षमताहरु पनि नियमित रुपमा विकास हुँदै गएका छन् । आजको युवा कानून व्यवसायीहरुले भोलि नेतृत्व गर्ने तहमा रहनेछन् । त्यसकारण युवा कानून व्यवसायीहरुको आजको आवश्यकता सम्बोधन गर्ने कार्यले भविष्यमा कानूनी पेशाले कस्तो स्वरुप ग्रहण गर्नेछ भन्ने दिशा निर्देशित गर्दछ भन्ने यस कार्यसमितिको ठम्याई रहेको छ । कानून व्यवसायको भविष्य आजको युवा कानून व्यवसायीहरुको हातमा छ । युवा कानून व्यवसायीहरुको समग्र विकासले भविष्यमा कानूनी पेशाको क्षेत्रलाई फाइदा गर्छ । के कस्ता कुराहरुले युवा कानून व्यवसायीहरुलाई यस पेशा प्रति अभिप्रेरित गर्दछ, युवा कानून व्यवसायीहरुले के चाहन्छन्, कानून व्यवसायमा युवा कानून व्यवसायीहरुले के कस्ता चुनौतिको सामना गरिरहेका छन्, युवा कानून व्यवसायीहरुले आफू आबद्द रहेको क्षेत्रबाट के कस्ता अपेक्षा राखेका छन् र यस क्षेत्रमा आफ्नो भविष्य देखेका छन् वा छैनन्, वरिष्ठ अधिवक्ताहरु तथा अग्रज कानून व्यवसायीहरुको बारेमा युवा कानून व्यवसायीहरुको धारणा र वरिष्ठ अधिवक्ताहरु तथा अग्रज कानून व्यवसायी र युवा कानून व्यवसायीहरुको बीचको सम्बन्धका बारेमा विश्व भरिकै युवा कानून व्यवसायीहरुले चासो राख्ने गर्दछन् । यसै कुरालाई मध्यनजर गर्दै नेपाल बार एशोसिएशनले युवा कानून व्यवसायी सरोकार समिति मार्फत देशैभरीका युवा कानून व्यवसायीहरुका बीचमा अध्ययन, अनुसन्धान, परामर्श, बैठक समेत गरी युवा कानून व्यवसायी सर्वेक्षण प्रतिवेदन, २०८१ भव्य समारोहका बीच मिति २०८१ माघ १६ गतेका दिन सार्वजनिक गरेको छ । यसलाई नेपाल बार एशोसिएशनको अमूल्य सम्पत्तिको रुपमा ग्रहण गरिदिनुहुनका लागि म यस सम्मानित समा समक्ष हार्दिक आग्रह गर्दछु । यस महान कार्यलाई हातेमालो गर्न नेपाल बार एशोसिएशनसँग जोडिएकोमा पुरक एशियाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै अधिकारी एण्ड एशोसिएट्सको विशेषज्ञ सेवाका लागि समेत हार्दिक धन्यबाद ज्ञापन गर्दछौं ।

## पुस ७ अर्थात ने.बा.ए. स्थापना दिवस (बार डे):–

- नेपाल बार एशोसिएशनको स्थापना दिवसको उपलक्ष्यमा वार्षिक रुपमा नेपाल बार एशोसिएशन र देशैभरीका बार एकाईहरुले पुस ७ गतेका दिन विभिन्न रचनात्मक क्रियाकलाप तथा कार्यशाला गोष्ठीहरुको आयोजना गर्दै आईरहेको परिप्रेक्षमा यस वर्षको बार स्थापना दिवसको उपलक्ष्यमा नेपाल बार एशोसिएशनको प्राङ्गणमा रचनात्मक रुपमा **शुभकामना आदान प्रदान कार्यक्रम** को आयोजना

गरी मनाईयो । उक्त शुभकामना आदान प्रदान कार्यक्रममा उपत्यकामा रहनु भएका वरिष्ठ अधिवक्ता, अधिवक्ता तथा सर्वोच्च अदालतका न्यायाधीशज्यूहरुको सहभागिता रहने गरेको छ ।

## आम निर्वाचनको पर्यवेक्षण, २०७९ :-

- नेबाए लोकतन्त्र, मानव अधिकार र आवधिक निर्वाचनको पक्षमा सदैव रहँदै आएको छ । लोकतन्त्रलाई संस्थागत गर्न र आफ्नो प्रतिनिधि निर्वाद र निर्भिक रुपमा चयन गर्ने अवसरको उचित प्रयोग भए नभएको तथा स्वतन्त्र र निष्पक्ष निर्वाचन भए नभएको सन्दर्भमा नेबाएले निर्वाचनको पर्यवेक्षण गरी आएकोमा मिति २०७९ मङ्सिर ४ गतेको प्रतिनिधि सभा सदस्यको निर्वाचन र प्रदेश सभा सदस्यको निर्वाचनको पर्यवेक्षण गर्ने कार्य सफलतापूर्वक सम्पन्न भएको छ । छोटो समयावधिमा पनि यस एशोसिएशनतर्फबाट देशैभरीबाट २९३ जना कानून व्यवसायीज्यूहरु निर्वाचन पर्यवेक्षणका लागि खटिनु भएको ब्यहोरा जानकारी गराउँदछौं । पर्यवेक्षणको निम्ति आवश्यक लजिष्टिक, अभिमुखिकरण तालिम तथा न्यूनतम् खर्चको प्रबन्ध गर्न नेबाएसँग आफ्नै स्रोतको अपुग रहेको र अन्यत्रबाट सहयोगको प्रबन्ध छोटो र अन्तिम समयमा स्वीकृति प्राप्त भएको कारण हुन नसकेको हुँदा असमर्थ रहेको तितो यथार्थताको बाबजुत आफ्नै साधन श्रोतमा अथक मेहनतकासाथ निर्वाचन पर्यवेक्षणको कार्य सम्पन्न गर्नु हुने सम्पूर्ण कानून व्यवसायीहरुलाई सहृदय हार्दिक धन्यबाद ज्ञापन गर्दछौं ।

## राय, सल्लाह, सुझावहरु प्रस्तुत :-

- नेपाल बार एशोसिएशनलाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट देहायका ऐन, नियमहरुका संसोधन उपरको मस्यौदा उपर आवश्यक सुझाव माग भई आएकोमा देशभरिका बार एकाइहरुमार्फत र समितिहरु गठन गरी सो मार्फत कानून निर्माण तथा संशोधनमा सुझाव दिईदै आएको जानकारी यस सभा समक्ष गराउन चाहन्छौं । यस कार्यमा संलग्न हुनु हुने देशैभरीका बार एकाइ, वरिष्ठ अधिवक्ता, अधिवक्ताज्यूहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छौं ।

## नेबाएको भवन सम्बन्धमा :-

- नेपाल बार एशोसिएशनको सदस्य संख्या क्रमशः बढोत्तरी हुँदै गएको परिप्रेक्षमा हाल रहेको बार भवनको संरचना अपुग भएको महसुस भई नेपाल सरकारसँग उपयुक्त जग्गा उपलब्ध गराई पाउन तत्कालिन प्रधानमन्त्री शेर बहादुर देउवाज्यू, श्री पुष्पकमल दाहाल (प्रचण्ड) र हालका प्रधानमन्त्री सम्मानीय के.पी. शर्मा ओलीज्यूसँग निरन्तर रुपमा संवाद हुँदै आएको ब्यहोरा अवगत गराउन चाहन्छौं ।

## एमिकश क्युरी (Amicus Curiae) :-

- सम्मानित सर्वोच्च अदालतबाट यस एशोसिएशनलाई विशेष किसिमका मुद्दाहरुका सम्बन्धमा अदालतको सहयोगी माग भई आएको अवस्थामा सचिवालयमार्फत एमिकश क्युरीको मनोनयन गरी सेवा प्रवाह गरिँदै आएको छ ।

| क्र.सं. | मुद्दा | मनोनयन हुनु हुने कानून व्यवसायीज्यू |
|---|---|---|
| १. | मुद्दा नं. ०७९-RE-००६५ । पुनरावेदक/निवेदक बज्रसिंह लामा र प्रत्यार्थी/विपक्षी नेपाल सरकार भएको बैंकिङ्ग कसुर विषयको ७३ नं. निवेदन/प्रतिवेदन | वरिष्ठ अधिवक्ता श्री तुलसी भट्ट ।<br>वरिष्ठ अधिवक्ता श्री मेघराज पोखरेल । |
| २. | मुद्दा नं. ०७९-MS-००५० पुनरावेदक/निवेदक उच्च अदालत विराटनगरका रजिष्ट्रारको प्रतिवेदन र प्रत्यार्थी/विपक्षी सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगरका सामाजिक विकास मन्त्री बुद्धिकुमार राजभण्डारी भएको | वरिष्ठ अधिवक्ता श्री महेश कुमार नेपाल ।<br>वरिष्ठ अधिवक्ता श्री बासुदेव सिग्देल ।<br>अधिवक्ता श्री एगराज पोखेल । |

| | | |
|---|---|---|
| | अदालतको अवहेलना मुद्दा | |
| ३. | मुद्दा नं. ०७३-WO-०२१६ को पत्रानुसार अधिवक्ता भद्रप्रसाद नेपाल (स्वागत नेपाल) को वारेस भई आफ्नो हकमा समेत टपेन्द्र बहादुर कार्की र प्रत्यार्थी/विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं समेत भएको उत्प्रेषणयुक्त परमादेश रिट निवेदन | ने.बा.ए. उपाध्यक्ष अधिवक्ता श्री हर्क बहादुर रावल । वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र कुमार महतो । |
| ४. | मन्त्री परिषद्को कार्यालयसमेत भएको ०७०-WO-३२६ नं. को उत्प्रेषणसमेतको रिट निवेदन | वरिष्ठ अधिवक्ता श्री राधेश्याम अधिकारी । वरिष्ठ अधिवक्ता श्री रामनारायण विंडारी । वरिष्ठ अधिवक्ता श्री खगेन्द्र प्रसाद अधिकारी । |
| ५. | मुद्दा नं. ०८०-WO-०७३० । पुनरावेदक/निवेदक सूर्यनाथ उपाध्याय र प्रत्यार्थी/विपक्षी श्री सम्माननीय प्रधानमन्त्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं समेत भएको उत्प्रेषण विषयको रिट निवेदन | वरिष्ठ अधिवक्ता श्री केदार कार्की । |
| ६. | मुद्दा नं. ०८१-WO-०६२६ । पुनरावेदक/निवेदक युवराज पौडेल र प्रत्यर्थी/विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं समेत । | वरिष्ठ अधिवक्ता श्री डा. सुष्मा बास्कोटा बराल । |

## लैंगिक तथा पेशागत सुरक्षा नीति :-

- सम्पूर्ण कानून व्यवसायी महिला लगायत लैंगिक विषयहरुलाई यथोचित रुपमा संवोधन गरी कानून व्यवसायीहरु माथी हुने कुनै पनि प्रकारको यौनजन्य दूर्व्यवहार तथा अन्य दूर्व्यवहार एवम् हिंसा विरुद्ध शुन्य सहनशिलता अवलम्बन गर्न वान्छनीय भएको र यसका लागि विभिन्न सभा, गोष्ठी र सम्मेलनहरुले समेत जोडदार रुपमा माग गरेको हुँदा यस्ता माग, घोषणा र निर्णयहरुलाई सम्बोधन गर्नका लागि **लैगिंक तथा कानून व्यवसायी सुरक्षा नीति, २०८०** को तर्जुमा गरीएको छ । थप सार्थकता प्रदान गर्नका लागि कार्यविधि निर्माणको चरणमा रहेको छ ।

# क्षमता अभिबृद्धि

(तालिम, गोष्ठि, अन्तरक्रिया, सेमिनार तथा बैठक)

स्वतन्त्र, सक्षम तथा उत्तरदायि न्यायपालिका र कानून व्यवसायीहरुको हक-हित प्रबर्द्धन तथा व्यवसायीक दक्षता अभिवृद्धिका लागि नेबाए निरन्तर क्रियाशील रही आएको सर्वविदितै छ । यसै परिप्रेक्षमा निम्न बमोजिमका क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन भएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

## क्षमता अभिबृद्धिका लागि अन्तर्राष्ट्रियस्तरको तालिम कार्यक्रमको आयोजना :-

- **The Commericl Law Development Program (CLDP) United State of America** को सहयोगमा देहाय बमोजिमको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम आयोजना भएका छन्-

| क्र.सं. | तालिमको नाम | आयोजना मिति | लाभान्वित कानून व्यवसायीको संख्या |
|---|---|---|---|
| १. | Infrastructure Contract Management Workshop | २०७९ असार २७ देखि ३१ | ३० जना । |
| २. | Negotiations Workshop | २०७९ कार्तिक १ देखि २ | ४० जना । |

| | | | |
|---|---|---|---|
| ३. | Arbitration Program | २०७९ मङ्सिर २८-पुस १ | ३० जना । |
| ४. | Continuing Legal Education Program | मिति २०८० साउन ३१ र ३२ | २७ जना । |

- **राष्ट्रिय न्यायिक प्रतिष्ठानको सहयोगमा देहाय बमोजिमको क्षमता अभिवृद्धि/पुनरताजगी तालिम कार्यक्रम आयोजना भएका छन्–**

| क्र.सं. | तालिमको नाम | आयोजना मिति | लाभान्वित कानून व्यवसायीको संख्या |
|---|---|---|---|
| १. | वाणिज्य कानून सम्बन्धी प्रशिक्षण कार्यक्रम | २०७९ बैशाख १३ देखि १४ | ५० जना । |
| २. | कर तथा राजश्व कानून सम्बन्धी प्रशिक्षण कार्यक्रम | २०७९ बैशाख २१ देखि २३ | ३२ जना । |
| ३. | साईबर कानून सम्बन्धी प्रशिक्षण कार्यक्रम | २०७९ कार्तिक १६ देखि १८ | ३० जना । |
| ४. | संहिता कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि कानून विज्ञको भूमिका सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०७९ मङ्सिर १९ देखि २० | २५ जना । |
| ५. | बाल न्याय सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०७९ पुस १ गते | ६ जना, बिराटनगर । |
| ६. | नवप्रवेशी कानून व्यवसायीहरुका लागि क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण कार्यक्रम (पाँच दिवसीय) | २०८० बैशाख २५ – २९ | २५ जना । |
| ७. | न्यायिक सुधारमा नेपाल बारको भूमिका | २०८० असार १ | ५० जना । |
| ८. | बाल न्याय सम्बन्धी प्रशिक्षण | २०८० भदौ २१-२३ | ३ जना |
| ९. | बाल न्याय सम्बन्धी प्रशिक्षण | २०८० भदौ २७-२९ | ३ जना |
| १०. | मानवीय कानून सम्बन्धी प्रशिक्षण कार्यक्रम, मधेश प्रदेश (जनकपुर) | २०८० मङ्सिर १७-१८ | ३ जना । |
| ११. | कानून व्यवसायीहरुको लागि साईबर कानून सम्बन्धी प्रशिक्षण कार्यक्रम (भर्चुयल-२) | २०८१ पुस १८ – २० | ४१ जना |
| १२. | क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण | २०८१ बैशाख १७ देखि २१ | ५० जना |
| १३. | बैंकिङ कानूनको अभ्यास र बैंकिङ कानूनको नीतिगत सुधारको लागि बैंकिङ कानून | २०८१ जेठ ११ | वरिष्ठ अधिवक्ताज्यूहरु । |
| १४. | लैङ्गिक उत्तरदायी न्याय सम्बन्धी प्रशिक्षण | २०८१ असार २१ र २२ | ७ जना । |
| १५. | फौजदारी न्याय प्रशासन अध्ययन तथा सुझाव कार्यदलको सरोकारवालाहरुसँगको राष्ट्रिय कार्यशाला | २०८१ असार १५ | ११ जना । |
| १६. | स्थानीय न्यायिक समितिको कार्यविधि र न्याय सम्पादन सम्बन्धी प्रशिक्षक प्रशिक्षण | २०८१ साउन १४-१६ | ३ जना । |
| १७. | लैंगिक उत्तरदायी न्याय सम्बन्धी दुई दिवसीय प्रशिक्षण कार्यक्रम – २ | २०८१ भदौ १४-१५ | ४ जना । |
| १८. | राजश्व सम्बन्धी प्रशिक्षण कार्यक्रम | २०८१ असोज ७-८ | ३३ जना । |
| १९. | प्रशिक्षक प्रशिक्षण कार्यक्रम | २०८१ मङ्सिर १०-१४ | ६ जना । |
| २०. | लैंगिक उत्तरदायी न्याय सम्बन्धी प्रशिक्षण कार्यक्रम | २०८१ पुस ६-७ | ७ जना । |
| २१. | सम्पति शुद्धिकरण र बैंकिंङ्ग कसूर सम्बन्धी प्रशिक्षण कार्यक्रम | २०८१ माघ २०-२२ | ४० जना । |
| २२. | बाध्यकारी श्रम नियन्त्रण सम्बन्धी प्रशिक्षण कार्यक्रम | २०८१ माघ १४-१५ | ७ जना । |

- **जाइका नेपालको सहयोगमा देहाय बमोजिमको ८ दिने मेलमिलाप समबन्धी आधारभूत तालिम कार्यक्रम सम्पन्न भएको छ ।**

| क्र.सं. | तालिमको नाम | आयोजना मिति | लाभान्वित कानून व्यवसायीको संख्या |
|---|---|---|---|
| १. | मेलमिलाप सम्बन्धी आधारभूत तालिम कार्यक्रम– पोखरा | २०७९ माघ २ गतेदेखि ८ दिनसम्म । | २८ जना । |
| २. | मेलमिलाप सम्बन्धी आधारभूत तालिम कार्यक्रम– लुम्बिनी (बुटवल) | २०७९ माघ ४ गतेदेखि ११ दिनसम्म । | २९ जना |

- नेपाल कानून व्यवसायी परिषद् (लयर्स एकेडेमी व्यवस्थापन समिति) द्वारा सःशुल्क ***संवैधानिक विषयको विशिष्टिकृत तालिम***मा २१ जना उपत्यका बार एकाईबाट प्रतिनिधित्व रहने गरी तालिम सञ्चालन भएको थियो । मिति २०७९ साउन १ गतेबाट ८ गतेसम्म नेपाल कानून व्यवसायी परिषद्मा सञ्चालीत उक्त तालिमबाट २१ जना कानून व्यवसायीजयूहरु लाभान्वित हुनु भएको व्यहोरा जानकारी गराउँदछौं ।

- आर्थिक कानून सम्बन्धी क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल बार एशोसिएशन र नेपाल आर्थिक पत्रकार समाज (SEJON) बीचको सहकार्यमा आयोजित **"आर्थिक तथा व्यावसायिक कानून सम्बन्धी तालिम"** कार्यक्रम मिति २०७९ भाद्र १९ गतेदेखि २७ गतेसम्म आयोजना गरिएको थियो । उक्त कार्यक्रममा नेपाल बार एशोसिएशनको अनुरोधमा नेबाएकोतर्फबाट वरिष्ठ अधिवक्ता तथा अधिवक्ताज्यूहरु मार्फत निःशुल्क विशेषज्ञ प्रशिक्षक सेवा उपलब्ध गराईएको थियो । यस कार्यक्रममा विशेषज्ञको रुपमा निःशुल्क विशेषज्ञ सेवा प्रदान गर्नुहुने वरिष्ठ अधिवक्ताज्यू तथा अधिवक्ताज्यूहरुप्रति सधन्यबाद हार्दिक आभार व्यक्त गर्दछौं ।

- नेपाल बार एशोसिएशन र International Commission of Jurists (ICJ) बीचको सहकार्यमा Workshop for Lawyers on Eliminating Gender Discriminatory Attitudes & Behaviors Towards Women Enhancing Access to Jusitce for Women Nepal विषयक देहाय बमोजिमका कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न भएका छन् ।

<table>
<tr><th>क्र.सं.</th><th>तालिमको नाम</th><th>आयोजना मिति/स्थान</th><th>लाभान्वित कानून व्यवसायीको संख्या</th></tr>
<tr><td>१.</td><td rowspan="3">Workshop for Lawyers on Eliminating Gender Discriminatory Attitudes & Behaviors Towards Women Enhancing Access to Jusitce for Women Nepal</td><td>२०७९ कार्तिक १८ र १९ (4-5 November 2022), काठमाडौं ।</td><td>५० जना ।</td></tr>
<tr><td>२.</td><td>२०७९ माघ ६ र ७ (19-20 January 2023), चितवन ।</td><td>५० जना ।</td></tr>
<tr><td>३.</td><td>२०७९ चैत १७ र १८ गते, पोखरा ।</td><td>४० जना ।</td></tr>
</table>

## मेलमिलाप सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम (ToT) कार्यक्रम :-

- मिति २०७९ असार १६ गतेदेखि २३ गतेसम्म सर्वोच्च अदालतको एनेक्स भवनको सभा हलमा सञ्चालन भएको मेलमिलाप सम्बन्धी ८ दिवसीय मेलमिलाप सम्बन्धी आधारभूत तालिम कार्यक्रममा नेपाल बारबाट ८ जना कानून व्यवसायीज्यूहरु सहभागी भई लाभान्वित हुनु भएको जानकारी गराउँदछौं ।

- मेलमिलाप परिषद्द्वारा आयोजना गरिएको मेलमिलाप सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम (ToT) कार्यक्रममा यस एशोसिएशनबाट ८ जना कानून व्यवसायीज्यूहरुलाई सहभागी गराइएको जानकारी गराउँदछौं ।

- नेपाल बार एशोसिएशनले The United States Embassy, Department of Justice, Office of Prosecutorial Development Assistance and Training (DOJ OPDAT) सँगको सहकार्यमा मिति

२०७९ माघ २८ र २९ गते (तद्नुसार 11 and12 February, 2023) मा काठमाडौंमा "Seminar on Stakeholder Mapping & Coordination for Services to the victims of Gender Based Violence विषयक कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, न्यायिक समितिका पदाधिकारीहरु, जिल्ला न्यायाधिवक्ताहरु, नेपाल प्रहरी, जिल्ला कानूनी सहायता समिति, बैतनिक वकिल, लैंगिक हिंसा विरुद्धको अभियानमा कार्यरत विभिन्न संघ संस्थाहरु तथा स्वेच्छिक नि:शुल्क कानूनी सहायता (प्रो–वोनो) सेवा प्रदान गर्नुहुने कानून व्यवसायीज्यूहरु लगायत ५३ जनाको सहभागिता रहेको थियो ।

## संस्थागत सुधार मार्फत न्यायमा पहुँच अभिबृद्धि परियोजना–२ :–

- संस्थागत सुधार मार्फत न्यायमा पहुँच अभिवृद्धि परियोजना–२ बाट विभिन्न कार्यक्रमहरुको आयोजना गरी कानून व्यवसायीहरुलाई सहभागिता गराइएका जानकारी गराउँदछौं ।

## ल एशिया पाँचौ अन्तर्राष्ट्रिय मानव अधिकार सम्मेलन, २०२५

- नेपाल बार एशोसिएशनद्वारा आयोजित ल एशिया पाँचौ अन्तर्राष्ट्रिय मानव अधिकार सम्मेलन–२०२५ मिति २०८१ फागुन ३, ४ र ५ गते काठमाडौंमा भव्यताकासथा सम्पन्न भयो । सम्मेलनमा २६ देशबाट ३०० भन्दा बढि कानूनी व्यवसायीहरू र मानव अधिकार अभियन्ताहरूको सहभागीता रहेको थियो । सम्मेलनको समुद्घाटन सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट भएको थियो भने विशेष अतिथिको रुपमा सम्माननीय प्रधान न्यायाधीश श्री प्रकाशनमान सिंह राउतज्यूको समेत उपस्थिति रहेको थियो ।

## न्याय परिषद् सदस्यमा मनोनयन :–

- नेपालको संविधानको धारा १५३(१)(ङ) बमोजिम नेपाल बार एशोसिएशनको सिफारिसमा राष्ट्रपतिज्यूद्वारा नियुक्त कम्तीमा वीस वर्षको अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ताको नाम सिफारिस गर्नुपर्ने संवैधानिक दायित्व रहेकोले नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको मिति २०८१/०९/२७ गते बसेको बैठकले निर्णय गरे अनुसार काठमाडौं जिल्ला, बुढानीलकण्ठ नगरपालिका वडा नं. ४ बस्ने वरिष्ठ अधिवक्ता दामोदर खड्का (प्र.प.सं. ३५९) लाई नेपाल बार एशोसिएशनको तर्फबाट न्याय परिषद्को सदस्य पदमा नियुक्तीका लागि सिफारिस गरिएको जानकारी गराउँदछौं ।

## नेपाल कानून व्यवसायी परिषद्को पार्षद मनोनयन :–

- नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा ४ (१) (च) बमोजिम मनोनित हुनुहुने २ (दुई) जना पार्षद्हरु मनोनयन गर्ने सम्बन्धमा नेपाल बार एशोसिएशनको मिति २०८१ बैशाख १ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकको निर्णयानुसार वरिष्ठ अधिवक्ता केशव प्रसाद काफ्ले र वरिष्ठ अधिवक्ता रमेश कुमार मैनालीलाई मनोनित गरिएको जानकारी गराउँदछौं ।

# विविध

## ने.बा.ए. भवन/सचिवालयको स्तरोन्नति :–

- नेबाएले सञ्चालन गर्ने कार्यहरू चुस्त दुरुस्त रूपमा सञ्चालन गर्नका लागि नेपाल बार एशोसिएशनको भवनको मर्मत सम्भार (कार्यसमिति कक्ष र सचिवालय) तथा रङ–रोगन गरी कार्यालय र सचिवालयको स्तरोन्नती गरी कार्य गरी आएको जानकारी गराउँदछौं ।

- नेपाल बार एशोसिएशन लोकतन्त्र, स्वतन्त्र न्यायपालिका, मानव अधिकार र कानूनी शासनप्रति पूर्ण प्रतिवद्ध रही क्रियाशील रहँदै गर्दा नेबाएको भौतिक संरचनाहरुको स्तरोन्नतीतर्फ पनि ध्यान पुऱ्याउन जरुरी छ । सोही सर्न्दभमा नेबाएको प्राङ्गण टुट-फुट र अव्यवस्थित भई यस एशोसिएशनको प्राङ्गणलाई ब्यूटीफिकेशन गर्नका लागि नेबाएबाट गरिएको अनुरोधलाई स्वीकार गरी श्री शहरी विकास मन्त्रालय, संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयबाट आर्थिक र प्राविधिक सहयोग सहित मर्मत सम्भार सम्बन्धी (प्राङ्गणमा ब्लक बिछ्याउने, गेट निर्माण र फुल क्यारी निर्माण) कार्यमा सम्पूर्ण सहयोग प्राप्त भएको जानकारी गराउँदछौं । यस एशोसिएशनको अनुरोधलाई स्वीकृत गरी नेबाए प्राङ्गण मर्मत सम्भार तथा ब्यूटीफिकेशनको कार्य गरिदिने श्री शहरी विकास मन्त्रालय, संघीय सचिवालय, निर्माण तथा व्यवस्थापन कार्यालयलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछौं ।

## कार्यक्रमहरुमा सहभागिता :-

- नेपाल बार एशोसिएशनलाई विभिन्न निकाय, संघ संस्था तथा नेपाल बार एशोसिएशनसँग विशेषज्ञ सुझावको अपेक्षा राखी प्रमुख अतिथि, अतिथि र सहभागिताका लागि अनुरोध भई आएका कार्यक्रमहरुमा नेबाएको सचिवालयमा छलफल गरी विशेषज्ञताका आधारमा सहभागिता गराईदै आएको व्यहोरा यस सम्मानित बैठक समक्ष जानकारी गराउँदछौं ।

- नेपाल बार एशोसिएशनका सदस्य अधिवक्ताहरु दिनहुँ सयौंको संख्यामा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रदान हुने सेवाका लागि सेवाग्राहीहरुकोतर्फबाट कम्पनी रजिष्ट्रारको कार्यालयमा उपस्थित भईरहनु पर्ने भएको र सेवाग्राहीको कार्य फछ्र्योट गर्न समय लाग्ने भएको हुँदा कानून व्यवसायीहरुको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा बैठक कक्षको आवश्यक प्रवन्ध गरिएको जानकारी गराउँदछौं ।

- नेपाल बार एशोसिएशनको उद्देश्य हासिल गर्न यस एशोसिएशन आर्थिक रुपमा पनि त्यत्तिकै सवल र सक्षम हुन जरुरी छ । नेबाएको विधान २०४८ (संशोधन सहित) को दफा ७ बमोजिमको सदस्यता शुल्क बापतमा उठाईने सदस्यता शुल्क बरिष्ठ अधिवक्ताको हकमा रु. १,०००/- (एक हजार), १५ वर्ष वा सोभन्दा बढी कानून व्यवसाय गरेका सदस्यको हकमा रु. ६,००/- (छ सय) पाँच वर्षभन्दा माथि कानून व्यवसाय गरेका सदस्यको हकमा रु. ४,००/- (चार सय) र सोभन्दा कम समय कानून व्यवसाय गरेका सदस्यको हकमा रु. २,००/- (दुई सय) मध्येबाट २५ प्रतिशत रकम नेबाएको केन्द्रीय कार्यालयमा प्राप्त हुने व्यवस्था रहेको यहाँहरु समक्ष अवगत नै छ । यसरी मुख्य आन्तरिक स्रोतको रुपमा रहेको सदस्यता शुल्कबाट समेत अत्यन्त न्यून आम्दानी भएको देखिन्छ । जसको कारण संस्थालाई गतिशील बनाउन सदैव दातृ संघ संस्थाबाट हात फिजाई स्रोत जुटाई संस्था सञ्चालन गर्दा परनिर्भरतामा संस्था चल्नुपर्ने अवस्था देखिँदा संस्थाको आन्तरिक स्रोतलाई सबल, व्यवस्थित गरी आत्म निर्भरता उन्मुख गर्न हामीहरुको इच्छा नहुँदा नहुँदै पनि आवश्यकता र वाध्यताको बीचबाट आयोजना भएका विभिन्न सम्मेलन तथा गोष्ठीमा सहभागी दस्तुर समेत बृद्धि गर्नु परेको विषयलाई बाध्यात्मक अवस्थाको रुपमा बुझिदिन सबैमा हार्दिक अनुरोध गर्दछौं । साथै संस्थालाई आत्मनिर्भर तुल्याउन सदस्यता तथा सदस्यता नवीकरण शुल्क बृद्धि गरी एशोसिएशनको आन्तरिक आम्दानीको स्रोत बढाउनुपर्ने अवस्था विद्यमान रहेको हाम्रो ठम्याई रहेको समेत जानकारी गराउँदछौं ।

## प्रकाशन :-

- यस कार्यसमितिले आफ्नो कार्य सम्पादन गरे पश्चात देहाय बमोजिमको न्यायदूत प्रकाशन भएका छन् । न्यायदूतलाई नियमित प्रकाशन (३/३ महिनामा) गर्ने यस कार्यसमितिको जमर्को रहेको थियो । यसका लागि यहाँहरु सबैजनाको सहयोग र सद्भावको आवश्यकता रहन्छ ।

| क्र.सं. | न्यायदूतको अंक/मिति | कैफियत |
|---|---|---|

| | | |
|---|---|---|
| १. | पूर्णाङ्क २२४, २०७९ फागुन | महिला सम्मेलन विशेषाङ्क। |
| २. | पूर्णाङ्क २२५, २०८० असोज | सामाजिक सुरक्षा र बीमा विशेषाङ्क। |
| ३. | पूर्णाङ्क २२६, २०८० मङ्सिर | मानव अधिकार गोष्ठी। |
| ४. | पूर्णाङ्क २२७, २०८१ वैशाख | १६ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलन, २०८१ मा प्रस्तुत कार्यपत्रहरुको संगालो। |
| ५. | पूर्णाङ्क २२८, २०८१ मंसीर | न्यायपालिकाको पुनर्संरचना विशेषाङ्क। |
| ६. | पूर्णाङ्क २२९, २०८१ पुस | कानून व्यवसायी महिला सम्मेलन विशेषाङ्क। |

## समबेदना :-

- लामो समयदेखि कानून व्यवसायीको रुपमा सक्रिय वरिष्ठ अधिवक्ता सुवासचन्द्र नेम्वाङ नेपाल बार एशोसिएशनको कार्यसमिति सदस्य (२०३९-२०४२), महासचिव (२०४२-२)४५) लगायतका विभिन्न भूमिकामा रही सिङ्गो कानून, न्याय र सामाजिक क्षेत्रमा योगदान पुऱ्याउँदै लोकतन्त्र, मानव अधिकार, विधिको शासन र स्वतन्त्र न्यायपालिकाको पक्षमा क्रियाशील हुँदै आउनु भएका नेम्वाङको ७१ वर्षको उमेर मिति २०८० भदौ २६ गते भएको असमायिक निधनप्रति भावविव्हल हुँदै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छौं।

- मानव अधिकारवादी व्यक्तित्वको रुपमा सक्रिय वरिष्ठ अधिवक्ता दमननाथ ढुंगाना नेपाल बार एशोसिएशनको कार्यसमिति महासचिव (२०२८-२०३०) लगायतका विभिन्न भूमिकामा रही सिङ्गो कानून, न्याय र सामाजिक क्षेत्रमा योगदान पुऱ्याउँदै प्रजातन्त्र, मानव अधिकार, विधिको शासन र स्वतन्त्र न्यायपालिकाको पक्षमा क्रियाशील हुँदै आउनु भएका ढुंगानाको ८३ वर्षको उमेरमा मिति २०८० मङ्सिर २ गते भएको असमायिक निधनप्रति भावविव्हल हुँदै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

- नेपाल बार एशोसिएशनका पूर्व उपाध्यक्ष एवम् वरिष्ठ अधिवक्ता श्री हिम्मत सिंह भण्डारीज्यूको मिति २०८१ चैत ०९ गतेका दिन असामयिक निधन भएकोमा उहाँको निधनप्रति भावविव्हल हुँदै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

- २०८१ साल कार्तिक २९ गतेका दिन नेबाएका पूर्व सचिव अधिवक्ता ईन्द्रबहादुर अधिकारी समेतलाई हामीले अन्तिम विदाई गर्नु परेको तितो यथार्थ हामी माझ रहेको छ। उहाँको निधनबाट नेबाएले एक जिम्मेवार कानून व्यवसायीलाई गुमाउन पुगेको छ। उहाँप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै परिवारजनमा समवेदना व्यक्त गर्दछौं।

- नेपाल बार एशोसिएशनका पूर्व महासचिव वरिष्ठ अधिवक्ता श्री प्रकाशचन्द्र शर्मा वस्तीज्यूको मिति २०८१ पुस १२ गतेका दिन ७१ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामी स्तब्ध भएका छौं। वरिष्ठ अधिवक्ता स्वर्गीय वस्ती नेपाल बार एशोसिएशनको महासचिव (२०४८-२०५१) लगायतका विभिन्न भूमिकामा रही सिङ्गो कानून, न्याय र सामाजिक क्षेत्रमा योगदान पुऱ्याउँदै लोकतन्त्र, मानव अधिकार, विधिको शासन र स्वतन्त्र न्यायपालिकाको पृष्ठपोषकको रुपमा उहाँले खेल्नु भएको भूमीका र योगदान हामी माझ सँधै जीवित रहनेछ।

- विभिन्न बार एकाईहरुमा आवद्ध रही नेपाल बार एशोसिएशनको उद्देश्य परिपूर्तीका लागि निरन्तर क्रियाशील रहँदै आउनु भएका सामाजिक अभियन्ता, कानून व्यवसायीहरु हामीले गुमाएका छौं, उहाँहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

## नेपाल बार एशोसिएशनको धारणा सार्वजनिक :-

- नेबाएद्वारा जारी धारणाहरु सचिवालय मार्फत सबैको जानकारी र पहूँचका लागि नेबाएको वेभ साईड, सूचना पाटीमा टाँस गरी सम्पूर्ण बार एकाई र आम सञ्चार माध्यमहरुमा इमेलमार्फत पठाइने गरेको ब्यहोरा सवैको जानकारीको लागि अनुरोध गर्दछौं । सामाजिक सञ्जालमा नेबाएको आफ्नै (नेपाल बार एशोसिएशन/Nepal Bar Association) नामक फेसबुक पेजमार्फत सूचना प्रवाह गरिँदै आएको छ । नेपाल बार एशोसिएशनले समय-समयमा प्रकाशित गर्ने आफ्ना यस्ता धारणहरुप्रति आफ्नो अमूल्य सुझाव र सल्लाहहरु उचित विधि र प्रक्रिया अवलम्वन गरी समयमै उपलब्ध गराउने सदस्य कानून व्यावसायीहरुका सुझाव सल्लाहको नेपाल बार एशोसिएशन सदैव अपेक्षा गर्दै नेवाएको स्थापनाकालदेखि हालसम्म बारको मान, मर्यादा, ईज्जत, प्रतिष्ठा कायम राख्न विभिन्न आरोह, अवरोह पार गरी समृद्ध, सक्षम बारको परिकल्पना गर्दै यो स्थितिमा पुऱ्याउन सहयोग गर्नका लागि सम्पूर्ण कार्यसमिति परिवार, सम्पूर्ण अग्रज कानून व्यवसायी, सम्पूर्ण बार इकाईका अध्यक्ष, सचिव र सम्पूर्ण कानून व्यवसायी विद्धान, विदुषीहरु, यस बार एशोसिएशनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु भएका विभिन्न तह र तप्कामा रहनु भएका सम्माननीय, माननीय, विशिष्ट व्यक्तित्वहरु, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ संघ संस्थाहरु गैरसरकारी संस्थाहरु, आमसञ्चार माध्यमका मित्रहरु लगायत नेवाए कर्मचारी एवं सम्पूर्ण मित्रहरु, नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधीवक्ताको कार्यालय, सर्वोच्च अदालत, उच्च अदालत, विशेष अदालत, जिल्ला अदालत, **UNDP/A2J, JICA, ICJ, CLDP-USA,** पुरक एशिया समेतका निकायहरुप्रति नेवाए हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

  अन्त्यमा, नेपाल बार एशोसिएशनको मिति २०८१ माघ १७ मा सम्पन्न केन्द्रीय कार्यसमितिको बैठककले निर्णय गरेअनुसार नेबाएको विधान, २०४८ (संशोधन सहित) को दफा २६ (१) र दफा ४५ तथा नेबाएको विनियम, २०४९ को नियम १३ र १४ बमोजिम नेबाएको सत्ताइसौं केन्द्रीय कार्यसमितिको निर्वाचन मिति २०८१ चैत २३ मा स्वच्छ, निष्पक्ष एवम् विवादरहित रुपमा सम्पन्न गर्नका लागि प्रमुख निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री रामकृष्ण निरालाज्यू, निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री तारा बहादुर सिटौलाज्यू, वरिष्ठ अधिवक्ता श्री तेजनाथ धममलाज्यू, निर्वाचन अधिकृत श्री सेवन्तराज निरौलाज्यू, निर्वाचन अधिकृत श्री चन्द्र बहादुर शाहीज्यूप्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछौं ।

**नव वर्ष २०८२ ले न्यायपालिकाको पुनर्संरचनाका लागि महत्वपूर्ण परिणाम दिलाउने भूमिकाको अपेक्षा गरिएको छ । न्यायपालिकाको पुनर्संरचना सहित सक्षम कानून व्यवसायी र मर्यादित बार बनाउनका लागि समेत उल्लेख्य रुपमा सफलता प्राप्त हुने विश्वास लिँदै सम्पूर्णमा सुस्वास्थ्य, दीर्घायू, उत्तरोत्तर प्रगती तथा शान्ति र सम्वृद्धिको शुभकामना व्यक्त गर्दै नव निर्वाचित २७ औं कार्यसमितिलाई नेबाएको उद्देश्य परिपूर्तीका लागि पूर्ण सफलता प्राप्त होस भन्ने कामना समेत व्यक्त गर्दछौं ।**

हार्दिक धन्यबाद सहित,



अधिवक्ता अन्जिता खनाल
महासचिव

सम्बत् २०८२ वैशाख ६ गते
काठमाडौं ।